
# बौद्ध तीर्थयात्रा

## नालन्दादेखि लुम्बिनीसम्म



घनश्याम राजकर्णिकार

Dhamma.Digital
Downloaded from http://www.dhamma.digital

# बौद्ध तीर्थयात्रा

## नालन्दादेखि लुम्बिनीसम्म

(नियात्रा सङ्ग्रह)

घनश्याम राजकर्णिकार

Dhamma.Digital

प्रकाशक

डिकुरा पब्लिकेसन प्रा. लि.

बागबजार, काठमाडौं, पोस्ट बक्स : २१७३२

फोन : ०१-४२४१६८९, ९८४१४५२६०६

E-mail:dikurapublication@gmail.com

Visit: www.dikura.com

Join us : http://www.facebook.com/dikurapublication

Downloaded from http://www.dhamma.digital

# बौद्ध तीर्थयात्रा : नालन्दादेखि लुम्बिनीसम्म

विधा : नियात्रा
लेखक : घनश्याम राजकर्णिकार
संस्करण : तेस्रो, २०७०
सर्वाधिकार : लेखकमा
प्रकाशक : जनमत प्रकाशनवाट प्रथम पटक, २०६०
हृदयषा, ओजस्, आश्रय ताम्राकारबाट
दोस्रो पटक, २०६१
डीकुरा पब्लिकेशनबाट तेस्रो पटक, २०७०
आवरण सज्जा : महेन्द्र श्रेष्ठ
कम्प्युटर : पीस जोन कम्प्युटर सपोर्ट
मुद्रण : सुभाष प्रिन्टिङ्ग प्रेस, ललितपुर
मूल्य : १६०।-

Dhamma.Digital

**BOUDHA TIRTHAYATRA : NALANDA DEKHI LUMBINI SAMMA**

TRAVEL ACCOUNTS BY GHANA SHYAM RAJKARNIKAR

ISBN : 99933-657-8-5

Downloaded from http://www.dhamma.digital

# सादर समर्पण



जीवन-जगत्लाई बुझी अन्तरात्मा विकास गर्न प्रेरणा
दिनुहुने महामना शान्तिनायक भगवान् बुद्धको
चरण कमलमा सादर वन्दना गर्दछु।

*-लेखक*

Downloaded from http://www.dhamma.digital

# भूमिका

आधुनिक नेपाली यात्रा साहित्यको ऐतिहासिक विकास क्रमको तेस्रो चरण (सं. २०२५ उपरान्त) मा आएर मात्र घनश्याम राजकर्णिकार (सं. १९९८-) देखा परेको पाईन्छ। समग्र इतिहास हेर्दा के देखिन्छ भने यस चरणमा नेपाली यात्रा-साहित्यमा आधुनिक संचेतना निकै सशक्त रूपमा व्यक्त भयो। यसका कारणहरू खोज्दा (१) पर्यटनतर्फ नेपालीहरू आकर्षित हुनु, (२) ज्ञानार्जनका लागि देशवाहिरसमेत जान थाल्नु, (३) पूर्व-पश्चिम राजमार्गले नेपालीहरूको गतिशीलतामा वृद्धि गरिदिनु, (४) अन्तर्राष्ट्रिय हवाई सम्वन्ध तथा आम संचार व्यवस्थाको विस्तारले विश्वयात्राको ढोका खुल्नु, (५) असंलग्न परराष्ट्र नीतिले गर्दा विश्वसम्वन्ध वलियो वनी प्रवुद्ध नेपाली नागरिकहरूले देशवाहिर जाने अवसर प्राप्त गर्नुजस्ता तथ्यहरूलाई लिन सकिन्छ। यिनै कारणहरूले गर्दा यस चरणमा विषयगत विविधता, कलात्मक परिष्कार, विधागत उन्मुक्तताजस्ता विशेषताहरू नेपाली यात्रा-साहित्यमा देखा परेको पाईन्छ। यस चरणमा नेपाली लेखकहरूले स्वदेशी सांस्कृतिक गरिमा र ऐतिहासिक महत्तालाई उजिल्याउने उद्देश्यले विभिन्न दृष्टिकोणहरू प्रस्तुत गरेका छन्। विदेश यात्राको सन्दर्भलाईसमेत लेखकहरूले दृश्य र घटनाको कलात्मक तथा वस्तुपरक आयामलाई ध्यानमा राखेर आफू नेपाली हुनुको राष्ट्रिय भावना र अनुभूति व्यक्त गरेका छन्। यसै महत्वपूर्ण चरणका एक कुशल यात्रा-साहित्यकार हुन् घनश्याम राजकर्णिकार। वौद्धिक उत्प्रेरणावश स्थानविशेषको यात्रावाट प्राप्त अनुभव र अनुभूतिलाई तथ्यपरक वनाएर इमान्दारीपूर्वक लिपिवद्ध गर्ने क्षमता हामी उनमा पाउँदछौं।

घनश्याम राजकर्णिकार अत्यन्त लोकप्रिय यात्रा-साहित्यकार हुन् भन्ने कुरा उनको **विदेशको यात्रा : स्वदेशको सम्झना** (२०३७) नामक कृति नेपालीमा 'वेष्ट सेलर' भएवाट प्रमाणित हुन्छ। यात्रा-संस्मरणलाई रोचक तथा स्तरीय तुल्याउन सक्ने सीप तथा प्रतिभा उनमा छ। उनी सरल र सहज अथवा औसत नेपाली पाठकवर्गसँग आत्मीयताका साथ सम्प्रेषित हुनसक्ने मीठो

Downloaded from http://www.dhamma.digital

नेपाली भापाका माध्यमवाट जव आफ्नो विदेशयात्राको वृतान्त सुनाउन थाल्दछन्, हामी आनन्दमग्न हुन पुग्दछौं, मानसिक सन्तुप्टि लिन थाल्दछौं र सहअनुभूति भएको अनुभव गर्न थाल्दछौं । वास्तवमा उनी पाठकवर्गको चाहना र मनोविज्ञानअनुसार आफूले गरेको यात्रावाट शावश्यक घटना र दृश्यहरूको चयन गर्दछन् र आनुपातिक रूपमा कहिले भावना र भावुकताको रङ तिनमा हालिदिन्छन् भने कहिले चाहिँ बौद्धिकताको स्पर्श दिएर गहन वा वजनदार वनाइदिन्छन् । आफ्नो पुस्तकीय ज्ञानलाई यात्रा-संस्मरणको शिल्पविधानभित्र राख्न सक्ने चतुरता उनमा छ । तर यति भएर पनि उनी आफू यात्रा-साहित्यकार हुनुको सीमा नाघेर वढी पण्डित्याइँ देखाउने धृप्टता कदापि गर्दैनन् । साहित्यकार हुनुको कलात्मक सचेतता उनमा छ । जहाँ-जहाँ उनी पुग्दछन्, ती ठाउँ विशेपका मानिसहरूको जीवनशैली, व्यवहार तथा आचार, प्रगति आदिका वारेमा उनी चासो राख्दछन् । यति भएर पनि कहीँ पनि उनी कोरा वर्णनकारजस्ता लाग्दैनन्, किनभने उनी सदैव यात्रा-साहित्यकार हुनुको मर्यादाभित्र वस्दछन् । स्वदेश वा विदेश जहाँसुकैको यात्रा गरे पनि उनले आफूलाई नेपाली राप्ट्रियता वा देशप्रेमप्रति उनको अगाध मोह छ । यही हैसियतले गर्दा उनी अत्यन्त सूचनाप्रद, रमणीय र रोचक यात्राका चित्रवत् सम्झनाहरू सुनाउने लेखकका रूपमा नेपाली पाठकबीच लोकप्रिय बन्न सकेका हुन् ।

***विदेशको यात्रा : स्वदेशको सम्झना*** कृतिका अतिरिक्त ***देश-प्रदेशको भ्रमण : केही संस्मरण (२०४३)*** कृति मात्र होइन, यात्रा-संस्मरणसम्वन्धी अरू पनि फुटकर कृतिहरू छपाएर घनश्याम राजकर्णिकारले यस विधातर्फ आफ्नो उत्साह र समर्पणलाई पूरै लगाएका छन् । पुनः उनको अर्को कृति ***बौद्ध तीर्थयात्रा : नालन्दादेखि लुम्बिनीसम्म*** प्रकाशित हुनु ज्यादै हर्पको कुरो हो । यो उनको आफ्नै प्रकारको मौलिक साँस्कृतिक यात्रा-संस्मरणको कृति हो जसले उनीभित्रको साहित्यिक चेतनालाई अझ सुन्दर रूपमा प्रकाशित गरेको छ । पुस्तकको शीर्पकले नै विपयवस्तुवारे स्पप्ट पार्दछ - यसमा भारत र नेपालका मुख्य मुख्य वौद्ध तीर्थस्थलहरूका यात्रा-सन्दर्भहरू लिपिवद्ध गरिएको छ । यसमा लेखकले जम्मा एक हप्ताको यात्रानुभवलाई वडो प्रौढ शैलीमा विद्वतापूर्वक

Downloaded from http://www.dhamma.digital

प्रस्तुत गरेका छन् । क्रमशः भारतका नालन्दा, राजगिर, बोधगया, सारनाथ र कुशीनगर तथा नेपालको लुम्बिनीजस्ता प्रमुख बौद्ध तीर्थस्थलहरूको भ्रमण गरी लेखकले प्रत्यक्ष रूपले अवलोकन गरेका ती-ती सांस्कृतिक महत्वका ठाउँहरू र ती ठाउँहरूबारे आफूले हासिल गरेका ज्ञानका कुराहरूलाई यात्रा-संस्मरणको शैलीमा प्रस्तुत गर्न सक्नु नै यस कृतिमा लेखकको विशेषता झल्किएको पाइन्छ । लेखकको पारिवारिक यात्रा पूर्वनिर्धारित योजनाअनुसार सोद्देश्यमूलक भएको हुँदा यस पुस्तकमा तद्नुरूप लेखक एउटै विषयमा केन्द्रित हुनु स्वभाविकै हो - वास्तवमा यही नै यस कृतिको उपलब्धि पनि हो ।

घनश्याम राजकर्णिकारद्वारा लिखित यो कृति पढेर बुद्धको जीवनीबारे मूलभूत कुराहरू धेरै नै जान्न सकिन्छ । बुद्धको जन्म, उहाँको आदर्शहरू तथा दृष्टिकोण, उहाँको प्रभाव, उहाँको सामाजिक, नैतिक, धार्मिक आदि मान्यता, उहाँको व्यापकता मृत्यु आदिका बारेमा यस पुस्तकले पाठकलाई राम्रो ज्ञान दिन्छ । लेखक जुन-जुन ठाउँमा पुग्दछन्, ती-ती ठाउँहरूसँग सम्बन्धित पौराणिक कथांशहरू दिँदै जान्छन् जसले गर्दा यो पुस्तक एक प्रकारले बुद्धसँग सम्बन्धित पौराणिक आख्यानहरूको सङ्ग्रहजस्तो हुन पुगेको छ । तर वास्तवमा यात्रा-संस्मरणको शैलीलाई लेखकले पूर्ण सचेतताका साथ यसमा निर्वाह गरेको हुँदा यथास्थान साहित्यिक कलात्मकता देखिन गएको पाइन्छ । कथांशहरू सान्दर्भिक भएर मात्र होइन दिक् र काल (Space & Time) सँग पनि सान्दर्भिक भएकाले कहीँ कतै आख्यानात्मकताको गुण झल्कन्छ जसलाई यस कृतिको विशेषता मान्न सकिन्छ । पढ्दै जाँदा कतिपय ठाउँहरूमा लेखकको विद्वत्ताले किच्न खेजे-खोजेझैं अथवा लेखकको पाण्डित्य प्रदर्शन भए झैं लागेको अनुभव हुन्छ, तर वास्तवमा यस कृतिमा लेखकको उद्देश्य नै बौद्ध तीर्थयात्राको अनुभवलाई लिपिबद्ध गर्नु भएको हुँदा कहीँ कतै यस्तो अनुभव हुनुलाई अस्वाभाविक मान्न सकिन्न । जे होस्, बुद्धसम्बन्धी सांस्कृतिक वा पुरातात्विक ज्ञान दिन सफल यो कृति नेपाली यात्रा-साहित्यको एक उपलब्धि बन्न सकेको छ ।

अन्तमा, सिद्धहस्त यात्रा-साहित्यकार घनश्याम राजकर्णिकारलाई म हार्दिक बधाई दिन चाहन्छु । अन्य कृतिहरूझैं यस कृतिबाट पनि लेखकले

Downloaded from http://www.dhamma.digital

आफ्ना पाठकहरूसँग अन्तरङ्ग आत्मीय सम्वन्ध स्थापना गर्न सकेका छन् । ठाउँ-ठाउँका साहित्यिक आत्मप्रकाशनले पौराणिक तथ्यलाई अझ आकर्षक वनाएको छ । आद्यान्त लेखकको सक्रिय उपस्थिति र अभिव्यक्ति क्षमताको कुशलताले यस कृतिलाई स्तरीय वनाएको छ । भूमिका लेख्ने सुअवसर पाएकोमा कृतकृत्य छु ।

**- डा. दयाराम श्रेष्ठ**
**प्रमुख, नेपाली केन्द्रीय विभाग**
**त्रिभुवन विश्वविद्यालय**
कीर्तिपुर, काठमाडौं ।

वुद्ध जयन्ती, २०६०

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# बौद्ध तीर्थयात्राबारे प्रथम नियात्रात्मक कृति

*- प्रा.डा. कृष्णप्रसाद दाहाल*

नेपाली यात्रा साहित्यका विशिष्ट सर्जक घनश्याम राजकर्णिकारको **बौद्ध तीर्थयात्रा : नालन्दादेखि लुम्बिनीसम्म** धार्मिक नियात्रात्मक कृति हो । यो नियात्रा कृति बुद्ध र बुद्धधर्म सम्वन्धी जिज्ञासाहरूवारे केही हदसम्म समाधान गर्न समर्थ भएको छ । २०५८ साल चैत्र १३ गतेदेखि १९ गतेसम्म जम्मा सात दिन भ्रमण गरिएका स्थानहरूका वारेमा प्रकाश पार्ने कार्य यहाँ गरिएको छ । राजकर्णिकार दम्पती आफ्ना वैनी, ज्वाइँ (मुनू र नारायण गोविन्द) सहित भएर भारतको पटना, नालन्दा, राजगिर, बोधगया, सारनाथ, कुशीनगर र नेपालको लुम्बिनी भ्रमणमा गएका थिए । भगवान् बुद्धले आफ्नो कीर्ति पताका फहराएका स्थानहरूको दर्शन, अवलोकन र ऐतिहासिक तथ्यहरूको सूक्ष्मातिसूक्ष्म किसिमले पर्गेल्ने कार्य यहाँ गरिएको छ । बुद्धसम्बन्धी आख्यानलाई रोचक किसिमले प्रस्तुत गर्न राजकर्णिकार कतै पनि पछि परेका छैनन् । बुद्धसम्वन्धी पुरातात्त्विक वस्तुहरूको परिचय दिनुका साथै नियात्राकारले ती वस्तुसित सम्वन्धित महत्त्वपूर्ण फोटाहरू पनि यस सङ्ग्रहभित्र सजाएका छन् ।

जनमत प्रकाशनबाट २०६० सालमा प्रथम पटक प्रकाशित भएको **बौद्ध तीर्थयात्रा : नालन्दादेखि लुम्बिनीसम्म** यो नियात्रा कृतिको दोस्रो संस्करण घनश्याम राजकर्णिकारका नातिनातिनाहरूले २०६१ मा प्रकाशित गरेका थिए । २०७० सालमा डीकुरा पब्लिकेशनवाट हाल तेस्रो संस्करणका रूपमा यो नियात्रा कृति आएको छ ।

सातओटा मुख्य शीर्षकहरूमा यो नियात्रा सङ्ग्रह सु-सम्पन्न भएको छ । यात्रारम्भ शीर्षकभित्र यात्राको चाँजोपाँजो कसरी तय गरिएको थियो भन्ने बारे प्रकाशन पारिएको छ । वौद्ध तीर्थयात्रासित सम्वन्धित क्रमिक रूपमा परिचय दिने काम **नालन्दा** शीर्षकदेखि गरिएको छ । नालन्दा प्रसिद्ध वौद्ध ज्ञान अभिवृद्धि गराउने शिक्षाको केन्द्र हो । **राजगिर** बुद्धलाई मन पर्ने सहर हो भनी स्पष्ट पारिएको छ । **बोधगया** भगवान् वुद्धले वोधिज्ञान प्राप्त गरेको ठाउँ हो । **सारनाथ**मा पहिलो पटक भगवान् बुद्धले उपदेश दिनु भएको थियो । **कुशीनगर** भगवान् बुद्धले परिनिर्वाण प्राप्त गरेको स्थान हो । नियात्राको अन्त्यमा **लुम्बिनी**को परिचय दिइएको छ । लुम्बनी बुद्धको जन्मस्थल हो । यसरी नियात्राकार घनश्याम राजकर्णिकारले भगवान् बुद्ध

Downloaded from http://www.dhamma.digital

सम्वन्धी महत्त्वपूर्ण सूचना प्रवाह गर्ने काम यस नियात्रा सङ्ग्रहभित्र गरेका छन् ।

नियात्राकार घनश्याम राजकर्णिकारले यस नियात्रा सङ्ग्रहभित्र बुद्ध धर्म र दर्शनसित सम्बन्धित अनेकौं रोचक प्रसङ्गलाई कलात्मक किसिमले सजाएका छन् । वुद्धधर्म र दर्शनसित सम्वन्धित तथ्यलाई शीर्षक - उपशीर्षकमा विभाजन गरेर नियात्राकारले प्रत्येक सामग्रीलाई व्यवस्थित तुल्याएका छन् । पौराणिक, ऐतिहासिक र सांस्कृतिक विषयहरूको उत्खनन् गर्दै बुद्धदेवको व्यक्तित्त्वको दिग्दर्शन गराउनु नै नियात्राकारको अभीष्ट हो । यात्राका क्रममा प्राप्त भएका विवरणलाई आफूले प्राप्त गरेको अध्ययन र अनुभवलाई अनुसन्धानको कसी लगाएर बुद्धधर्म सम्बन्धी सन्तुष्टिको निश्वास फेर्ने कार्य राजकर्णिकारले यस नियात्रा सङ्ग्रहमा गरेका छन् । राजकर्णिकारको वुद्धधर्मप्रतिको आफ्नो आस्था र विश्वासको जिउँदो अभिलेखका रूपमा **बौद्ध तीर्थयात्रा : नालन्दादेखि लुम्बनीसम्म** नियात्रात्मक कृति हो भन्दा कुनै अत्युक्ति हुने छैन । नियात्रालाई काव्यात्मक र आख्यानात्मक जलप लगाइएको हुँदा प्रत्येक नियात्रा पढ्दा कतै पनि पाठकले हाई काड्नु पर्ने अवस्था आउँदैन । मूलतः सरल भाषा शैलीको आयोजना गर्दै तथ्यपरक सामग्रीको व्यवस्थापन गर्न राजकर्णिकारको नियात्राकार अब्बल देखिन्छ । यो नियात्रा सङ्ग्रह बुद्धधर्म र दर्शनको खोज अन्वेषण गर्नेहरूका लागि थप सामग्री साबित हुने देखिन्छ । यिनै कुराहरू नै यस नियात्रात्मक कृतिका प्राप्ति हुन् ।

अत्यमा, बुद्ध र वुद्ध धर्म-दर्शनसित सम्बन्धित यावत् महत्त्वपूर्ण सामग्रीहरूलाई नियात्रात्मक बान्कीद्वारा सजाउन नियात्राकार राजकर्णिकार एकदमै सफल भएका छन् । नेपाली नियात्रा परम्परामा **बौद्ध तीर्थ यात्रा : नालन्दादेखि लुम्बनीसम्म** बौद्ध तीर्थयात्राबारे लेखिएको प्रथम नियात्रात्मक कृति हो । यस किसिमको नियात्रात्मक कृतिको नेपाली साहित्यमा अभाव खट्किरहेको थियो । त्यसको पूर्ति गर्ने कार्य राजकर्णिकारले गरेका छन् । एकातिर यस कृतिले नियात्रात्मक परिकारमा मीठो स्वाद प्रदान गरेको छ भने अर्कातिर बुद्ध धर्म र दर्शनसित सम्बन्धित नयाँ-नयाँ तथ्य प्रदान गरेको छ । तसर्थ यो नियात्रात्मक कृति अनुकरणीय र सङ्ग्रहणीय बन्न पुगेको छ । नियात्राकारमा हार्दिक बधाईका साथै उत्तरोत्तर प्रगतिको कामना गर्दै यो आलेख यही अन्त्य गर्दछु ।

२०७०/६/१९ घटस्थापना पाटन संयुक्त क्याम्पस, ललितपुर

Downloaded from http://www.dhamma.digital

# पहिलो संस्करणको प्रकाशकीय

## यात्रावृत्तभित्र घनश्याम राजकर्णिकारलाई नियाल्दा

घनश्याम राजकर्णिकार यात्रावृत्तको साहित्यक क्षितिजमा एउटा उल्लेख्य सजीव नाम हो । धेरै मान्छेहरू आफ्नो सम्पन्नतामा मख्ख पर्छन्, भौतिक प्रवलतामा आफूलाई सम्भ्रान्त सम्झन्छन् र जीवन-जगत्‌मा आफ्नो उदयलाई सार्थक र सफल भयो भनी मस्त हुन्छन् । तर थोरै मात्र मान्छेहरू भौतिक सुखसयललाई एकातिर पन्छ्याएर सानो रूपको वृद्ध हुन कठिनतम प्रयास गर्छन् । समाजमा केही गरेर वा साहित्यिक चिन्तनहरू लिपिवद्ध गरेर अथवा केही गर्नेलाई केही न केही सहयोग गरेर बाँच्न खोज्नेहरू जो जस्तै हुन् केही नगर्नेहरूभन्दा निकै महान् हुन्छन् । उनीहरूलाई हामीले रूचाइदिनुपर्छ । घनश्याम राजकर्णिकार पनि यस्तै केही गर्न खोज्ने, सिर्जना हुकाउन चाहने एकजना सिर्जनाधर्मी सुन्दर मान्छेकै कोटीमा रखेर मूल्याङ्कन गर्न सकिने नाम हो ।

उद्योग व्यवसायमा संलग्न हुनुभएर पनि साहित्य सिर्जना र सेवामा आफूले सक्दो योगदान पुऱ्याउँदै आउनुभएका घनश्याम राजकर्णिकार साहित्यमा नयाँ किसिमको सिर्जना र क्रियाकलाप रूचाउनुहुन्छ । उहाँका निवन्धहरू तथा यात्रा-वृत्तान्तहरू निकै रोचक र वोधगम्य छन् । सरल ढङ्गले आफ्ना अनुभूति पोख्न सिपालु उहाँले आफ्नो यात्रा-साहित्यमा विदेशको वर्णन रमाइलो ढङ्गले पोख्नुभएको छ । निवन्ध तथा संस्मरणहरूमा जिज्ञासापूर्ण भावसंयोग, भावपूर्ण तार्किकता, रोचक विपयवस्तुको प्रस्तुति र जीवन्तता रहेको पाइन्छ । भापा सरल हुनु, शैलीमा रमणीयता रहनु, अभिव्यक्तिमा गहनता लुक्नु नै उहाँको लेखनशैलीको विशेपता हो ।

आफूले प्रत्यक्ष देखेभोगेका तथा अनुभूत गरेका कुराहरूलाई सजग, सरल तथा यथार्थपरक रूपमा पाठकसमक्ष प्रस्तुत गर्न घनश्याम राजकर्णिकार दक्ष हुनुहुन्छ । उहाँका यात्रावृत्तान्तहरूमा शिल्प र कलाको समन्वय गम्भी

Downloaded from http://www.dhamma.digital

ढङ्गले भएको देखिन्छ । कुनै पनि लेखकले समाज र देशलाई कल्पनाको संसारमा पाठकलाई नडोहोऱ्याएर वास्तविक जीवनसँग साक्षात्कार गराइदिनुपर्छ। यही कटु सत्यलाई उहाँले आफ्नो यात्रा-साहित्यमा समेट्न खोज्नुभएको छ। यस्तै खालका सिर्जना नै उहाँको मौलिक पहिचान र विशेषता पनि हुन् ।

आधुनिक यात्रा-साहित्यको एउटा कुशल शिल्पी घनश्याम राजकर्णिकारद्वारा लिखित उहाँको नयाँ कृति **बौद्ध तीर्थयात्रा : नालन्दादेखि लुम्बिनीसम्म**को प्रकाशन जनमत प्रकाशन तर्फबाट गर्न पाउँदा खुसी लागेको छ । नेपाली यात्रा साहित्यमा एउटा विशेष उपलब्धि ओगट्न सफल हुने आशा एवं विश्वास गरिएको यो कृति बौद्ध तीर्थयात्रा सम्बन्धमा नेपाली भाषामा लेखिएको शायद प्रथम यात्रा संस्मरण हो ।

Dhamma.Digital

अन्तमा, प्रकाशनतर्फबाट वरिष्ठ यात्रा-साहित्यकार घनश्याम राजकर्णिकारलाई म हार्दिक बधाई दिन चाहन्छु ।

बुद्ध जयन्ती, २०६०

**मोहन दुवाल**
जनमत प्रकाशन

Downloaded from http://www.dhamma.digital

# दोस्रो संस्करणको प्रकाशकीय

## हामीलाई साह्रै हर्ष लागेको छ

हाम्रो हजुरबा घनश्याम राजकर्णिकारले लेख्नुभएको **बौद्ध तीर्थयात्रा : नालन्दादेखि लुम्बिनीसम्म** नियात्रा पुस्तक एक वर्षमा नै सकिएको हुँदा यसलाई दोस्रो संस्करण गर्न जनमत प्रकाशनले हामीलाई स्वीकृति दिएकोले सम्वन्धित प्रकाशनलाई धन्यवाद ज्ञापन गर्दछौं ।

हाम्रो हजुरबा घनश्याम राजकर्णिकारको उक्त लोकप्रिय पुस्तकको दोस्रो संस्करण यसरी हामीले प्रकाशित गर्न पाउँदा हामीलाई साह्रै हर्ष लागेको छ ।

प्रकाशकहरू

**हृदयेषा ताम्राकार**, ताहाचल, काठमाडौं

**ओजस् ताम्राकार**, दरबार स्क्वायर, भक्तपुर

**आश्रय ताम्राकार**, दरबार स्क्वायर, भक्तपुर

प्रजातन्त्र दिवस, २०६१

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# तेस्रो संस्करणको प्रकाशकीय

## यो कृति पृथक छ

*- पुण्यप्रसाद प्रसाई*

घनश्याम राजकर्णिकारको नियात्रा साहित्य नेपाली पाठकहरुवाट सर्वाधिक रुचाइएको छ। यसभन्दा अघि डिकुरा पब्लिकेसनबाट प्रकाशित **यात्रा अमेरिकाको : माया नेपालको** यसको ज्वलन्त उदारण हो।

नियात्राकार घनश्याम राजकर्णिकारको यो पुस्तकले भगवान् बुद्ध र उहाँका जीवनसँग सम्बन्धित स्थानको महत्त्व दर्शाउने छ। यो पुस्तक किन पनि महत्त्वपूर्ण छ भने यसले बुद्धका जीवनसँग सम्बन्धित विविध स्थानबारे हामीलाई जानकारी गराउने मात्र नभएर बुद्धका सम्बन्धमा अति नै महत्त्वका कुराको समेत अवगत गराउँछ। यो कृति बुद्धको जन्मस्थल लुम्बिनीलाई बुद्धिष्टहरूले एकपटक नपुगी नहुने पवित्र तीर्थस्थलमा परिणत गर्नका लागि आवश्यक योजनाहरू समेत प्रस्तुत भएकाले केवल पाठकका लागि मात्र नभएर योजनाकारका लागि समेत उपयोगी साबित हुनेछ।

वुद्ध हाम्रा मात्र होइन यो ब्रह्माण्डकै गौरव हुन्। एउटा मानिस कतिसम्म माथि उठ्न सक्छ त्यसको ज्वलन्त प्रमाण हुन् बुद्ध। बुद्धको अर्थ हो परम सत्यको साक्षात्कार गर्ने, वोधि या बुद्धत्व अर्थात् उच्चतम् ज्ञान प्राप्त गर्नु। बुद्ध एक यस्ता मानिस हुन् जसले समस्त ज्ञेय पदार्थलाई बुझे, परम सत्यको साक्षात्कार गरेर स्वयं शुद्ध एवं विमुक्त रहे अर्थात् एउटा पूर्ण स्वतन्त्र मानिस जो बुद्ध कहलाउँछ। बुद्ध यो कुनै व्यक्तिको जातिगत या वंशगत नाम होइन, बरु एक विशिष्ट उपलब्धि विषयक नाम हो।

वुद्ध धर्म पूर्णरूपेण वैज्ञानिक धर्म हो। यो भन्दा वैज्ञानिक धर्म अर्को छैन, यस धरामा। यसमा रुढिवाद र अन्धविश्वासका लागि कुनै स्थान छैन। जुन रुढिवाद वुद्ध धर्ममा छिराइयो त्यो बुद्धको दर्शन विपरीत थियो। आजका वैज्ञानिक समेत वुद्धको दर्शनलाई नकार्न सक्दैनन्। बुद्ध धर्ममा एउटा कुरा पनि त्यस्तो छैन जुन तर्क र अनुभवको परीक्षणमा खरो नउत्रियोस्। भगवान् वुद्धलाई मानव इतिहासको सवैभन्दा ठूलो वैज्ञानिक भनिन्छ। उहाँले सधैं आफ्ना अनुयायीलाई वैज्ञानिक दृष्टिकोण अपनाउने शिक्षा दिँदै आउनु भएको थियो।

वुद्धको शिक्षा उनको आफ्नो प्रत्यक्ष अनुभवको परिणाम हो। बुद्ध कुनै पनि कुरालाई आँखा चिम्लेर मान्ने कुरा अस्वीकार गर्थे। बुद्ध भन्छन्, म स्पष्ट गर्न चाहन्छु मेरो शिक्षा ध्रुवसत्यको अनुभूति गर्ने एक पद्धति हो

Downloaded from http://www.dhamma.digital

स्वयंमा एक ध्रुव सत्य हैन । केही मानिसलाई भ्रम छ बुद्धले केवल अहिंसाको कुरा गरे । त्यस्तो भने हैन । भगवान् बुद्धले मानव जीवन र उसको छेउछाउको वातावरणसँग सम्वन्धित हर पक्षको विवेचन गरे र उपदेश दिए । बुद्धको विचारको प्रासंगिकता पहिलाभन्दा पनि अहिले धेरै छ । पाली सुत्त (सूत्र) अनुसार वुद्धले कहिल्यै त्यो सर्वज्ञताको दावा गरेनन् जसलाई उनका शिष्य र अनुयायीले उनीसँग जोडी राखेका छन्: 'हे वच्छ, जो मानिसले तिमीसँग मुनि गौतम सर्वज्ञानी र सर्वदर्शी हुन् तथा पूर्वानुमान र ज्ञानको अनन्त शक्तिका स्वामी भएको दावा गर्छन् र यिनी भन्छन् गति र अगति, जागृति या सुषुप्तिमा सर्वदा सर्वज्ञताको शक्ति ममा निहित छ, ती मानिस त्यो कुरा बताउँदैनन् जुन मैले भनेको छु, ती मानिस समस्त सत्यको विपरीत ममाथि दोषारोपण गर्छन् । मज्झिम निकाय, खण्ड एक, पृ (४८२)

एक ग्रन्थ अनुसार बुद्ध मानवमा श्रेष्ठ मात्र छन्, उनी त्यति नै अभिन्न छन् जति एउटा कुखुराबाट उत्पन्न भएको चल्ला उसैको अगाडि जन्म लिने चल्ला भन्दा अभिन्न हुन्छ । ज्ञानले उनलाई अस्तित्वको एक भिन्न स्तरसम्म पुऱ्याइदियो किनकि विभेदीकरणको सिद्धान्त चेतनाको गहिराइमा निहित हुन्छ । यो त्यो ज्ञान हो जुन प्राप्त गर्ने तरिका फरक छ ।

एक यस्ता मानिसको जीवन र उपदेशको आज के प्रासंगिकता छ जसको मृत्यु पच्चीस सय वर्षभन्दा पहिला नै भैसकेको थियो ? त्यही कुरा वताउने छ घनश्याम राजकर्णिकारको यो **बौद्ध तीर्थायात्रा : नालन्दादेखि लुम्बिनीसम्म** नियात्रा सङ्ग्रहले । आत्मस्थ शैलीमा लेखिएको यस कृतिले वौद्धसंसारको वारेमा हामीलाई सुसूचित गराउने मात्र छैन, सांस्कृतिक परिचय समेत गराउने छ । यो कृतिले आजका नेपाली पुस्तालाई बुद्धका वारेमा निकै कुरा अवगत गराउने छ । पाठक यो कृति पढेर संवेदित त हुने नै छन्, आह्लादित र रोमाञ्चित समेत हुनेछन् । यो कृति पृथक् छ र यस पृथक्ताका लागि घनश्याम राजकर्णिकार धन्यवादका पात्र छन् ।

**prasaipunya@gmail.com**

Downloaded from http://www.dhamma.digital

# प्राक्कथन

यात्रा-साहित्य एउटा यस्तो साहित्यिक विधा हो जसमा कुनै ठाउँको यात्रा-सिलसिलामा देखेका तथ्यहरूलाई टिपोट गर्दै त्यससम्वन्धी आफ्नो अनुभव र अनुभूतिलाई रोचक ढङ्गले आत्मपरक शैलीमा प्रतिक्रियासहित प्रस्तुत गरिएको हुन्छ । यसउसले यात्रा गर्दा देखेका दृश्यको वर्णन र भोगेका घटनाको विवेचनालाई मात्र यात्रा-साहित्य भन्न सकिन्न । यात्रा-वर्णनलाई साहित्यको रूपमा प्रस्तुत गर्न त्यसमा निजी अनुभूति, प्रतिक्रिया र भावनाहरू प्रस्फुटित भैरहेको हुन्छ । अन्यथा यात्रा-विवरण साहित्य नभई केवल यात्राको टिपोटमात्र हुन जान्छ ।

यात्रा-साहित्य यस कारणले एउटा वेग्लै किसिमको विधा हो । यसको स्वतन्त्र अस्तित्व हुन्छ । यसमा कवितात्मकता, नाटकीयता, कथात्मकता तथा ऐतिहासिकता हुनसक्छ तापनि यो कविता, नाटक, कथा वा इतिहास समग्ररूपले कुनै पनि होइन । त्यस्तै यसमा निजात्मक आलेख वा वस्तुगत विवरण भए पनि यो विशुद्ध निवन्ध वा प्रवन्ध होइन । यस प्रकार यसको पहिचान वा अस्तित्व छुट्टै हुन्छ ।

नेपाली साहित्यमा यात्रा-साहित्यको थालनी 'राजा गगनीराजको यात्रा' तथा 'जङ्गवहादुरको वेलायत यात्रा' वाट भएको मानिन्छ । वि.सं. २००७ सालपछिदेखि भने नेपाली यात्रा-साहित्यले विकासको गति समातेको देखिन्छ । २०३० को दशकदेखि यसले यो गतिले तीव्रता लिंदै आएको छ । यसको अतिरक्त विभिन्न पत्रपत्रिका तथा साहित्यिक पत्रिकाहरूले पनि यात्रा-संस्मरणलाई स्थान दिंदै आएकोले नेपाली यात्रा-साहित्यको भविष्य उज्ज्वल देखिन्छ ।

यात्राको क्रममा जति पनि पटक देश-विदेश भ्रमणमा गएँ ती सवैमा एक न एक उद्देश्य निहित थियो । कहिले व्यवसायको सन्दर्भमा गएँ त कहिले अध्ययनको क्रममा, अनि कहिले व्यक्तिगत घुमफिरका लागि गएँ त कहिले धार्मिक तीर्थयात्राको सिलसिलामा । तर जेसुकै भए पनि त्यस क्रममा सगालेका अनुभव र अनुभूतिहरूलाई पाठकहरूसमक्ष पुऱ्याउने लोभलाई संवरण गर्न सक्तिनथें । यही सिलसिलामा २०५८ साल चैत्र महिनामा भगवान् वुद्धसँग सम्वन्धित छिमेकी मुलुक भारतको नालन्दा, राजगिर, वोधगया, सारनाथ,

Downloaded from http://www.dhamma.digital

कुशीनगर र आफ्नै देश नेपालको लुम्बिनीमा भ्रमण गर्ने मौका पाएं। यही बौद्ध तीर्थयात्राको वारे फुर्सदमा आफ्नो अनुभूति-अनुभवहरू टिप्दै जाँदा एउटा पुस्तकको निर्माण हुन पुग्यो जसलाई **'बौद्ध तीर्थयात्रा : नालन्दादेखि लुम्बिनीसम्म'** भनी नामकरण गरी पाठकसमक्ष प्रस्तुत गर्न पाएँ। यसबाट मलाई अत्यधिक हर्ष लागेको छ।

यस किसिमको धार्मिक यात्रा-संस्मरण लेख्ता आवश्यक सरसल्लाह दिनुहुने आदरणीय प्राज्ञ माधवलाल कर्माचार्यज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु। यस पुस्तकलाई आद्योपान्त हेरी यसप्रति आफ्नो मन्तव्य लेखिदिनु भएकोमा प्राध्यापक डा. दयाराम श्रेष्ठज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। यस पुस्तकलाई प्रकाशन गरी विक्री-वितरण गर्ने सम्पूर्ण जिम्मेवारी लिनुहुने साहित्यकार मोहन दुवालज्यूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

साथै तीर्थयात्रा गर्दा तथा यसवारे लेख्ता विविध रूपले सुविधा तथा सघाउ गर्नुहुने श्री नीलकृष्ण ताम्राकार, श्री प्रवीणकुमार ताम्राकार तथा श्री सुशील श्रेष्ठलाई स्नेहपूर्वक धन्यवाद नदिई रहन सक्तिनँ। अन्तमा यात्राको सन्दर्भमा पथप्रदर्शनका साथै महत्वपूर्ण जानकारी दिनुहुने सम्वन्धित क्षेत्रका स्तरीय लाइसेन्सवाला गाइडहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

वुद्ध जयन्ती, २०६०

**घनश्याम राजकर्णिकार**
कमलपोखरी
काठमाडौं

Downloaded from http://www.dhamma.digital

# तेस्रो संस्करणका सम्बन्धमा

जनमत प्रकाशन र मेरा नातिनातिनाहरू हृदयषा ताम्राकार, ओजस् ताम्राकार र आश्रय ताम्राकारले प्रकाशनको गुरुत्वभार नउठाइदिएको भए यो कृति तेस्रो संस्करणसम्म आइपुग्ने थिएन । यसमा मेरा पाठकहरूको पनि उलेख्य माया र सद्भावना रहेको यथार्थलाई म कदापि नकार्न सक्दिनँ । अत: पहिलो र दोस्रो संस्करणसित सम्बन्धित सबैमा हार्दिक साधुवाद ज्ञापन गर्दछु । साथै मेरा बौद्ध तीर्थयात्राका सहयात्रीहरू - ज्वाइँ नारायण गोविन्द, बहिनी मुनू तथा जीवन सँगिनी शान्ताप्रति स्नेहसिक्त धन्यवाद व्यक्त गर्दछु ।

यो तेस्रो संस्करणमा मलाई उल्लेखनीय रूपमा सहयोग गर्नुहुने प्रा. डा. कृष्णप्रसाद दाहाल र डीकुरा पब्लिकेशनका प्रमुख पुण्यप्रसाद प्रसाईप्रति सस्नेह आभार प्रकट गर्दछु ।

२०७०-६-२६ घनश्याम राजकर्णिकार

महाष्टमी

Downloaded from http://www.dhamma.digital

# यसमा रहेका

**यात्रारम्भ** ------------- १

**नालन्दा**
प्रसिद्ध वौद्ध शिक्षा केन्द्र ------------- ३

**राजगिर**
वुद्धलाई मन पर्ने सहर ------------- ११

**बोधगया**
वुद्धले वोधिज्ञान प्राप्त गर्नुभएको स्थान ------------- २६

**सारनाथ**
प्रथम पटक वुद्धले उपदेश दिनुभएको स्थान ------------- ५४

**कुशीनगर**
वुद्धले परिनिर्वाण प्राप्त गर्नुभएको ठाउँ ------------- ७६

**लुम्बिनी**
वुद्धको जन्मस्थल ------------- ९३

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital




## <u>हामीले प्रयोग गरेका मार्ग</u>

| | | | | |
|---|---|---|---|---|
| काठमाडौं | - | पटना | - - - | हवाईमार्ग |
| पटना | - | नालन्दा | - - - | सडकमार्ग |
| नालन्दा | - | राजगिर | - - - | ऐजन |
| राजगिर | - | वोधगया | - - - | ऐजन |
| वोधगया | - | सारनाथ | - - - | ऐजन |
| सारनाथ | - | कुशीनगर | - - - | ऐजन |
| कुशीनगर | - | लुम्बिनी | - - - | ऐजन |
| लुम्बिनी | - | भैरवा | - - - | ऐजन |
| भैरवा | - | काठमाडौं | - - - | हवाइमार्ग |

Downloaded from http://www.dhamma.digital

# यात्रारम्भ

बौद्ध तीर्थयात्रा गर्ने सिलसिलामा मसमेत चार जनालाई काठमाडौँदेखि पटनासम्म हवाईजहाजबाट र त्यसपछि नालन्दा, राजगिर, बोधगया, सारनाथ, कुशीनगर र लुम्बिनी आदि बौद्धस्थलको एउटै प्राइभेट गाडीबाट घुमाइदिने अनि भैरहवाबाट काठमाडौँसम्म फेरि हवाईजहाजबाट फिर्ती ल्याइदिने सातदिने छोटो कार्यक्रमको रूपरेखा 'नटराज टुर्स एन्ड ट्राभल्स्' ले बनाइदियो । सो कार्यक्रमअनुसार विभिन्न तीर्थस्थलमा बास बस्न आरामदायी होटलहरूको व्यवस्थाका लागि अग्रिम भुक्तानीसमेत लिई यथेष्ट सुविधा पुऱ्याइदिने अभिभारा पनि सम्बन्धित ट्राभल एजेन्टले लिएका थिए । यसरी साधारणभन्दा अलि बेग्लै किसिमले यो यात्रा अलि बढी खर्चिलो भए पनि यथेष्ट सुविधा पाइने सङ्केत पाएकाले मेरो मन सन्चो, जीउ हलुङ्गो भएको थियो ।




यात्रारम्भअघि त्रिभुवन विमानस्थलमा स्वजनहरूको साथमा

योजनाअनुरूप २०५८ साल चैत्र १३ गते मङ्गलबारका दिन निर्धारित समयमा हामी चार जना जीवनसँगिनी शान्ता, बहिनी मुनु, बहिनीज्वाइँ



Downloaded from http://www.dhamma.digital

नारायणगोविन्द र म त्रिभुवन विमानस्थल पुग्यौं। विमानस्थलमा हामीलाई पुऱ्याउन छोरीहरू, ज्वाईंहरू र भतिजा अरू पनि आएका थिए। उनीहरू सबैसँग बिदाबारी भई हामीले विमानस्थल कार्यालयमा गर्नुपर्ने सबै प्रक्रिया पूरा गरी प्रतीक्षालयमा गएर बस्यौं। यसरी हाम्रो बौद्ध तीर्थयात्राको सुरुआत भयो। निर्धारित व्यवस्थाअनुसार १०:०० बजे उड्नुपर्ने नेकोन एयरको पटना-विमान डेढ घण्टापछि मात्र उड्ने घोषणा भयो। हवाईयात्रामा यसरी ढिलाइ हुने प्रक्रिया एउटा नियमित आकस्मिकता नै हो। त्यसैले यसलाई हामीले स्वाभाविक तरिकाले लियौं। दिउँसो ११:३० बजे उडेको विमानले हामीलाई ४५ मिनेटपछि पटना एयरपोर्ट पुऱ्याइदियो। त्यहाँबाट निस्कँदा १२:४५ भयो। हाम्रो यात्राको बन्दोबस्त गरिदिने ट्राभल एजेन्टका सम्बन्धित व्यक्ति मिस्टर लाल विमानस्थलबाहिर पर्खिरहेका थिए। शिष्टाचारयुक्त अभिवादनपछि उनले गाडीड्राइभर रामआशिष तिवारीसँग चिनापर्ची गराइदिए। हाम्रो यात्राका लागि सेतो रङको डिलक्स कन्टेसा गाडी पर्खिरहेको देख्ता म दङ्ग परें। 'चाँडो जाऔं' भन्ने मेरो आग्रहमा सबै हतारिए। पटनाबाट दिउँसो १:०० बजे नालन्दाका लागि प्रस्थान गऱ्यौं। बीचबाटोमा चियापानका लागि आधा घण्टा रोकियौं। करिब १०० किलोमिटर टाढाको नालन्दामा पुग्दा ४:०० बज्यो। चिरप्रतीक्षित नालन्दामा पुग्दा म भावविभोर भएँ। भगवान् बुद्ध नालन्दामा वरोबर आई बस्नुहुन्थ्यो र यहाँबाट बुद्धधर्मको निकै प्रचारप्रसार भएको थियो भन्ने कुरा मैले सुनेको थिएँ। त्यसैले त्यहाँ पुगेपछि त्यहाँको चारैतिरको भूभागमा आँखा दौडाउन थालें। यतै कतैतिर बुद्धदेव नै भेटिन्छन् कि भन्ने कल्पनाले म आह्लादित भएँ। कल्पना स्वस्थ भएको अवस्थामा मनमा निकै सुख, सन्तोष र शान्तिको अनुभूति हुँदो रहेछ।

**द्रष्टव्य:**

*विश्व प्रसिद्ध कवि रवीन्द्रनाथ ठाकुरले* ***बुद्ध****बारे आफ्नो लेखमा* ***बुद्धदेव*** *भनी सम्बोधन गर्नुभएको हुँदा उहाँबाट प्रभावित भई मैले यस पुस्तकका ठाउँ ठाउँमा भगवान् बुद्धलाई बुद्धदेव पनि भनी सम्बोधन गरेको छु।*



Downloaded from http://www.dhamma.digital

# नालन्दा
## प्रसिद्ध बौद्ध शिक्षाकेन्द्र

नालन्दामा घुम्दै गर्दा बुद्धदेवको समयमा घटेको एउटा घटना कहींकतै पढेको सम्झें । एक दिन बुद्धदेव नालन्दामा आफ्ना केही भिक्षुहरूसँग हिँडिरहनुहुँदा बाटोमा अन्य मार्गका दुई जना सन्न्यासीहरू उहाँहरूको नानाथरीले उपहास गर्दै पछिपछि लागेछन् । ती सन्न्यासीहरूको उपहासयुक्त कटु वाणी सँगै हिँडिरहेका भिक्षुहरूले सहन सकेनन् । एक जना भिक्षुले भगवान् बुद्धको सम्मुख गई हात जोड्दै भने, "प्रभु ! पछाडि आइरहेकाहरूले हाम्रो तिरस्कार र उपहास गरिरहेका छन् । अति भयो, सहनै सकेनौं, के गरौं ?" यो सुनी पवित्र हृदयका भगवान् बुद्धले मुसुक्क हाँसी आज्ञा गर्नुभयो, "हे मित्रवर ! उपहास गर्नेहरूले भनेका कुराहरू साँचो हुन् भने ती कुराहरू हामीले मान्नुपर्छ, ग्रहण गर्नुपर्छ । होइन, हामी निर्दोष छौं र हाम्रो बाटो सही छ भने हामीलाई कटु वाणीले दोषारोपण गरेको भए पनि हामी रिसाउनुपर्ने कारण केही छैन, तिनीहरू स्वयं दोषी छन्, तिनीहरूको कुरालाई हामीले ग्रहण गर्नु पर्दैन । हेर, कुनै पनि असत् कुराबाट विचलित हुनु हुन्न । जीवनमा आइपर्ने यस्ता मारहरूलाई तृणबराबर सम्झन सकेमा मात्र तिमीहरू कल्याणको बाटोमा अग्रसर हुन सक्छौ । त्यसैले मनमा कुनै किसिमको क्लेश भावना नराखी बरु समभाव राखी हामी आफ्नो गन्तव्यस्थानतिर लागौं ।" नालन्दामा बुद्धदेवसम्बन्धी उपर्युक्त प्रसङ्ग मेरो सम्झनाको लहरमा लहरिँदै जाँदा म निकैबेर भावविभोर भइरहें । भगवान् बुद्धले टेक्नुभएको नालन्दा मेरो लागि साँच्चै पवित्र भूमि बन्दै थियो । त्यसको लगत्तै २५०० वर्षअघि नालन्दामा बुद्धदेवसँग घटेको उपर्युक्त घटना मैले आफ्ना सहयात्रीहरूलाई सगौरव प्रस्तुत गर्दा उनीहरू सबैलाई निकै कौतूहल लागेको मैले अनुभूत गर्दै गएँ ।



Downloaded from http://www.dhamma.digital

## *नालन्दाका दुई युवा ब्राह्मण नै सारिपुत्र र मौद्गल्यायन*

त्यही बेला नालन्दाका दुई जना युवा ब्राह्मणहरू कसरी बौद्ध धर्ममा दीक्षित भई पारङ्गत भए भन्ने अध्ययनबाट थाहा पाएको कुरा पनि एकाएक मैले सम्झन पुगें। ती दुई युवाहरू बाल्यावस्थादेखि नै घनिष्ठ मित्र थिए, सँगै पढ्ने सहपाठी थिए। यो सम्झँदा मेरो किशोरावस्थादेखि हालसम्मको घनिष्ठ मित्र शक्तिनाथ भट्टराईको झलझली याद आयो। युवावस्थामा पदार्पण गरेपछि ती दुई ब्राह्मणहरूमा नाटक हेर्ने सोख बस्न गयो। एक दिन 'शैल उत्सव' नाटक हेर्न जाँदा त्यसमा देखाइएका जीवन–जगत्‌का घटनाक्रमभन्दा वास्तविक जीवनको अर्थ अझ बढी गहन भएको चाल पाई एकआपसमा छलफल गरेर उत्तिखेरै उनीहरू घरबार छाडी ज्ञानको खोजीमा निस्के। सर्वप्रथम तिनीहरू सञ्जय नाम गरेका एक जना गुरुको आश्रममा पुगे। त्यहाँ तिनीहरू केही दिन बसे तर गुरुको कुराबाट तिनीहरूको चित्त बुझेन र अझ बढी सत्यको खोजीमा त्यहाँबाट पनि अन्यत्र हिंडे।

एक दिन नालन्दा सहरबाहिर काँठतिर घुमिरहँदा हातमा भिक्षापात्र लिई घरघरमा भिक्षाटन गर्दै हिंडेका एक जना भिक्षुलाई ती ब्राह्मणहरूले देखे। उनको शान्त र सौम्य मुखमण्डलबाट ती युवा ब्राह्मणहरू निकै प्रभावित भई उनको सम्मुख गई "भन्ते ! तपाईंको मनमा शान्ति र तनमा कान्ति देख्ता हामी मुग्ध भयौं। हामी पनि आफ्नो जीवनलाई सार्थक बनाउन लालायित छौं। कृपया तपाईंको गुरु को हुनुहुन्छ र कहाँ बस्नुहुन्छ बताइदिनुहुन्छ कि ?" भनी अनुनय गरे। ती युवाद्वयको अनुरोधअनुसार भिक्षुले आफ्नो गुरुको नाउँ र ठाउँ बताउनुका साथै गुरुका केही उपदेश पनि सुनाए। तत्पश्चात् ती दुवै युवाहरू बुद्धको दर्शनार्थ हिंडे। बुद्धको दर्शन र प्रवचनबाट उनीहरू निकै प्रभावित भए। जे कुराका लागि घरबार छाडी निस्केका थिए त्यो पाएको महसुस गरी तिनीहरू दङ्ग परे, प्रफुल्ल भए। उत्तिखेरै तिनीहरूले बुद्धको चरणमा परी शरण मागे। बुद्धले केही दिनपछि ती दुवैलाई दीक्षा दिई बुद्धधर्ममा प्रविष्ट गराउनुभयो। ती दुई ब्राह्मण युवाहरू अरू कोही नभई सारिपुत्र र मौद्गल्यायन थिए जो



Downloaded from http://www.dhamma.digital

पछि गएर बुद्धका अनन्य भक्त र प्रमुख शिष्यहरूमा गनिन पुगे। बुद्धधर्मको प्रचारप्रसार र समृद्धिमा सारिपुत्र र मौद्गल्यायनको ठूलो योगदान छ। त्यसैले यी दुवै सत्पुरुषहरूलाई बौद्धजगत्मा ठूलो आदर र श्रद्धाका दृष्टिले हेरिन्छ।

### *अतीतको वैभव*

**साँच्चै, नालन्दाको इतिहास प्राचीन छ। भगवान् बुद्धको जीवनकालमा नालन्दा एउटा समृद्धिशाली सहर थियो। त्यस बेला त्यहाँको आबादी घना थियो र त्यहाँका बासिन्दा सुखी थिए। नालन्दामा बुद्धदेव अक्सर आउनुहुन्थ्यो र बस्नुहुन्थ्यो भन्ने कुरा बौद्ध साहित्यमा ठाउँठाउँमा उल्लेख छ। नालन्दाको अतीतको वैभवको झल्को हेर्न त्यहाँ स्थित प्राचीन नालन्दा विश्वविद्यालयको भग्नावशेष हेर्नुपर्छ भन्ने कुरा मैले सुनेको थिएँ। त्यसैले नालन्दा पुग्नासाथ हामी सोझै नालन्दा विश्वविद्यालय हेर्न गयौँ। त्यहाँ हामीले एक जना**



नालन्दाको भग्नावशेष स्थलमा जीवन सगिनी शान्ता, बहिनी मुनू तथा
बहिनी ज्वाई नारायणगोविन्दका साथमा

**पथप्रदर्शक भाडामा लियौँ। बाटोमा उनले भन्दै गए, "भगवान् बुद्धका अग्रणी श्रावक सारिपुत्र र मौद्गल्यायनको जन्म नालन्दामा भएको थियो। यी दुवैले बौद्ध धर्मको सङ्गठन र विस्तारमा महत्त्वपूर्ण भूमिका खेले। यी दुवैको स्मृतिमा नालन्दामा एउटा विहारको स्थापना भएको थियो, जुन कालान्तरमा भव्य विश्वविद्यालयको रूपमा परिणत भएको रहेछ।"**




Downloaded from http://www.dhamma.digital

गाइडसँग हामी जुन ठाउँमा घुमिरहेका थियौं त्यहीं संसारप्रसिद्ध नालन्दा विश्वविद्यालयका अवशेषहरू भएको थाहा पाउँदा हामी पुलकित भयौं। मलाई थाहा थियो, नालन्दाको त्यो विश्वविद्यालय प्राचीन समयमा बौद्ध शिक्षाका लागि सार्वोत्तम तथा प्रथम केन्द्र थियो। लगभग ८०० वर्षसम्म संसारका विभिन्न ठाउँ- विशेष गरी बौद्ध राष्ट्रहरूबाट बौद्ध भिक्षुहरू ज्ञानोपार्जन गर्न त्यहाँ जान्थे। यसरी पाँचौंदेखि बाह्रौं शताब्दीसम्म यसले प्रगतिको धुरी चढिसकेको थियो। त्यस बेला त्यहाँ ९० लाख पुस्तकहरू सुरक्षित थिए, १० हजार विद्यार्थीहरूले अध्ययन गर्थे र १५ सय प्राध्यापकहरूले अध्यापन गर्थे। त्यस बेला बौद्ध दर्शनका सबै सम्प्रदायका विचारधाराहरू यहाँको पाठ्यक्रममा समाविष्ट थिए। त्यसको अतिरिक्त वेद, व्याकरण तथा अन्य भारतीय दर्शनहरूको पनि त्यहाँ राम्रो अध्ययन-अध्यापन हुने गर्थ्यो।

*नालन्दा विहारका भग्नावशेष*

हाम्रा गाइडले हामीलाई नालन्दा विश्वविद्यालयका विभिन्न



नालन्दाको भग्नावशेष : विद्यार्थी-कक्षको अवशेषमा


भग्नावशेषहरू रहेका ठाउँमा लगी तिनका विषयमा विस्तृत व्याख्या गरे। उनले हामीलाई त्यस बेलाका विद्यार्थीहरूका शयनकक्ष र कक्षाकोठा, पुस्तकालय, प्रार्थनागृह, ध्यान गर्ने हल, प्राध्यापकगृह आदिका भग्नावेशष निर्माण–अंशहरू पनि देखाए। उत्खननबाट प्राप्त नालन्दा विश्वविद्यालयका



Downloaded from http://www.dhamma.digital

निर्माण-अवेशषहरूको भव्यता र विशालता देख्ता मैले जिब्रो काढें। अहिले त यस्तो छ भने झन् त्यस बेला कस्तो थियो होला भन्ने कल्पनामा म मग्न भएँ। ती निर्माणहरू सबै ठूलाठूला इँटा र बज्रले बनेका थिए भने कुनैकुनै गारोको चौडाइ ५-६ फिटजति पनि देखें।

पर्यटकहरूलाई सरसरती देखाउन सजिलो होस् भनेर होला उत्खननबाट प्राप्त नालन्दा विहार (विश्वविद्यालय) का भग्नावशेष-अवशेषहरूलाई विहार र मन्दिरमा विभाजन गरी विभिन्न अङ्कले नामकरण गरिएका छन्। निश्चय नै निर्माण-अवशेषहरूका आआफ्नै नाम र प्रयोजन हुँदा हुन् तर ती सबैको भग्नावशेष हुँदा के-कसो हो थाहा नहुँदा त्यसरी अङ्क दिई नामकरण गरिएकोलाई गन्हुँगो मनले मैले चित्त बुझाउनैपऱ्यो। स्कूल-कलेजमा पढ्दा गुरुजीले हाजिरी गर्दा समय बचाउन हाम्रो वास्तविक नाम हुँदाहुँदै पनि केवल अङ्कले बोलाउने गरेको परिपाटी मैले सम्झें। विभिन्न अङ्कले विभूषित ती विहारहरू र मन्दिरहरूमध्ये केहीको विषयमा गाइडले हामीलाई विस्तृत व्याख्या गर्दै लगे। त्यसपछि



नालन्दाको मन्दिर नं. ३ र स्तूपहरूका अवशेष

हामी दक्षिणतिर रहेको एउटा ठूलो भव्य भग्नावशेष निर्माणस्थलतिर लाग्यौं। त्यसलाई मन्दिर स्थल नं. ३ भनिंदो रहेछ। त्यसले हाम्रो आँखा राम्ररी तानिरह्यो। यो भव्य भग्नावशेषको माथिसम्म पुग्न सक्ने विशाल ढुङ्गे भऱ्याङले एकातिर हामीलाई कौतूहलतासाथ आकर्षित गर्दै थियो भने



Downloaded from http://www.dhamma.digital

यसका वरिपरि ठाउँठाउँमा भत्केका ससाना स्तूप र चैत्यहरूको बाहुल्य देख्ता यस सुन्दर क्षेत्रले गहभरि आँसु गर्दै अतीतको भव्यतालाई मूकभावले राम्ररी सङ्केत गरिरहेको जस्तो मलाई लागिरह्यो। यसबाट आफै पनि रोऊँरोऊँ जस्तो लागिरह्यो। जीवनसँगिनी शान्ताले घचघच्याएर गाइड पर पुगिसक्यो जाऊँ भन्दा मात्र म झल्याँस्स बिउँझेझैं भएँ। नत्र कतिबेर त्यहाँ म भावुक भई बसिरहने थिएँ हुँला थाहा थिएन।

अर्को कुरा, नालन्दाका ती अवशेषहरूको अवलोकनबाट विभिन्न समयका वास्तुकलाले परिपूर्ण त्यहाँका निर्माणहरू विभिन्न समयमा मात्र बनेका होइनन् कि एउटै निर्माणस्थलमा पनि पटकपटक थप निर्माण गरिएका प्रमाणहरूसमेत गाइडले हामीलाई देखाउँदै लगे। माथि उल्लिखित विशाल खण्डहर अर्थात् मन्दिर नं. ३ मा मात्र सातसात पटक एकपछि अर्को निर्माणकार्य थपिएको कुरा गाइडले हामीलाई बताए। यसरी उत्खननबाट प्राप्त खण्डहरहरूले पनि अतीतको इतिहासलाई राम्ररी सङ्केत गर्न सक्षम भएको कुरा नालन्दा विश्वविद्यालयका अवशेषहरू सरसरती हेर्दा नै मैले अनुभव गरें।

*नालन्दा विहारका प्राध्यापकहरू*

गाइडको भनाइअनुसार प्रख्यात बौद्ध दार्शनिक नागार्जुनले त्यही नालन्दा विश्वविद्यालयमा आफ्नो पढाइ सुरु गरेका थिए। अध्ययन पूरा गरेपछि उनी त्यहींका प्राध्यापक पनि बने। पछि प्राचार्यसम्म पनि भए। नागार्जुनको समयमा नालन्दा विश्वविद्यालयले विश्वप्रसिद्धि पाइसकेको थियो। त्यस बेलासम्म यो विश्वविद्यालय बौद्ध धर्मको विख्यात केन्द्र भइसकेको थियो भन्ने कुरा पनि गाइडबाट थाहा पायौं। त्यसरी नै प्रसिद्ध चिनियाँ यात्री हुयेन साङ पाँचौं शताब्दीमा भारतभ्रमणमा आउँदा केही वर्ष नालन्दा विश्वविद्यालयमा बसी तन्त्रविद्या सिकेको, त्यसै बेला संसारका विभिन्न ठाउँका विद्वान्हरू नालन्दा विश्वविद्यालयमा आई बस्ने र त्यहाँका विद्वान्हरू विदेशमा बौद्ध धर्म र दर्शनहरू पढाउन जाने कुरा पनि गाइडबाटै थाहा पायौं। त्यसरी नै नालन्दाका आचार्य देवविद तिब्बत गई त्यहाँका




Downloaded from http://www.dhamma.digital

सम्राट् स्रोङ्चन गम्पोलाइं बौद्ध शिक्षामा पारङ्गत गराएको, अनि अर्का विद्वान् सन्तरक्षित त्यहाँ गई बौद्ध धर्मको प्रचार गरेको र त्यसै बेलातिर विद्वान् पद्मसम्भव पनि तिब्बत गई त्यहाँ हालसम्म विद्यमान लामा बौद्ध धर्मको श्रीगणेश गरेको ऐतिहासिक आख्यान बडो घतलाग्दो तरिकाले गाइडले बताए ।

*नालन्दाको अवनति*

नालन्दाको अवनति कसरी भयो भन्ने कुरा पनि ती गाइडले हामीलाई छोटकरीमा अवगत गराए। उनको भनाइअनुसार भारतमा बौद्ध धर्म ओऱ्हालो लाग्दा त्यसको नकारात्मक प्रभाव प्रत्यक्षतः नालन्दा विश्वविद्यालयमा पनि पऱ्यो। अन्ततः सबभन्दा ठूलो चोट त्यस बेला पऱ्यो जब मुस्लिम आक्रमणकारी मोहम्मद बख्तियार खिल्जीले बाऱ्हौं शताब्दीको अन्त्यतिर नालन्दा विश्वविद्यालयमा आक्रमण गरी त्यहाँका महत्त्वपूर्ण निर्माणहरू भत्काइदिए तथा हजारौंहजार पुस्तकहरू जलाइदिए। त्यसपछि अर्को ठूलो धक्का तुर्कहरूको आक्रमणबाट भयो। तुर्कहरूले त नालन्दा विश्वविद्यालय हाताभित्रका बचेखुचेका सबैजसो विहार र चैत्यहरू भताभुङ्ग पारिदिए। यस आक्रमणले त्यहाँ भएका भिक्षुहरू र विद्यार्थीहरू सबै ज्यान जोगाउन भागेर गई तितरबितर भए। त्यही मौकाको फाइदा उठाई क्रोधित ब्राह्मणहरूले त्यहाँको पुस्तकालय भएको ठाउँमा आगो



नालन्दा विश्वविद्यालयका भग्नावशेष



Downloaded from http://www.dhamma.digital

लगाइदिए। यसरी एकपछि अर्को वज्रपात नालन्दा विश्वविद्यालयमा पर्न गयो। परिणामस्वरूप त्यसको पुनरुत्थान हुनै सकेन र सधैंका लागि यो ध्वस्त हुन पुग्यो। यसरी नालन्दाका अमूल्य निधिहरूको हृदयविदारक विध्वंस भएको थाहा पाउँदा मेरो मुख अँध्यारो भयो। साँच्चै, नालन्दाको इतिहास रोइरहेको मैले अनुभूत गर्दै रहें।

नालन्दा विश्वविद्यालयको फन्को मार्दा एकातिर यसको उत्थान र पतनका कुराहरू थाहा पाउँदै गएँ भने अर्कोतिर त्यहाँका भग्नावशेषका रूपमा रहेका निर्माणहरूले अतीतको आफ्नो गौरव र गरिमालाई मूकभावले शान्त तरिकाले प्रस्टसँग सङ्केत गरिरहेको महसुस गर्दै गएँ। नालन्दा विश्वविद्यालयका अवशेषहरू हेरेर फर्किरहँदा गाइडले हामीलाई नजिकै रहेको विज्ञान र कलाका विविध विषयमा स्नातकोत्तर शिक्षा हासिल गर्न पाउने भारतका ठूला विश्वविद्यालयमा एक गनिने नवनालन्दा महाविहार (विश्वविद्यालय) पनि हेर्नलायकको छ भने। पालि र बौद्ध साहित्य अध्ययन गर्न यो विश्वविद्यालय विश्वप्रसिद्ध छ र यसको स्थापना नालन्दाको अतीतको वर्चस्व कायम गर्न सन् १९५१ मा स्थापना भएको हो भन्ने उनले बताए। गाइडको कुरा सुन्दा त्यहाँ पनि एक पटक चक्कर लगाउने हो कि भनेर सहयात्रीहरूसँग सल्लाह गरें। तर घडीले साँझ ६:०० बजिरहेको सङ्केत गर्दै थियो। दोस्रो, त्यही दिन २० किलोमिटर टाढा अर्को गन्तव्यस्थान राजगिर पुगी त्यहाँको पूर्वनिर्धारित होटल गौतममा बास बस्नुपर्ने बाध्यता थियो। मुख्य कुरा त नालन्दाबाट राजगिर जाँदा साँझ अबेर गरी जान हुन्न, बीच बाटोमा डाँका लाग्न सक्छ भन्ने त्रास र आशङ्का पनि थियो। 'हरामदेखि राम डरे' भन्ने उखान सम्झें। त्यसैले नवनालन्दा विहारतिर नलागी सीधै गाडीबाट राजगिरतिर लाग्यौं। राजगिरतिर जाँदा बाटोमा ठाउँठाउँको भित्तामा Buddha Festival, 2001, Rajgir (बुद्धउत्सव, २००१, राजगिर) भनी लेखेका पोस्टरहरू देखें। यसबाट सन् २००१ मा राजगिरमा बुद्धबारे राम्रो उत्सव भएको थियो होला भन्ठानें। हामीकहाँ पनि बेलाबखत विभिन्न नामका महोत्सवहरू हुने गर्छन्। तर बुद्धबारे महोत्सव भनी अहिलेसम्म आयोजना गरिएको छैन क्यारे! यो



Downloaded from http://www.dhamma.digital

पनि बुद्ध जन्मेको देश भनी गौरव गर्ने हाम्रो कमजोरी नै हो कि जस्तो लाग्यो। राजगिरको होटलमा पुग्दा करिब साँझ ७:०० बजेको थियो। त्यहाँ रिसेप्सनमा बस्ने एक जना कर्मचारीले पनि नालन्दाबाट यसरी अबेर आउन नहुने थियो, खतरायुक्त हुन्छ भनेको सुन्दा मेरो मन खङ्ग्रङ्ग भयो।

## राजगिर

### बुद्धलाई मन पर्ने सहर

भोलिपल्ट बिहानै आआफ्ना झिटीगुन्टा ठीक पारी ६:०० बजे नै होटल छाडी राजगिरका बौद्धस्थलहरू हेर्न जाने इन्तजाममा लाग्यौँ। आधा दिन राजगिर घुमी उही दिन बोधगयाका लागि प्रस्थान गर्ने कार्यक्रम थियो। त्यसैले बिहान सबेरै राजगिर घुम्न गाइडका लागि नालन्दाबाटै पूर्वव्यवस्था गरेका थियौँ। यत्तिकैमा गाइड आइपुगे। उनलाई पनि गाडीमा बसाल्नुपर्दा अलि कोचाकोच हुन पुग्यो। गाडीमै आफ्नो नोटबुक पल्टाउँदै कक्षामा शिक्षकले अध्यापन गरेझैँ राजगिरमा बुद्धको आगमनबारे गाइडको धाराप्रवाह व्याख्या सुन्दा मैले थाहा पाएँ – भगवान् बुद्धले बोधगयामा बुद्धत्व प्राप्त गर्नुभएपछि 'स्वान्तसुखाय' भनेझैँ उहाँ आफैमा सुखी तथा सन्तुष्ट भएर बस्नुभएन। उहाँ सर्वप्रथम सारनाथ जानुभयो। त्यहाँ पहिलो पटक पञ्चभद्र शिष्यलाई धर्मबारे, विनयबारे विस्तृत उपदेश दिनुभयो, जसलाई 'धर्म-चक्र-प्रवर्तन' भनिन्छ। त्यसपछि त्यहाँ यशसहित पचपन्न जना युवाहरू बुद्ध धर्ममा प्रविष्ट भए। यसरी बौद्ध धर्ममा प्रव्रजित साठी जना भिक्षुहरूलाई लोककल्याणका लागि धर्म प्रचार गर्न अलगअलग दिशामा पठाई आफू पनि सारनाथबाट उत्तरतिर लाग्नुभयो। यही क्रममा उहाँ घुम्दैफिर्दै राजगिर पुग्नुभयो।



Downloaded from http://www.dhamma.digital

*राजगिरमा बुद्धको आगमन*

भगवान् बुद्ध राजगिर सहरमा प्रविष्ट गर्नुहुँदा त्यस बेला यो सहर शक्तिशाली मगध राज्यका राजा बिम्बिसारको राजधानी थियो। राजा बिम्बिसारले बुद्धदेवको ख्याति पहिले नै थाहा पाइसकेका थिए। त्यसैले आफ्नो राजधानीमा बुद्धको आगमन भएको खबर थाहा पाएर निकै प्रफुल्ल भए। उनी आफ्ना भाइभारदारसहित बुद्धको दर्शनार्थ गए। अनेक प्रकारका राज्यसुखको अभिलाषा गर्ने महत्त्वाकाङ्क्षी राजा बिम्बिसारलाई सम्बोधन गर्नुहुँदै भगवान् बुद्धले भन्नुभयो, "हे राजन ! सर्वप्रथम हामीले आफ्नो इच्छा आकाङ्क्षालाई चिनेर त्यसको निराकरण गर्नु हाम्रो पहिलो धर्म हो। हामी किन दुःखी हुन्छौं भने हामी हरपल आफ्ना इच्छा, आकाङ्क्षा, तृष्णाको वशीभूत भएर रहन्छौं। जबसम्म हामी आफ्ना इच्छा, आकाङ्क्षा वा तृष्णाबाट निवृत्त हुन सक्तैनौं तबसम्म दुःख हाम्रो पछिपछि लागिरहन्छ। वस्तुतः हाम्रा ती इच्छाहरू, तृष्णाहरूको एकपछि अर्को परिपूर्ति भए पनि हामी त्यसबाट मुक्त हुन सक्तैनौं। एउटा इच्छा पूरा भएपछि अर्को इच्छाले हामीलाई पछ्याइहाल्छ। यो एउटा यस्तो प्यास हो जसबाट हरदम हाम्रो मनमा अशान्ति भइहरन्छ। त्यसैले सुखको बाटो के हो हामीले खोज्नुपर्छ। जसरी बलिरहेको आगोमा दाउरा अर्थात् इन्धन नथपिदिएपछि आगो निभ्दै जान्छ त्यस्तै तृष्णा वा इच्छारूपी इन्धनलाई कम गर्दै गएमा दुःखरूपी आगो पनि कम हुँदै जान्छ। यसरी इच्छा वा तृष्णा नै हाम्रो दुःखको मूल जरो हो। अर्थात् दुःखको मूल जरोलाई काट्तै, टुक्र्याउँदै गयौं भने हामीलाई सताउने दुःख पनि आफसेआफ कम हुँदै जान्छ र सुख के हो त्यसको अनभूति बढ्दै जान्छ। यसरी जब हामी आफ्ना इच्छा, तृष्णा र आकाङ्क्षाको वशीभूत नभई त्यसमाथि विजय प्राप्त गर्न सक्ने हुन्छौं तब हामी सच्चा सुखको पात्र बन्न सक्छौं।"

बुद्धदेवका यस्ता उपदेश सुनी राजा बिम्बिसार ज्यादै प्रभावित तथा द्रवीभूत भए। हरदम राजसत्ता र राज्यविस्तारमा तल्लीन शाक्तिशाली राजा निमेषभरमै परिवर्तित भए। उनले बुद्धको चरणमा आफूलाई अर्पण गर्दै तत्कालै बुद्धधर्म अङ्गीकार गरे। यो शुभसमाचार मगध राज्यमा



Downloaded from http://www.dhamma.digital


वेणुवनमा भगवान् बुद्धको प्रतिमा

परालको आगोझैं तत्काल फैलियो । राजाको सुखमा आफ्नो सुख सम्झने सारा मगधवासीहरूले बिना हिचकिचाहट बौद्ध धर्म अवलम्बन गरे । बुद्धको बसोबासका लागि राजा बिम्बिसारले आफ्नो राज्यको एउटा रमणीय स्थल वेणुवन बुद्धको सङ्घलाई दान दिई एउटा रमणीय विहार र उद्यान बनाइदिए । त्यस बेलादेखि नै बुद्धदेव राजगिरमा ६ वर्षसम्म समयसमयमा आई बस्नुभयो जसले गर्दा यो सहर पनि बौद्ध धर्मको केन्द्र बन्न गयो ।

गाइडको यस वर्णनबाट हामीले थाहा पायौं– बुद्धको जीवनसँग निकै सम्बन्ध भएको सहरको नाउँ हो राजगिर । बुद्धत्व प्राप्त गरेपछि बुद्ध भगवान् राजगिरमा धेरै वर्ष बस्नुभएको, यहाँका राजा बिम्बिसार र मगध राज्यका सारा देशवासीले बुद्धधर्म अवलम्बन गरेको तथा यहाँबाट बुद्धधर्मको निकै प्रचार भएको तथ्य हामीले थाहा पायौं । साथै यहाँका विभिन्न ठाउँमा बुद्धदेव बस्नुभए पनि उहाँलाई सबभन्दा मन पर्ने ठाउँ गृध्रकूट पर्वत भएको र यस पर्वतको प्राकृतिक सौन्दर्यबाट उहाँ निकै प्रभावित हुनुभएको तथा उहाँको जीवनसँग सम्बन्धित धेरै कुरा यही राजगिरमा भएको चर्चा पनि गाइडबाटै हामीले थाहा पायौं । हुन पनि राजगिरको फन्को लगाउँदा चारैतिर पहाडैपहाडहरू देख्ता त्यहाँको प्राकृतिक छटा साँच्चै नै सुन्दर भएको मैले अनुभव गरें ।

## *वेणुवन*

त्यसपछि हामी वेणुवन गयौं । भगवान् बुद्धको विहारका निम्ति त्यहाँका त्यस बेलाका राजा बिम्बिसारले समर्पित गरेको यो ठाउँ पहिले



Downloaded from http://www.dhamma.digital

सुगन्धित बाँसयुक्त वनजङ्गल थियो भन्ने कुरा गाइडबाट थहा पायौं। भगवान् बुद्ध त्यहाँ बस्नुहुँदा उहाँले आफ्ना परम शिष्य सारिपुत्र र मोद्गल्यायनलाई यहीँ दीक्षा दिनुभएको रहेछ। वेणुवनको मध्यभागमा स्थित एउटा ठूलो पोखरीतिर गाइडले हामीलाई लगे। त्यस ठाउँलाई करन्दनिवास भनिंदो रहेछ। यतैतिर बुद्धदेव बस्नुहुन्थ्यो र त्यहाँको त्यो पोखरीमा स्नान गर्नुहुन्थ्यो भन्ने कुरा थाहा पाउँदा म यत्तिको उत्साहित र प्रफुल्ल भएँ कि बुद्धदेवप्रति असीम श्रद्धाभाव व्यक्त गर्न त्यस पोखरीमा गई त्यसको पवित्र पानीले मुख धोएँ। मेरा लागि त्यहाँको त्यो पानी गङ्गाजलजस्तै लाग्यो। तीर्थयात्रामा जाँदा यस्तो पवित्र भावना मनमा कताकताबाट प्रस्फुरण हुँदो रहेछ।



वेणुवनको त्यो पवित्र पोखरी
जहाँ बुद्धदेव स्नान गर्नुहुन्थ्यो

## *करन्दनिवास*

करन्दनिवासबारे गाइडले गरेको विस्तृत वर्णनले मेरो दिलदिमाग धेरैबेरसम्म झनझनाइरह्यो। गाइडले आफ्नो नोटबुक पल्टाउँदै कक्षामा शिक्षकले अध्यापन गरेझैं यहाँ घटेको बुद्धकालीन घटना यसरी वर्णन गरे- "हेर्नुहोस् साहेब ! यहाँ घटेको एउटा सानो घटनाले सयौं माइल टाढा रहेको श्रावस्तीमा एउटा सुन्दर भव्य विहारको निर्माण हुन पुग्यो जुन जेतवन विहारको नामले प्रसिद्ध भयो। त्यो विहारमा भगवान् बुद्ध धेरै समयसम्म बस्नुभयो र उहाँले त्यहाँ गर्नुभएका अनेक प्रकारका महत्त्वपूर्ण कार्यहरूको विवरण बौद्ध साहित्यमा यत्रतत्र पाइन्छ। बौद्ध जगत्मा जेतवन



Downloaded from http://www.dhamma.digital

विहारले जस्तो महत्ता ओगटेको विहार सायद अरू कुनै छैन होला।" बुद्धको समयमा राजगिरको करन्दनिवासमा घटेको एउटा साधारण घटनाले जेतवन विहारको प्रादुर्भाव कसरी भयो भन्ने वृत्तान्त सविस्तार उल्लेख गर्दै के भने भने वेणुवनको यो करन्दनिवासमा भगवान् बुद्ध बस्नुहुँदा उहाँले दिनहुँ यहाँ प्रवचन दिनुहुन्थ्यो र ध्यानभावना सिकाउनुहुन्थ्यो। यो शुभसमाचार राजगिरमा एककान दुईकान मैदान हुँदै थियो। दिनहुँ मानिसहरू यहाँ बुद्धको उपदेश सुन्न र ध्यानभावना सिक्न आउन थाले।

*अनाथपिण्डक*

त्यसै बेलातिर श्रावस्तीका अनाथपिण्डक भन्ने एक जना महाजन आफ्नो व्यापारको सिलसिलामा राजगिर आइपुगेका थिए। अनाथपिण्डक व्यापारी भए पनि दानी थिए, दयालु थिए। उनको दयालुभावले गर्दा उनी 'अनाथहरूलाई पिण्ड (भोजन) दिनेवाला' भए। त्यसैले उनलाई अनाथपिण्डक भनियो अर्थात् उनको नाम नै अनाथपिण्डक रहन गयो। राजगिरमा रहँदा अनाथपिण्डकको मनमा पनि भगवान् बुद्धकहाँ गई प्रवचन सुन्ने इच्छा भयो। त्यसैले एक दिन उनी वेणुवनको 'करन्दनिवास' मा पुगे। त्यहाँको सुन्दर, शान्त वातावरणमा उनले भगवान् बुद्धको मधुरवाणीयुक्त प्रवचन सुन्ने मौका पाए। तथागत भन्दै हुनुहुन्थ्यो, "…. संसारमा जुन कोलाहल, बेचैनी छन् ती सबै दुःख हुन्। जुनसुकै किसिमको दुःख किन नहोस् त्यसबाट विमुक्त हुन मानिसले भित्री शान्ति प्राप्त गर्न प्रयत्न गर्नुपर्छ। धनदौलत, मान–मर्यादा, पद–प्रतिष्ठा प्राप्त गरेर मानिस सम्पन्न हुन सक्छ तर सुखी हुन सक्तैन। सुख, शान्ति प्राप्त गर्न हामी आफ्नो अन्तरयात्रा अर्थात् ध्यानभावनामा जानुपर्छ। ध्यानभावनाले हाम्रो मनमा भएको अशान्ति हटाई शान्ति ल्याउँछ ……।" जीवनमा यस्तो प्रवचन पहिलो पटक सुन्ने मौका पाएका अनाथपिण्डक साह्रै प्रभावित भए। बुद्धदेवको प्रवचन सुनेपछि उनले दुवै हात जोड्दै निवेदन गरे, "प्रभु ! म आफ्नो मनको कुरा पोख्न चाहन्छु, प्रभुबाट मार्गनिर्देशन पाऊँ। प्रभु ! मेरो धेरै ठाउँमा धेरै कामधन्दा छ। मेरा धेरै नोकरचाकर छन्। मेरो आश्रयमा बस्ने मानिसहरू धेरै छन्। मेरो कामधन्दा सुचारु रूपले चलाउन



Downloaded from http://www.dhamma.digital

म सधैँ आफै बिहानदेखि बेलुकासम्म खट्छु । मसँग प्रशस्त धन छ, मलाई धनको कमी छैन । तर म सधैँ दुःखित रहन्छु । मनमा शान्ति हुँदैन, अनेक किसिमका चिन्ताले मलाई सताइरहन्छन् । म के गरूँ प्रभु ! के म आफ्ना सबै कामधन्दा बन्द गरिदिऊँ, नोकरचाकर सबैलाई बिदा दिऊँ, धनदौलत त्यागिदिऊँ, घरबार छाडिदिऊँ ? अरूले हेर्दा म सुखी छु तर वास्तवमा म साह्रै दुःखी छु । मलाई सही बाटो देखाइदिनुहोस् प्रभु !"

## *बुद्धको शिक्षा अनाथपिण्डकलाई*

अनाथपिण्डकको यस्तो कुरा सुनी बुद्धदेवले मुसुक्क हाँसी शान्तभावले भन्नुभयो, "हेर सज्जन, धार्मिक जीवनको सुख प्रत्येक मानिसले पाउन सक्छ यदि ऊ आर्यअष्टाङ्गिक मार्गतिर उन्मुख छ भने । कुनै पनि मानिस यदि धनसम्पत्ति नै सबै थोक हो भनेर यसैमा टाँसिएर बस्छ वा यसलाई प्राप्त गर्नमा मात्र उसले आफ्नो सारा समय बिताउँछ वा उसले कसैको उपकार गर्दैन वा धनको सही उपयोग उसले गर्दैन भने यसको अर्थ उसले आफैलाई धोका दिइरहेको हुन्छ । यस्तो अवस्थामा आफ्नो मनलाई विषाक्त पार्ने धनसम्पत्ति त्यागिदिनु नै कल्याण हुन्छ । तर जो मानिस आफ्नो धन–सम्पत्तिमा मात्र टाँसिएर बस्तैन, यसको तृष्णामा मात्र सारा जीवन बिताउँदैन र बेलाबखत आफ्नो धनको सही सदुपयोग पनि गर्छ भने उसको धनले व्यक्ति वा समाजलाई ठूलो उपकार भइरहेको हुन्छ । यस्तो स्थितिमा धन आर्जन गर्ने कामबाट विमुख हुनुपर्ने केही कारण छैन ।"

बुद्ध भन्नुहुन्छ, "धन स्वयं अपवित्र होइन तर यसप्रतिको अतिआसक्तिले मात्र मानिस दास बन्छ । धन प्राप्त गर्नु मात्र हाम्रो जीवनको उद्देश्य हुनु हुन्न । शील, समाधि, प्रज्ञाका लागि पनि हाम्रो जीवन हुनुपर्छ । यही उद्देश्यले हामीलाई धार्मिक जीवनतिर अग्रसर गराउँछ ।"

बुद्धले आफ्नो भनाइ प्रस्ट्याउँदै फेरि भन्नुभयो, "मानिसले आफ्नो रुचि र कौशलअनुरूप जुनसुकै काम गरे पनि हुन्छ । कुनै पनि काम ठूलो वा सानो हुँदैन । मुख्य कुरा अप्रमादपूर्वक आफ्नो काममा लागिरहनु नै महत्त्वपूर्ण कुरा हो । जसरी पोखरीको हिलोबाट निर्लिप्त भएर कमलको



Downloaded from http://www.dhamma.digital

फूल सुन्दर तरिकाले फुलिरहन्छ त्यसरी नै यो कोलाहलपूर्ण संसारमा जो मानिस प्रमादरहित राग र द्वेषबाट माथि उठेर आफ्नो जीवन समतामा बिताउँछ, सत्य मार्गमा डोऱ्याउँछ उसैको जीवनमा सुख, शान्ति र सौन्दर्यको प्रादुर्भाव हुन्छ र यही नै सही धार्मिक जीवन हो ।"

दानसम्बन्धी धर्मदेशना दिँदै बुद्धले भन्नुभयो, "दान दिनु नै धार्मिक बन्नु होइन । करकाप वा देखावटीका लागि दान दिँदा मनमा क्लेशभावना हुन्छ र क्लेशयुक्त दानबाट मनमा सुख, शान्ति र सन्तोष पाउन सकिन्न । मैत्री र करुणायुक्त मनले दिएको दान जतिसुकै कम भए पनि त्यो सद्धर्म दान हुन जान्छ र त्यसबाट मनमा आनन्द प्रस्फुरण हुन्छ र यही नै धार्मिक आचरण हो । यस्तो दानले पुण्य प्राप्त हुन्छ । शुद्ध मनले दान दिनु भनेको एउटा रूख रोप्नुजस्तै हो जसले पछि गर्मीको याममा शीतल छायाँ दिन्छ र रसिलो फल पनि दिन्छ । करुणायुक्त दानले हामीलाई सम्पूर्णतातिर अग्रसर गराउँछ ।"

*अनाथपिण्डकको दान*

बुद्धदेवको देशना सुनी अनाथपिण्डक खुसीले गद्गद भए । बुद्ध-समक्ष हात जोड्दै तत्काल उनले निवेदन गरे, "भगवान् ! कोशल जनपदको राजधानी श्रावस्तीमा बसोबास गर्ने म यहाँ व्यापारको सिलसिलामा आएको हुँ । धनधान्यले परिपूर्ण श्रावस्ती सहरको सुन्दरताको जति बखान गरे पनि कमै हुन्छ । म आफैसँग पनि प्रशस्त धनसम्पत्ति भएको कुरा पहिले नै निवेदन गरिसकें । अब मैले आफ्नो जन्मभूमि श्रावस्तीमा भिक्षुसङ्घका लागि एउटा सुन्दर विहार बनाई दान दिने अठोट गरेको छु । कृपया मेरो दानलाई स्वीकार गरी मलाई धार्मिक जीवन यापन गर्ने मौका दिनुहोस् ।"

अनाथपिण्डकको निवेदन विशुद्ध भएको तथा उनमा करुणा जागेको बुद्धदेवले महसुस गर्नुभयो । त्यसैले उनको दान–आग्रहलाई स्वीकार गर्दै बुद्धले भन्नुभयो, "दानी मानिसलाई सबैले रुचाउँछन् । उनको मैत्रीभावनालाई सबैले कदर गर्छन् । निःस्वार्थ भावले दान दिएमा मनमा कहिल्यै पश्चात्ताप हुँदैन बरु सुख–शान्तिको अनुभूति भइरहन्छ । अनाथपिण्डकको भावनालाई



Downloaded from http://www.dhamma.digital

म बुझ्छु। उनले दिने भनेको दानलाइं म स्वीकार गर्छु। उनको दानबाट उनलाइं मात्र होइन धेरैलाई मङ्गल हुनेछ।"

त्यसपछि अनाथपिण्डकले बुद्धका विशिष्ट शिष्य सारिपुत्रलाइं श्रावस्तीमा सँगै गइं बौद्ध विहारका लागि उपयुक्त ठाउँ रोज्न मद्दत गर्न अनुरोध गरे। अनाथपिण्डकको प्रार्थनालाई सारिपुत्रले पनि सहर्ष मन्जुर गरे। तत्कालै सारिपुत्र र अनाथपिण्डक दुवै श्रावस्ती गई उपयुक्त ठाउँको खोजीमा चारैतिर घुमे। एक दिन तिनीहरूले जेतराजकुमारको रमणीय बगैँचा देखे। सुन्दर, शान्त तथा स्वच्छ वातावरणयुक्त त्यो बगैँचा बौद्ध विहारका लागि उपयुक्त ठाने। त्यसैले अनाथपिण्डक जेतराजकुमारकहाँ गई उनको त्यो बगैँचा किन्ने मनसाय पोखे। राजकुमारलाइं त्यो बगैँचा असाध्य मन पर्ने थियो र त्यसलाइं बेच्न मानेनन्। तर अनाथपिण्डकले ढिपी गर्न छोडेको होइन। प्रत्येक दिन राजकुमारकहाँ गई बिन्तीभाउ गरिरहे। केही नलागेपछि जेतराजकुमारले एउटा कठोर सर्त राखेर भने, "अनाथपिण्डक ! तिमीले मेरो बगैँचा किन्ने सार्‍है हठ गर्‍यौ, ठीक छ, तिम्रो इच्छा म पूरा गरिदिउँला तर विचार गर, के तिमी मेरो बगैँचाको मूल्य चुकाउन सक्छौ ?" अनाथपिण्डकले टाउको झुकाई हात जोडेर विनीत स्वरमा भने, "आज्ञा होस् राजकुमार, सेवक सेवा गर्न तत्पर छ।" राजकुमारले मुसुमुसु हाँस्दै भने, " म तिमीलाई एउटै सर्तमा मेरो बगैँचा दिनेछु, त्यो के भने तिमीले बगैँचालाई असर्फी नै असर्फीले ढाक्नुपर्नेछ। मेरो बगैँचाको मूल्य त्यही नै हो। मेरो बगैँचालाई सुनको मुद्राले नढाकेसम्म म दिन सक्तिनँ।"

बगैँचाको यस्तो चर्को मूल्य सुनेर अनाथपिण्डक विचलित भएनन्, उनको मनमा कुनै किसिमको दुर्भावना जागेन। बरु बगैँचा पाइने भयो भनी ढुक्क भई प्रसन्न भए। अगाडिपछाडि नहेरी उनले तुरुन्त राजकुमारको सर्त माने। भोलिपल्ट बिहानैदेखि गाडाका गाडा असर्फीहरू ओसार्न लगाएर जेतराजकुमारको बगैँचामा स्वर्णमुद्राहरू बिछ्याउन थाले। अनाथपिण्डकको मनमा सद्धर्मप्रति यस्तो आस्था जागेको, बुद्धधर्मप्रति यस्तो श्रद्धा प्रस्फुरण भएको सुनेर म सार्‍है अभिभूत भएँ। यस्तो कठिन शुभकार्य कसरी



Downloaded from http://www.dhamma.digital

कार्यान्वयन भयो होला भनी बुझेर पनि बुझ्नै नसकिने जस्तो भइरह्यो मलाई ।

बगैंचाको अधिकांश भाग सुनका सिक्काले ढाकिँदै गयो र एकचौथाइ भाग मात्र ढाकिन बाँकी रहँदा साँच्चै नै धर्मका लागि बगैंचा लिन लागेको हो भन्ने कुरा जेतराजकुमारलाई यकिन भयो । र यसबाट जेतराजकुमारको मनमा पनि धर्मप्रति आस्था जाग्यो र अनाथपिण्डकको पुण्यकार्यमा आफू पनि सहभागी हुने इच्छा जागृत भयो । त्यसैले बगैंचामा स्वर्णमुद्रा बिछ्याउने कार्यलाई बीचैमा रोकी अनाथपिण्डकलाई राजकुमारले बगैंचा सुम्पिदिए । जेतराजकुमारको सौहार्दप्रति अनुगृहीत हुँदै अनाथपिण्डकले त्यस बगैंचाको नाम जेतवनाराम राखे। त्यसपछि त्यस जेतवनाराममा एउटा सुन्दर भव्य विहार बनाई सो ग्रहण गर्न भगवान् बुद्धलाई अनाथपिण्डकले निमन्त्रणा चढाए। त्यस बेला बुद्धदेव कपिलवस्तुमा हुनुहुन्थ्यो। अनाथपिण्डकको निमन्त्रणा स्वीकार गरी बुद्धदेव आफ्ना भिक्षुहरूसाथ श्रावस्ती आउनुभयो । उहाँहरू सबैलाई अनाथपिण्डकले सम्मानपूर्वक जेतवनाराममा स्वागत गरे । त्यसपछि उनले विधिपूर्वक जेतवनाराम बगैंचा र त्यहाँको विहार बुद्धको चरणमा अर्पण गरे। त्यही जेतवनाराम पछि गएर जेतवन विहारको नामले प्रसिद्ध भयो। जेतवन विहार एउटा यस्तो पवित्र स्थल हो, जहाँ बुद्धदेवसँग सम्बन्धित धेरै प्रसङ्गहरू बौद्ध साहित्यमा यत्रतत्र पाइन्छन् ।

भगवान् बुद्धले राजगिरमा हुँदा वेणुवनको करन्दनिवासमा विहार गर्नु, व्यापारी अनाथपिण्डक दर्शन गर्न आउनु, बुद्धको प्रवचनबाट प्रभावित भई अनाथपिण्डकले श्रावस्तीमा विहार बनाउने इच्छा गर्नु, विहारका लागि जेतराजकुमारको बगैंचा मन पराएर भारी मूल्य चुकाएर उपलब्ध गर्नु आदि जेतवन विहार अस्तित्वमा आउनुभन्दा अगाडिका कार्यकारणयुक्त घटनाक्रम हुन् ।

वेणुवन–करन्दनिवासको भ्रमण गरिरहेको बेला गाइडले गरेको बुद्धकालीन घटनाको वर्णनले म निकैबेरसम्म आह्लादित भइरहें। ती घटनाहरू केही दिनअघि मात्र घटेका हुन् कि भनेजस्तो मलाई लागिरह्यो । भगवान् बुद्ध विहार गर्नुहुने वेणुवन–करन्दनिवासको भ्रमण गर्न पाउँदा



Downloaded from http://www.dhamma.digital

मैले आफूलाई कृतकृत्य सम्झें, सुकर्मको सुफल ठानें। यस रमणीय पवित्र भूमिलाई नमस्कार गरी श्रद्धाभाव व्यक्त गरी त्यहाँबाट बाहिर निस्कँदा दुई घण्टा भइसकेको रहेछ, पत्तै भएन।

*सप्तधारा*

सप्तधारा भनिने तातोपानीका सातओटा झरना राजगिरको अर्को एउटा मुख्य आकर्षणको केन्द्रबिन्दु रहेछ। तातोपानी निरन्तर बगिरहने यस प्राकृतिक झरनालाई कुण्ड पनि भन्दा रहेछन्। स्वयं बुद्ध भगवान् रोग निको पार्न यहाँ नुहाउने गर्नुहुन्थ्यो भन्ने कुरा थाहा पाउँदा उहाँजस्तो महामानवले नुहाउनुहुने ठाउँमा मलाई पनि नुहाउने इच्छा भयो र नुहाएँ। सप्तधारामा नुहाइसकेपछि त्यहीँ एक कुनामा अवस्थित ढुङ्गाका भऱ्याङबाट



राजगिरको सप्तधारा र कुण्ड क्षेत्र

ओर्लेर तल जाँदा एउटा सानो पोखरीजस्तो जलाशय देखें। गाइडले यो ब्रह्मकुण्ड हो र त्यहाँ पनि गएर डुबुल्की लगाएर नुहाउनू भने। त्यहाँ स्त्री–पुरुष, युवायुवती, वृद्धवृद्धा सबै थरीका मानिसहरू डुबुल्की मार्दै स्नान गर्दै रहेको देखें तर त्यहाँको पानी मैलो, धमिलो, फोहोरजस्तो लाग्यो र कसरी नुहाउने भनी मनमनै हिचकिचाइरहें। मेरो असमञ्जसलाई चाल पाएर होला गाइडले मुसुमुसु हाँस्तै प्रोत्साहन दिँदै 'जाइए न स्नान किजिए, ये बहुत पवित्र कुण्ड है' भने। उनको 'ये बहुत पवित्र कुण्ड है' भन्ने शब्द कानमा ठक्कर लाग्नासाथ ममा कस्तो किसिमको धार्मिक चेतना जागृत



Downloaded from http://www.dhamma.digital

भयो कुन्नि सरासर ओर्लेर आँखा चिम्ली दुई-तीन पटक त्यो जलाशयमा डुबुल्की लगाएर नुहाएँ । यस कुण्डको पानी सप्तधाराको भन्दा बढी तातो भएको महसुस गरें । तैपनि अनेक थरीका मानिसहरूले डुबुल्की लगाउँदै नुहाइरहेको यो सानो कुण्डको पानी फोहोर र घिनलाग्दो जस्तो मनमा लागिरहेको थियो । त्यसैले आफ्नो चित्त बुझाउन माथि रहेको सप्तधारामध्ये एउटामा गई फेरि राम्ररी स्नान गरेपछि बल्ल सफासुग्घर भएको अनुभव गरें ।

यो मेरो धार्मिक यात्रामा म केवल दर्शक मात्र नभई बुद्धको चरणाभिलाषी पनि बन्दै गएँ र यसैमा मलाई आनन्दको अनुभूति भइरह्यो । यस सप्तधारामा हामीले पुरोहितजस्ता केही मानिसहरू देख्यौं । नवागन्तुक श्रद्धालुहरू आएको देख्नासाथ सप्तधाराका पानीलाई यसरी अर्पण गर उसरी गर भन्दै मन्त्रजस्तो केही स्तोत्र फलाक्न लगाई पैसा ठग्ने गर्दा रहेछन् । पहिले त हामी पनि ठगियौं तर लगत्तै हामी सतर्क भयौं र बच्यौं । पवित्र स्थलतिर विशेष गरी हिन्दू मठ, मन्दिर, देवस्थलतिर ठगहरुको बिगबिगी हुनु स्वाभाविकजस्तै भइसकेको छ । यस सप्तधारा भएको ठाउँमा अरू मन्दिरहरू र मस्जिदहरु पनि रहेछन् । तर हामीसँग समय कम भएको र बुद्धसँग सम्बन्धित अरू ठाउँहरूमा जानुपरेकाले त्यतातिर विहङ्गमदृष्टि मात्र लगाएर फर्किहाल्यौं ।

त्यसपछि गाइडले हामीलाई सप्तधाराभन्दा अलि पर माथि वैभार पर्वतको पूर्वी तटमा स्थित चारकुने मैदानतिर लगेर यो महाभारतकालीन पराक्रमी राजा जरासन्धको बैठककोठाको अंश हो भनी देखाए । साथै भगवान् बुद्ध राजगिरमा बस्नुहुँदा यो ठाउँमा बरोबर पाल्नुभई भिक्षुहरूसँग बसेर चिन्तनमनन तथा विचार विमर्श गर्नुहुन्थ्यो भनेर सुनाए । यो सुनेर म सान्है आह्लादित भएँ ।

*सोनभण्डार*

त्यसपछि गाइडले हामीलाई एउटा पहाडको फेदीमा अवस्थित



Downloaded from http://www.dhamma.digital

'सोनभण्डार' भनिने गुफामा लगे । गुफा भन्नासाथ लामो अँध्यारो सुरुङ सम्झेको थिएँ । सोनभण्डार जसलाई स्वर्णभण्डार पनि भनिन्छ, मैले कल्पना गरेको जस्तो गुफा होइन रहेछ । पहाडको फेदीमा रहेको ठूलो दर्शनढुङ्गालाई खोपेर कोठाजस्तो बनाइएको ठाउँलाई गुफा भनेका रहेछन् । यो ठाउँ हेर्दा मनमा खास त्यस्तो केही प्रभाव परेन । तर किंवदन्तीचाहिँ रमाइलै लाग्यो । गाइड भन्दै थिए, "यो गुफाबाट बौद्धकालीन राजा बिम्बिसारको सुनैसुन भएको खजाना (ढुकुटी) मा जान हुने भएकाले यो ठाउँलाई सोनभण्डार (स्वर्णभण्डार) भनिएको हो । त्यो खजाना हालसम्म यथावत् भएको तर त्यहाँ कुन ठाउँबाट जाने हो पत्ता लागेको छैन भन्ने



सोनभण्डारको प्रवेशद्वारमा सहयात्रीहरू । अलग उभिरहेका गाइड महाशय

जनविश्वास छ ।" गाइडको यस्तो वर्णन सुनी मैले भनें, "यदि यस्तै हो भने सरकारले यहाँ उत्खनन गरेर किन सुन निकाल्ने काम नगरेको होला ?" गाइडले मुसुक्क हाँसी किंवदन्ती र वास्तविकतामा फरक हुने भइहाल्यो नि भने । मलाई पनि किंवदन्तीहरूलाई किंवदन्तीमै सीमित राख्नु उपयुक्त लाग्यो । सबै किंवदन्तीमा विश्वास गर्दै गयौँ भने हामी सङ्कुचित हुन के बेर ।

स्वर्णभण्डारको सरसरती अवलोकन गरिसकेपछि हामी पश्चिमतिर लाग्यौँ । करिब एक किलोमिटर पर हामी महाभारतमा वर्णित भीमसेन र जरासन्धको अठ्ठाईस दिनसम्म घमासान मल्लयुद्ध भएको भनिएको



Downloaded from http://www.dhamma.digital

ठाउँमा पुग्यौं। भीमसेनले जरासन्धलाई हराई हत्या गरेको ठाउँ हुँदा यसलाई 'जरासन्धका अखडा' भन्ने गरेको कुरा गाइडले बताए। हिन्दू पर्यटकहरू यहाँका सेतो माटो लिएर आफ्नो शरीरमा छर्कने वा लेप्ने गर्दा रहेछन्। भीमसेन महाराजको बल आफूमा सरोस् भन्ने विश्वासले त्यसो गर्ने गरेको भन्ने कुरा सुन्दा म दङ्ग परें।

*बिम्बिसारको कैदखाना*

त्यसपछि गाइडले हामीलाई गृध्रकूट र विश्वशान्ति स्तूपतिर लगे। हामी बीचबाटैमा ओर्लेर मूलसडकदेखि ३०-४० पाइला दक्षिणतिर लाग्यौं। त्यता एउटा खुला चउरजस्तो चारपाते जमिन थियो। त्यसको लम्बाइ चौडाइ ६०-६० मिटर भएको र यो राजा बिम्बिसारलाई कैद गरेको जेलको भूभाग भएको तथ्य गाइडले बताए। यसको छोटो इतिहास प्रस्तुत गर्दै गाइडले भने, "राजा बिम्बिसार लडाइँझगडाबाट वाक्क भई बौद्ध धर्मप्रति आकृष्ट भई बौद्ध धर्म ग्रहण गरेर शान्तिपूर्वक शासन चलाइरहेका थिए। विधिको विडम्बना भनौं कि के भनौं उनको बुढेसकालमा उनकै छोरा अजातशत्रुले उनलाई यही ठाउँमा भएको कैदखानाभित्र हतकडी लगाएर आजन्म थुनेर राखे। भनिन्छ उनले जेल-जीवनभर यहींबाट देखिने बुद्धको प्रिय ठाउँ गृध्रकूट पहाडतिर हेरेर त्यहाँ निवास गरिरहेका बुद्धदेवको दर्शन गर्ने गर्थे र मनमा अपरिमेय शान्ति पाउने गर्थे। यो बिम्बिसार बन्दीगृह भन्दा अलिपर एउटा वनजङ्गलजस्तो खुला ठाउँ गाइडले देखाउँदै भने, "बुद्धका भाइ (मामाका छोरा) देवदत्तले एक पटक नालागिरीनामक एउटा जङ्गली हिंस्रक हात्तीलाई यही ठाउँमा विहार गरिरहनुभएका बुद्धलाई मार्न पठाएका थिए। आफूतिर हस्याङफस्याङ गर्दै आइरहेको हिंस्रक हात्तीलाई करुणामय बुद्धले आफ्नो दाहिने हात उठाएर आशीर्वाद मात्र के दिनुभएको थियो, त्यो जङ्गली प्राणी तुरुन्त विनम्र भई बुद्धको खुट्टानिर शान्तपूर्वक बस्न पुग्यो। यो वर्णन सुन्दा बुद्धको महिमा निश्चय नै अपरम्पार छ भन्ने कुरामा म ढुक्क भएँ।



Downloaded from http://www.dhamma.digital

*आम्रवन*

त्यसपछि गाडी चढी हामी गृध्रकूट पर्वततिर लाग्यौं। बीचैमा गाइडले गाडी रोक्न लगाई बायाँतिर अलि पर रूखैरूख भएको भूभाग देखाउँदै जीवक भन्ने प्रसिद्ध वैद्यको आम्रवन (आँपको वन) त्यही हो भनेर देखाए। उनको वर्णनअनुसार बिम्बिसार तथा अजातशत्रु दुवै राजाहरूका यिनी निजी राजवैद्य थिए। भगवान् बुद्ध राजगिरमा बस्नुहुँदा एक पटक यिनले बुद्धदेवको उपचार गर्ने मौका पनि पाएका थिए। बुद्धको सम्पर्कमा आउनासाथ यिनले पनि बौद्ध धर्म ग्रहण गरी आफ्नो सम्पूर्ण आम्रवन बुद्धको चरणमा समर्पण गरे। त्यही आम्रवनमा पछि भिक्षुहरू बस्ने विहारहरू बनेका रहेछन् जसका भग्नावशेष अवशेषहरू अहिले पनि छन् भन्ने सुन्दा म प्रफुल्लित भएँ।

*विश्वशान्ति स्तूप*

गृध्रकूट पर्वत जानुभन्दा पहिले हामी रोपवे स्टायन्डमा पुग्यौं। गृध्रकूट पर्वतको ठीक सामुन्ने रत्नगिरि पर्वतमा अवस्थित विश्वशान्ति स्तूपमा सजिलैसित पुग्न भारतको पहिलो एरियल रोपवे रहेछ। हामीकहाँ भएको केबलकारजस्तो तर एक्लाएक्लै मेचजस्तोमा बसेर माथि डाँडामा




राजगिरको रत्नगिरी पर्वतमा अवस्थित विश्वशान्ति स्तूप



Downloaded from http://www.dhamma.digital

अवस्थित विश्वशान्ति स्तुपमा पुग्न केवल ७ मिनेट लाग्दो रहेछ। यस स्तुपभित्र भगवान् बुद्धको अवशेष राखिएको छ भन्छन्। गाइडको भनाइअनुसार पहाडको टुप्पामा अवस्थित यो स्तुपको उचाइ १२० फिट र गोलाइ १०३ फिट छ र यसको निर्माण जापान बौद्ध सङ्घले गरेको रहेछ। त्यस स्तुपको चारैतिर स्थापित बुद्धका प्रतिमाहरू अत्यन्तै सुन्दर, आकर्षक र मनमोहक थिए। यहाँ पुगेका यात्रीहरू अक्सर यहीँको डाँडाबाट बुद्धको प्रिय ठाउँ गृध्रकूट पर्वतको अवलोकन नगरी फर्कने गर्दा रहेछन्। तर हामीलाई यसो गर्न मन लागेन। बौद्ध तीर्थयात्रामा जाने भनेर गएपछि बुद्धको प्रिय ठाउँ गृध्रकूट पर्वतको अवलोकन नगरी कसरी फर्कने ? गृध्रकूट पर्वत जान विश्वशान्ति स्तुप भएको ठाउँको ढुङ्गे भऱ्याङबाट ओर्लेर फेरि उक्लनुपर्ने कठिनाइ भए पनि हामीले त्यसको पर्वाह नगरी गृध्रकूट पर्वत गएरै छाड्यौँ। यस्तो सुन्दर, शान्त, विशाल पर्वतमा त्यस बेला नगएको भए पछि धेरै पछुताउनुपर्ने थियो होला। बुद्धलाई साऱ्है मन पर्ने यो ठाउँमा पुग्दा आनन्दले विभोर भएँ। बुद्धको मन पर्ने ठाउँ दर्शन गर्न पाउनु भनेकै मजस्तो बुद्धअनुयायीका लागि ठूलो भाग्य र सुअवसरको कुरा हो भन्ठानें। गाइडको कथनअनुसार बुद्धले प्रवचन दिनुहुने खुला ठाउँ, आराम गर्नुहुने ठाउँ तथा सुत्नुहुने गुफाजस्तो कोठाको अवलोकन गर्न पाउँदा साऱ्है भावविभोर भएँ। बुद्ध बस्नुहुने भनेको ठाउँमा श्रद्धासुमनबापत केही पुष्पहरू र राता, पहेँला, नीला विभिन्न रङ्गका कपडाहरू सजाएर



गृध्रकुट पर्वतको त्यो पवित्र स्थल जहाँ बुद्धदेवले प्रवचन दिनुहुन्थ्यो



Downloaded from http://www.dhamma.digital

राखिएका थिए र त्यो ठाउँलाई सादर प्रणाम गर्दै बुद्धप्रति आफ्नो श्रद्धाभाव व्यक्त गरें । त्यसपछि त्यहाँ रहेको चट्टानको कापतिरससाना गुफाहरू देखाउँदै यी ठाउँहरूमा भिक्षुहरू बस्ने-सुत्ने गर्थे भनेको सुन्दा निकैबेरसम्म विस्मित भइरहें । साँच्चै, बौद्ध तीर्थयात्री जोकोहीका लागि गृध्रकूट पर्वत अपरिमेय पवित्र भूमि हो भन्ने कुरा मनमनै गुनें । बेलामौकामा अहिले पनि त्यो गृध्रकूट पर्वत सम्झने गर्छु र त्यहाँ बुद्धदेव बस्नुहुने भनेको ठाउँ मेरो दिलदिमागमा बारम्बार छचल्किएर आँखाअगाडि झल्किन्छ र यस्तो बेला मनमनै त्यस ठाउँलाई प्रणाम गर्ने गर्छु ।

## बोधगया

### बुद्धले बोधिज्ञान प्राप्त गर्नुभएको स्थल

राजगिरका विभिन्न ठाउँमा बिहान ६:०० बजेदेखि घुमेको हुँदा हामीलाई थकाइ पनि लाग्यो । घडी हेर्दा ११:०० बजेछ । यत्तिकैमा गाइडलाई उनको पारिश्रमिक दिई, बिदाबारी गरी त्यतैतिर बजारको एउटा साधारण रेस्टुराँमा खाना खाईवरी दिउँसो १२:०० बजे बोधगयाका लागि प्रस्थान गर्‍यौं । राजगिरबाट बोधगया १०० किलोमिटर टाढा रहेछ । तर बोधगया पुग्न हामीलाई करिब तीन घण्टा लाग्यो । बाटो पीच भए पनि ठाउँठाउँमा बिग्रेका र उबडखाबड हुँदा ड्राइभरले गाडी बिस्तारै हाँकेका थिए । दुई घण्टासम्म त गाडीलाई निकै बिस्तारै गुडाउनुपर्‍यो । त्यसपछि अर्को एक घण्टाको बाटोमा मात्र गाडीले आफ्नो गति लिन सकेको थियो । राजगिरबाट बोधगया जाँदा दायाँ-बायाँको दृश्य ज्यादै सुन्दर तथा मनमोहक देखें । टाढाटाढा फैलिएका खेतहरूमा गहुँबाली लहलह झुलिरहेका थिए । आकलझुकल कहींकतै ससाना डाँडाहरूसँग जम्काभेट हुँदा यस्तो समथर



Downloaded from http://www.dhamma.digital

भूमिमा पनि यस्ता पहाडहरू कसरी बने होलान् भन्ने उत्सुकता हुन्थ्यो तर मनको कुरा मनमै राखी हामी हुइँकिँदै गयौँ, गाडीभित्रै गफसफ गर्दै गयौँ ।

*बुद्ध इन्टरनेशनल होटल*

साँझ ३:०० बजेतिर बोधगयाको 'बुद्ध इन्टरनेसनल होटल' मा ड्राइभरले हामीलाई पुऱ्याइदिए । ट्राभल एजेन्सीले यो होटलमा दुई दिन दुई रात बस्न अग्रिम बन्दोबस्त गरिसकेको हुँदा हामीलाई कुनै झन्झट भएन । तीनतारे स्तरको सफासुग्घर, चिटिक्क परेको बङ्गलाजस्तो यो होटल हामीलाई मन पऱ्यो । मनमनै काठमाडौँको ट्राभल एजेन्सीलाई धन्यवाद दिएँ । भोलिपल्ट दिनभरि बोधगया-मन्दिरतिर रुमलिरहने हाम्रो कार्यक्रम थियो । त्यसैले भोलिको लागि एक जना राम्रो गाइड खोज्न हाम्रो ड्राइभर आशिष उत्तिखेरै हिँडे । हामी होटलको आआफ्नो कोठामा करिब एक-डेढ घण्टासम्म नुहाइधुवाइ गरी आराम गऱ्यौँ । त्यसपछि होटलको रेस्टुराँमा रमाइलो चियापान गरी यसो घुम्न बाहिर जाने विचार गर्दै थियौँ ।

*बौद्ध मन्दिर, गुम्बा, विहारहरूको सेरोफेरो*

यत्तिकैमा होटलको फ्रन्ट डेस्क (Front Desk) मा कार्यरत हँसिली नानीले हामीलाई नजिकै रहेका विभिन्न राष्ट्रले बनाइदिएका बौद्ध मठ, मन्दिर, गुम्बाहरूतिर घुम्न जान सुझाव दिइन् । पर्यटकहरूको मनोभावना बुझ्न अभ्यस्त भइसकेकी ती मैयाँलाई धन्यवाद दिँदै बिनागाइड हामी त्यतैतिर लाग्यौँ । हुन पनि विभिन्न बौद्ध राष्ट्रहरूले आआफ्ना देशका शिल्पकारी झल्काउने गरी बनाइदिएका बौद्ध प्रतिमा, मन्दिर, गुम्बाहरू देख्यौँ । ती सबै हेर्न दक्षिणतिरको छेउकुनाबाट हिँड्न थाल्यौँ । त्यहाँ रहेको पलेँटी मारेर ध्यानमग्न अवस्थाको ८० मिटर अग्लो विशाल बुद्धप्रतिमा (The Great Buddha Statue) देख्ता म आश्चर्यचकित भएँ । यो प्रतिमा जापानीहरूले बनाइदिएका रहेछन् । यो कुरा त्यहाँ



Downloaded from http://www.dhamma.digital




बोधगयाको विशाल बुद्ध-प्रतिमा

रहेको एउटा सूचनापाटीबाट थाहा पाएँ । त्यहाँ चहार्दा हो न हो जापान नै पुगेको अनुभव भयो । यो बुद्धमूर्ति जति भव्य छ त्यति नै बुद्धप्रति जापानीहरूको गहिरो आस्था भएको मलाई लाग्यो । नेपाल बुद्ध जन्मेको देश हो । हामीकहाँ पनि यस्तै विशाल बुद्धमूर्ति भए कस्तो राम्रो हुने थियो भन्ने भावना मेरो मनमा पलाइरह्यो । यस्ता दर्शनीय ठाउँमा जाँदा लाइसेन्सवाला स्तरीय गाइड लिनैपर्ने कुरा हामीलाई महसुस भयो । त्यसपछि अगाडिपट्टि रहेको 'तिब्बती गुम्बा' (Tibetan Monastery) हेर्न गयौं । त्यो गुम्बाको बाहिरी बनावटमा बडो राम्रो बुट्टैबुट्टाको कलात्मकता देख्यौं । काठमाडौंको बौद्धमा यस्ता केही गुम्बाहरूतिर चहारिसकेको हुँदा यहाँ हामीले धेरै समय बिताएनौं । त्यहाँबाट हामी 'डाइजोक्यो मन्दिर' (Daijokyo Japanese Monastery) तिर लाग्यौं । यो मन्दिरको बाहिरी बनावट साधारण लाग्यो तर भित्र हलजस्तो बैठककोठामा चाहिं भगवान् बुद्धलाई बडो राम्ररी प्रतिष्ठापन गरीराखेको देखें । बुद्धप्रतिमाको वरिपरि विभिन्न सरसामानले सिँगारेर राखिएको हेर्नलायकको छ । त्यसपछि हामी 'भुटानी गुम्बा' (Bhutanese Monastery) हेर्न गयौं । त्यसको बाहिरी रूपरङ्ग पनि तिब्बती गुम्बामा जस्तै बडो कलात्मक शिल्पकारी



Downloaded from http://www.dhamma.digital

झल्किरहेको देख्ता बुद्धप्रति भुटानीहरूको आस्था र सद्भावना कम नभएको ठानें। यो भुटानी गुम्बाको बनावटमा मलाई कताकता नेपाली हिन्दू मन्दिरसँग तादात्म्य भएको जस्तो लाग्यो। तर भित्र पसेर हेर्दा चाहिं तिब्बती गुम्बाको रूपरङ्ग देख्ता यसलाई हिन्दू मन्दिरसँग दाँज्न नहुने देखें। त्यसपछि हामी नजिकै रहेको 'थाई मन्दिर' (Thai Temple) मा गयौं। थाई मन्दिरको परिसरभित्र पस्दा अचानक मलाई थाइल्यान्डको राजधानी बैङ्ककमा घुमिरहेको जस्तो लाग्यो। किनभने बैंककमा देखेका कतिपय



बोधगयाको थाई-मन्दिर

बौद्ध मन्दिरहरू र बोधगयाको यो थाई मन्दिरमा केही भिन्नता मैले पाइनँ। थाई वास्तुकलामा र शिल्पकारीमा निर्मित बोधगयाको यो मन्दिरमा पनि सर्पका मूर्तिहरू कलात्मक ढङ्गले राखी छानाका टुप्पाहरूमा सर्पका पुच्छरहरू चोसो पारी राखेको देखें। कहींकतै नदेखेको यस्तो वास्तुकलालाई मैले थाई बौद्ध मन्दिरको एउटा विशेषता नै हो भनिठानें। यस मन्दिरभित्र प्रतिष्ठापित बुद्धको सुन्दर मूर्ति देख्ता नेपाली विभूतिको कस्तो कदर रहेछ भनेर म खुसीले गद्गद भएँ। तर के गरौं, हीरालाई कीरा सम्झने हामी नेपालीको घैंटोमा कहिले घाम लाग्ने हो भन्ने विचारले म आफै चाउरिंदै गएँ। त्यसपछि अलि पर अलग्ग ठाउँमा रहेको एउटा गुम्बाजस्तो ठाउँमा पुग्यौं। 'घुम्दैफिर्दै रुम्जाटार' भनेजस्तै हामी पुगेको यो गुम्बालाई 'नेपाली मन्दिर' भनेको सुन्दा म प्रफुल्ल भएँ। कताकता देशप्रेमको भावनाले म ओतप्रोत भएँ। 'नेपाली मन्दिर' भनिने त्यो ठाउँमा पुगी त्यहाँका एक



Downloaded from http://www.dhamma.digital

जना लामा भिक्षुसँग कुराकानी गर्दा मैले थाहा पाएँ- यो गुम्बा वस्तुतः दार्जीलिङको 'तामाङ बुद्धिस्ट एसोसिएसन' ले बनाई उनीहरूले नै हेरचाह गरिरहेका रहेछन् । यस मन्दिर (गुम्बा) को रेखदेख गर्ने र नेपाली राम्ररी बोल्ने ती बौद्ध लामासँग भएको साहचर्य पनि बिर्सनै नसकिँदो छ । साँच्चै, हाम्रो देश, हाम्रो भाषा, हाम्रो भेषको पवित्र भावनाले विदेशमा हामीलाई



वोधगयाको नेपाल-मन्दिर

एकसूत्रमा बाँध्न राम्ररी सघाउ पुऱ्याइरहेको अनुभव फेरि एकपल्ट मलाई त्यहाँ त्यस ठाउँमा अनायास हुन गयो । तदनन्तर घडीले हामीलाई साँझ अबेर भइरहेको प्रस्ट्याइरह्यो । त्यसैले ती श्रद्धेय लामा भिक्षुलाई काठमाडौं आउनुहुँदा हामीलाई खबर गर्नुहोला भनेर आग्रह गर्दै हाम्रो नामठेगाना दिई बिदाबारी लिई हामी त्यहाँबाट सोझै आफ्नो होटलतिर फर्क्यौं । यसरी हाम्रो होटल भएकै ठाउँतिर भएका विभिन्न राष्ट्रहरूले बनाइदिएका आआफ्ना देशका शिल्पकारी झल्काउने बौद्ध मन्दिर, गुम्बा, विहारहरूको सरसरती घुमाइले हामी आनन्दले विभोर भयौं ।

## *महाबोधि मन्दिर*

भोलिपल्ट अर्थात् मार्च २८ का दिन बिहान चाँडै ब्रेकफास्ट लियौं र ८:०० बजे नै ड्राइभरसँग एक जना गाइड टुप्लुक्क आइपुगे । त्यसपछि बोधगयाको प्रसिद्ध स्थल 'महाबोधि मन्दिर' तिर लाग्यौं । बाटोमा हिँडिरहँदा गाइडले बोधगयाबारे संक्षिप्त वर्णन गर्दै भने, "भगवान् बुद्धले ज्ञान प्राप्त



Downloaded from http://www.dhamma.digital

गरेको यस पवित्र स्थलको पहिलो नाम 'उरूबेला' हो । उत्खननबाट प्राप्त अशोककालीन अभिलेखअनुसार बुद्धले ज्ञान प्राप्त गरेपछि यस ठाउँलाई 'सम्बोधि' भनियो । पछि यो नाम फेरि बदलियो । सम्भवतः यो ठाउँ गयाको नजिक रहेको र यहाँ बुद्धले बोधिज्ञान प्राप्त गरेको हुँदा यसलाई 'बोधगया' भनियो । हाल बोधगयालाई कोही 'बुद्धगया' पनि भन्ने गर्छन् ।" त्यहाँको एउटा रूख (पछि बोधिवृक्ष) मुनि बुद्धले बुद्धत्व प्राप्त गर्नुभएको हुँदा त्यो ठाउँ निकै पवित्र स्थल भएको र त्यसैले संसारका कुनाकाप्चा विशेष गरी बौद्ध राष्ट्रहरूबाट बर्सेनि त्यहाँ हजारौं बौद्ध तीर्थयात्रीहरू आउने गर्छन् भन्ने कुरा पनि गाइडबाट थाहा पायौं । बाटोमा हिंड्दैजाँदा त्यतातिरका राम्रा गतिला होटलहरूको अक्सर बुद्धसँग सम्बन्धित नाम देखें । आफू बसेको होटलको नाम 'होटल बुद्ध इन्टरनेसनल' हो भने त्यतातिर देखेका अरू होटलहरूमध्ये कुनैको नाम होटल गौतम त कुनैको नाम होटल सिद्धार्थ इन्टरनेसनल, त्यस्तै कुनै तथागत होटल त कुनै शान्ति बुद्ध गेस्टहाउस आदि । बौद्ध तीर्थयात्रीहरूको भावनाको कदर गर्न नै यस्ता नामहरू राखिएका होलान् भन्ने मैले अनुमान गरें ।


वोधगयाको महाबोधि मन्दिर

महाबोधि मन्दिर पुग्नु अगाडि सर्वप्रथम त्यतातिर रहेको सफा ठूलो चोकजस्तो आधुनिक खुला ठाउँमा हामी पुग्यौं । यस्तो ठाउँमा पुग्दा मलाई अक्सर नाचेर जाऊँ कि, उडेर जाऊँ कि, गीत गाएर जाऊँ कि जस्तो लाग्ने गर्छ । तर अपसोच ! म केही पनि गर्न नसक्ने जड प्राणी बनेको हुन्छु । त्यस ठाउँमा यत्रतत्र ससाना भुईंपसलहरू बिछ्याइएको देख्ता यहाँको सुन्दर वातावरणमा



Downloaded from http://www.dhamma.digital

कुठाराघात भइरहेको जस्तो ठार्ने । हुन पनि यस्ता भुइँपसलहरूलाई हटाउन निकै गाऱ्हो हुँदो रहेछ । काठमाडौँमा पनि यस्ता पसलेहरूले महानगरपालिकालाई हायलकायल गरेको मैले नदेखेको होइन । त्यहींबाट महाबोधि मन्दिरको माथिल्लो भाग देख्ता म गद्गद भएँ । यो महाबोधि मन्दिरभित्र पस्न बाहिर मुख्य ढोकामा नै जुत्ता फुकालेर जिम्मा लगाउनुपर्ने रहेछ । पवित्र ठाउँतिर पस्न जुत्ता फुकाल्नुपर्ने हाम्रो परम्परा मलाई असाध्य राम्रो लाग्छ । यसो गरी परम प्रभुप्रति हामी विनम्र बन्न खोजेको तथा आफ्नो अहङ्कारलाई परित्याग गरेको जस्तो लाग्छ । धेरै वर्षदेखि यो मन्दिरको दर्शन गर्न लालायित भइरहेको मलाई त्यहाँ पुग्दा अपार हर्ष लाग्यो । ड्वाट्ट हेर्दा अग्लो पिरामिडजस्तो देखिने उच्चस्तरीय शिल्पकारीयुक्त यो मन्दिर सम्राट् अशोकले पहिलो पटक बनाएको र पछि समयसमयमा जीर्णोद्धार हुँदै अहिलेको अवस्थामा आइपुगेको कुरा गाइडबाट थाहा पाएँ ।

## *पाटनको महाबुद्ध मन्दिरको सम्झना*

बोधगयामा पुग्दा त्यहाँको हेर्दा पिरामिडजस्तो तर वस्तुतः शिखर शैलीको त्यो मुख्य भव्य मन्दिर देख्ता मैले पाटनको महाबुद्ध मन्दिरलाई झलझली सम्झें । निश्चय नै भारतको बोधगया मन्दिरको दाँजोमा पाटनको महाबुद्ध मन्दिर निकै सानो छ र यो अति साँघुरो ठाउँमा छ । यी दुईको वस्तुगत तुलना कुनै हालतमा हुनै सक्तैन । तर बोधगया मन्दिरले पाटनको महाबुद्ध मन्दिरलाई राम्ररी सम्झाइरहेको मैले सगौरव अनुभूत गरिरहें । बाघ नदेखेकालाई बिरालो देखाउन् भनेजस्तै बोधगया मन्दिर नदेखेका र यसको निर्माणशैली जान्न खोज्नेलाई पाटनको महाबुद्ध मन्दिर देखाएर यस्तै हो भनेमा फरक नपर्ने कुरामा म घोत्लिँदै गएँ । यस्तैयस्तै कुराहरू मनमा आउँदै गरे । साथै बोधगयाको मुख्य मन्दिर अवलोकन गरिरहँदा हाम्रै पाटनको महाबुद्धको गरिमा र गहनता प्रस्ट हुँदै गएकोले म पुलकित भएँ किनभने पाटनसँग मेरो विशेष भावनात्मक सम्बन्ध गाँसिएको छ । मेरो जन्म काठमाडौं कमलपोखरीमा भए पनि मेरा पुर्खाहरू सबै पाटने हुन् । तसर्थ काठमाडौं मेरो जन्मस्थल हो भने पाटन मेरो पुर्ख्यौली



Downloaded from http://www.dhamma.digital

थलो हो। पुख्यौंली थलोप्रति विशेष पूर्वाग्रह हुनुमा सङ्कुचित विचार भएको भन्न नमिल्ला कि ?

बौद्ध तीर्थयात्राबाट फर्केर आइसकेपछि पाटनको महिमामय महाबुद्ध मन्दिरबारे मेरो कुतूहलता बढ्दै गयो र यसबारे जान्न खोज्दा मैले थाहा पाएँ, वि.सं. १६१२ मा पाटननिवासी पण्डित अभयराज शाक्यले आफ्नो एक्लो व्यक्तिगत प्रयास र लागतबाट यस मन्दिरको निर्माणकार्य सुरु गरेका रहेछन्। उनी त्यस बेला बोधगयामा तीर्थयात्रा गर्न जाँदा त्यहाँको मुख्य मन्दिरबाट प्रभावित भई आफ्नो वासस्थानमै बोधगया मन्दिरको शैलीमा महाबुद्ध मन्दिरको निर्माणकार्य थालेका थिए। तर विडम्बना के भइदियो भने उनको जीवनकालमा निर्माणाधीन यस मन्दिरको निर्माणकार्य पूरा हुन सकेन र छत्तीस वर्षपछि मात्र उनका पनातिले सो कार्य पूरा गरिदिए। जे होस्, आजभन्दा करिब साढे चार शताब्दीअघि बुद्धदेवप्रति असीम श्रद्धा राखी महाबुद्ध मन्दिरको निर्माण गर्न अग्रसर हुने अभयराज शाक्यजस्ता मनीषीप्रति म हृदयदेखि आदरभाव व्यक्त गर्दछु। यही परिप्रेक्ष्यमा मेरा स्वर्गीय पिता कृष्णबहादुर राजकर्णिकारलाई नसम्भीकन बस्न सक्तिनँ जसले आजभन्दा पाँच दशकपहिले अर्थात् वि. सं. २०१० सालमा आफ्ना स्वजन बन्धुहरूबाट यथायोग्य चन्दा सङ्कलन गरी नपुग सबै आफ्नै तर्फबाट खर्च गरी पाटनको हौगल बहालमा एउटा तीनतले भवन बनाई



कृष्णबहादुर राजकर्णिकारबाट स्थापित नेपालमा एकमात्र आराम गरिरहेको बुद्ध मूर्ति



Downloaded from http://www.dhamma.digital

त्यसमा सुन्दर बुद्धप्रतिमा, धर्मधातु र चैत्य स्थापना गर्नुभएको थियो। लेटेर आराम गरिरहेको भावमा निर्मित उपर्युक्त बुद्धप्रतिमा नेपालमा हालसम्म यस किसिमको यही एक मात्र हो। यस्ता अद्वितीय सुन्दर बुद्धप्रतिमा स्थापना गरी बुद्धदेवप्रति अपरिमेय श्रद्धासुमन चढाउनुहुने मेरा पिताजीलाई म सतत प्रणाम गर्दछु।

महाबुद्ध मन्दिरको विषयमा चासो राख्तै जाँदा मैले थाहा पाएँ- ढुङ्गा र इँटाबाट निर्मित यस मन्दिरको विशेषता के छ भने यहाँको प्रत्येक इँटामा बुद्धप्रतिमाहरू भेटिन्छन्। तल्लो तहमा अमिताभ बुद्ध र माथिल्लो तहमा शाक्यमुनि बुद्धका मूर्तिहरू अङ्कित नौ हजार इँटाबाट यस मन्दिरको निर्माण गरिएको रहेछ जुन अति भव्य, सुन्दर तथा कलात्मक छ। विदेशी पर्यटकहरू यस मन्दिरको शोभा र कलात्मकता हेर्न हाल प्रत्येक वर्ष यतातिर हजारौं लाखौंको सङ्ख्यामा आउने गरेको पाइन्छ। हुन पनि यस मन्दिरको अवलोकन गर्दा मलाई एक पटक कस्तो अनुभव भयो भने हो न हो हजारौं बुद्धमूर्तिहरूले मलाई चियाउँदै दर्शन दिइरहेका थिए। साँच्चै, नेपालमा यस किसिमको यही एक मात्र मन्दिर भएको र वास्तुकलाको दृष्टिले दक्षिण एसियाकै अनुपम मन्दिर (Unique Temple) ठानिएको थाहा पाउँदा म निकै गद्गद भएँ। तर विडम्बनाको कुरा के छ भने यस्तो गरिमामय मन्दिरको चारैतिर घरैघर हुँदा बाहिर सडकबाट मात्र होइन भित्र मन्दिरसम्म पुगेर पनि यसलाई प्रस्टसँग छर्लङ्ग देख्न सकिन्न। कुखुरीले चल्लाहरूलाई गम्म छोपिरहेझैं यस मन्दिरलाई चारैतिरका घरैघरले डम्म छोपिराखेको साँच्चै हामी नेपालीको निधार चर्किरहेझैं मलाई लागिरह्यो। पाटनको कृष्णमन्दिरले झैं वास्तुकलाको दृष्टिले गहनता र महत्ता ओगटेको यो महाबुद्ध मन्दिरलाई श्री ५ को सरकार तथा सम्बन्धित नगरपालिकाले अहिलेसम्म बेवास्ता गरिराख्नु आफैमा एउटा दुःखपूर्ण, कष्टदायक तथा उपहासयुक्त कार्यशैली भइरहेको भन्ठान्छु। हुन त यो मन्दिरको विकासबारे श्री ५ हरूमा बेलामौकामा केही उत्सुकता जागेको देखिन्छ। एक पटक २०१६ सालमा राजा महेन्द्रबाट यस मन्दिरको अवलोकन भएको थियो। यस्तो अमूल्य मन्दिरको वरपर साँघुरो र चारैतिर घरैघर



Downloaded from http://www.dhamma.digital

हुँदा यसलाई फराकिलो पार्न त्यस बेला राजाबाट हुकुम भएको थियो। तर त्यो हुकुम कहिल्यै लागू भएन। त्यस बेलातिर मन्दिरको चारैतिर भएका घरहरू ससाना थिए, साधारण इँटाले बनाइएका थिए। हाल ती घरहरू मन्दिरभन्दा अग्ला हुँदैछन्, पक्की बन्दैछन्। बेलैमा नगरपालिकाले बुद्धि पुऱ्याएको भए आज यस्तो हुने थिएन।

त्यसपछि स्वर्गवासी राजा वीरेन्द्रबाट महाबुद्ध मन्दिरको परिसरलाई आवश्यकतानुसार विकास गर्न आवास तथा भौतिक योजना मन्त्रालय र तत्कालीन नगरपञ्चायतलाई २०४५ सालमा निर्देशन बक्स भएको थियो। सोअनुरूप प्रथम चरणमा मूलसडकबाट महाबुद्ध मन्दिर देखिने तुल्याउने परियोजना बनेको थियो जुन केवल परिपत्रमै मात्र सीमित हुन पुग्यो, कार्यान्वयन गर्नेतिर कसैको ध्यानै गएन। हाल देशमा प्रजातन्त्रको प्रादुर्भाव भएको छ। पर्यटकीय दृष्टिले पनि महत्ता बोकेको यो मन्दिरलाई बेवास्ता गरी केवल मूकदर्शक बनिरहेका सम्बन्धित निकायहरूको अज्ञानतादेखि म आफै बिलखबन्दमा पर्छु। यो अमूल्य निधिको गतिलाई हेर्दा 'हामी नेपाली बहादुर छौं त्यसैले मूर्ख छौं' भनेर कुनै कविले भनेको कुरा ठीक हो जस्तो लागिरहेछ। जे भयो भयो, समय अझै छ। विकासको गति कहिल्यै रोकिँदैन। त्यसैले महाबुद्ध मन्दिरजस्तो अतुलनीय सांस्कृतिक स्थलको चारैतिरका घरहरू हटाई त्यहाँ खुला मनमोहक पर्यटकीय स्थल बनाउनुपर्ने दायित्व हामी सबै स्वाभिमानी नेपालीको हो जस्तो मलाई लागिरहेछ।

यसरी बोधगयामा पुग्दा हाम्रो पाटनको महाबुद्ध मन्दिर त्यहाँको महाबोधि मन्दिरको रूपरेखासँग मिल्छ भन्ने जुन कुरा मैले पहिले सुनेको थिएँ त्यो शतप्रतिशत हो रहेछ भन्ने लाग्यो। निश्चय नै बोधगयाको महाबोधि मन्दिरसँग मिल्ने गरेर हामीकहाँ पाटनमा महाबुद्ध मन्दिर बनाउन सक्नु उहिलेका हाम्रा पुर्खाहरूको अथक लगन र कार्यक्षमता हो जसप्रति हामीले नतमस्तक बन्नैपर्छ, उहाँहरूले छाडेर गएको सम्पत्तिको राम्रो हिफाजत हामीले गर्नैपर्छ अन्यथा हामी नपुंसक नठहरियौंला भन्न सकिन्न।

यो भयो बोधगयाको महाबोधि मन्दिर हेरेर फर्केपछि आफ्नै देशको



Downloaded from http://www.dhamma.digital

पाटन (ललितपुर) स्थित 'महाबुद्ध मन्दिर' बारे देखे–सुनेका विवरणात्मक विवेचना। अब म फेरि बोधगयातिरै फर्कन्छु।

### *महाबोधि मन्दिर*

बोधगयाको महाबोधि मन्दिर भएतिर जान सर्वप्रथम सिङ्गमरमरका भऱ्याङबाट ओर्लेर जानुपर्छ। त्यसपछि त्यहाँको खुला ठाउँमा सोझै हिँड्दाहिँड्दै मन्दिरभित्रै पुग्न सकिने रहेछ। मन्दिरभित्रको देदीप्यमान सुन्दर बुद्धमूर्ति देख्नासाथ मलाई रोऊँ कि, हाँसूँ कि जस्तो भयो। बुद्धदेवप्रति



बोधगयाको महाबोधि मन्दिर भित्रको बुद्धप्रतिमा

कसरी श्रद्धा व्यक्त गर्ने हो म अन्योलमा परेँ। केवल नमस्कार मात्र गरेर उभिरहेँ। मैले धेरैबेरसम्म त्यस महान् आत्माको प्रतिमूर्ति हेरिरहेँ, मानौं साक्षात् बुद्धदेव त्यहाँ शान्तभावमा विराजमान हुनुहुन्छ जस्तो लाग्यो। श्रद्धालु जन अरू पनि त्यहाँभित्र आउँदै थिए। अरूलाई सुविधा होस् भनेर फेरि भोलि दर्शन गर्न आउने विचार गरी हामी त्यहाँबाट निस्क्यौं।

### *बोधिवृक्ष*

गाइडले हामीलाई मन्दिरको पछाडितिर लगे। मन्दिरको पछाडि सामुन्ने एउटा ठूलो वृक्ष देख्यौं। गाइडले आफ्नो बोलीमा दृढता ल्याउँदै भने, "ल, हेर्नुहोस् महाशय, यही वृक्ष हो जसको मुनि बसेर सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गर्नुभएको थियो। यही वृक्ष हो जुन बोधिवृक्षको



Downloaded from http://www.dhamma.digital


नामले संसारप्रसिद्ध छ ।" यसरी चिरप्रतीक्षित बोधिवृक्षको सम्मुख पर्नासाथ म अक्क न बक्क भएँ । बोधिवृक्षको यसरी अपभ्रंट दर्शन हुनेछ भनेर मैले कल्पना गरेको थिइनँ । शाक्यमुनि सिद्धार्थ गौतम यस वृक्षमुनि ध्यान गर्न आउनुभन्दा अगाडिको घटनाबारे गाइडले गरेको वर्णनबाट मैले थाहा पाएँ- सुजाताले अर्पण गरेको खीर खानुभएको बेलादेखि बीचबीचमा दान दिइएको भोजन ग्रहण गर्नुहुँदै बोधिसत्त्व सिद्धार्थ गौतम महिनौं दिनसम्म निरन्तर ध्यान गर्नुहुन्थ्यो । एक दिन बुद्धत्व प्राप्त गर्ने हेतुले सिद्धार्थ गौतम निरञ्जना नदीतिर जानुभई त्यहाँ स्नान गर्नुभयो । त्यसपछि आफूसँग भएको भिक्षापात्र त्यही नदीमा बगाई भन्नुभयो, "यदि मैले अब बुद्धत्व प्राप्त गर्ने रहेछु भने यो भिक्षापात्र अवश्य पनि विपरीत दिशातिर बगेर जानेछ ।" तत्काल त्यो पात्र त्यस नदीमा उल्टो दिशातिर बगेर गई एउटा भुमरीमा परी विलीन भयो । यस्तो पूर्व शुभलक्षण देखी मनमा सन्तोष लिई नजिकैको वनमा गई सरासर बोधिवृक्षतिर जानुभयो । यही बोधिवृक्षको मुन्तिर पूर्वतिर फर्की ध्यान गर्न बस्नुहुँदै शाक्यमुनिले यस्तो प्रतिज्ञा गर्नुभयो, "शरीर सुकेर जाओस्, हड्डी खिएर जाओस् र प्राण नै किन नजाओस् तर मैले पाउन चाहेको बुद्धत्व प्राप्त नभएसम्म म यस आसनबाट उठ्नेछैन ।" यस्तो सङ्कल्प गर्नुभई शाक्यमुनि दृढ बनी ध्यानमग्न हुनुभयो । जतिजति उहाँ ध्यानमा पारङ्गत हुँदै जानुभयो, त्यतित्यति मारले उहाँको ध्यानभग्न गर्न अनेक प्रयत्न गर्दैगर्‍यो । तर मारको आँधीबेहरी, वर्षा, आगो, हतियार, नाचगान, युवतीको हावभाव आदि अनेक किसिमका अस्त्रले बोधिसत्त्वको ध्यानमा कुनै विघ्न पार्न सकेन । केही नलागेपछि उहाँको बोधिसत्त्व (बुद्ध हुनुभन्दा अगाडिको अवस्था) शक्तिको परीक्षण गर्न मार आफै आई चुनौती दिन थाल्यो । त्यसपछि बोधिसत्त्व ध्यानमुद्राबाट उठी भूमिस्पर्श मुद्रामा बस्नु मात्र के भएको थियो सारा विश्व कम्पायमान हुन थाल्यो । यो देखी मार डराएर भाग्यो । त्यसपछि पूर्णिमाको दिनमा सूर्यास्त हुनुअघि यही वृक्षको सामुन्ने ध्यानमग्न अवस्थामा पहिलो चरणमा पूर्वजन्मको ज्ञान, मध्यम चरणमा दिव्यचक्षु र अन्तिम चरणमा बोधिज्ञान भई बुद्धत्व प्राप्त गर्नुभयो । त्यसपछिदेखि शाक्यमुनि बोधिसत्त्वलाई बुद्ध र त्यो वृक्षलाई बोधिवृक्ष भनियो ।



Downloaded from http://www.dhamma.digital

*वज्रासन*

गाइडले हामीलाई त्यो बोधिवृक्षको ठीक सामुन्ने विभिन्न रङ्गीचङ्गी कपडाका टुक्राहरू, फूलहरू र धूपहरू बालेर राखेको एउटा चारपाते आसन देखाउँदै बुद्ध भगवान् बुद्धत्व प्राप्त गर्दा ध्यान गर्नुभएको ठाउँ



बोधिवृक्षसँगैको वज्रासन र महाबोधि मन्दिरका बुद्ध-प्रतिमाहरू

चिनाएर त्यो आसनलाई वज्रासन भनिन्छ भने। मारले उहाँको ध्यानभग्न गर्न जतिसुकै उपाय गरे पनि उहाँ वज्रजस्तै अडिग रहनुभएको हुँदा यो आसनलाई वज्रासन भनिएको कुरा पनि गाइडले स्पष्ट पारे। गाइडकै भनाइबाट बुद्ध भगवान्को यो वज्रासन र योगअभ्यासको एउटा आसन-वज्रासनमा कुनै तादात्म्य नभएको कुरा पनि मैले बुझें। त्यसपछि हामी केहीबेरसम्म त्यो वज्रासनको नजिकै बोधिवृक्षको छहारीमा पलेँटी मारेर बस्यौं र त्यो पवित्र ठाउँप्रति असीम श्रद्धा व्यक्त गर्न केहीबेर ध्यानभावना (विपश्यना) गर्‍यौं। यसबाट मलाई मनमा अपरिमेय शान्ति मिलेको आभास भयो। त्यसपछि उठेर हामी बोधिवृक्षको वरिपरि केहीबेर अल्झिरह्यौं। त्यत्तिकैमा त्यो पवित्र वृक्षबाट झरेको पातहरूलाई प्रसाद सम्झी सम्झनास्वरूप घरमा ल्याउन मैले केही टिप्दै थिएँ। तीमध्ये एउटा आधाजस्तो पात मेरो हातमा देख्ता गाइड खुसी हुँदै भन्दै थिए, "तपाइं सार्है भाग्यमानी हुनुहुँदो रहेछ। यो बोधिवृक्षबाट झर्ने पातहरूमध्ये ४-५ हजारमा कहिलेकाहीं एउटा-दुइटा मात्र यस्ता पात भेटिन्छन् जसको महिमा अमूल्य मान्नुपर्छ।" मेरो



Downloaded from http://www.dhamma.digital

हातको त्यो पात लिँदै गाइडले प्रस्ट्याउँदै भने, "ल यहाँबाट यसरी हेर्नुहोस्, बुद्धको ध्यानावस्थाको भाव–भावना छर्लङ्गिन्छ ।" गाइडले भनेको र देखाएको कुरामा मलाई हो जस्तो लाग्यो र त्यसैले त्यो पातलाई हीरा सम्भी सुरक्षितसाथ घरमा ल्याई श्रद्धापूर्वक राखेको छु। बेलाबखतमा त्यो पात देख्ता बुद्धको दर्शन गरेभैँ मलाई लाग्ने गर्छ।

### *बोधिवृक्षको इतिहास*

त्यस बोधिवृक्षबारे गाइडले प्रस्तुत गरेको ऐतिहासिक विवेचना पनि निकै रोचक लाग्यो। उनको भनाइअनुसार सम्राट् अशोक समयसमयमा आफ्ना दुर्भावनाहरू शमन गर्न यही बोधिवृक्षको दर्शन गर्न आउँथे। तर रानीलाई भने सम्राट्को यो बानी मन पर्दैनथ्यो। रानीले एक दिन मानिसहरू पठाई यो वृक्ष काट्न लगाइन्। यो कुरा थाहा पाउँदा सम्राट् मूर्च्छा परे। होस आएपछि उत्निखेरै यहाँ आई काटिएको रूखको चारैतिर पर्खाल लगाउन लगाए र गाग्रीका गाग्री दूध खन्याउन लगाए। वृक्ष पुनः अङ्कुरित नभएसम्म जमिनमै बसिरहने प्रतिज्ञा सम्राट् अशोकले गरे। केही दिनपछि जब त्यो रूख पलायो तब मात्र खुसी हुँदै सम्राट्ले आफ्नो प्रतिज्ञा तोडे। त्यसपछि सम्राट् अशोककी छोरी संघमित्राले यही बोधिवृक्षको एउटा शाखा श्रीलङ्कामा लगेर रोपिन् जुन अहिलेसम्म भाँगिएर फैलिएको छ। भनिन्छ छैटौँ शताब्दीमा बङ्गालका एक जना निर्दयी शासकले बोधगयाको त्यो रूख काट्न लगायो तर सौभाग्यवश त्यहाँ फेरि अर्को रूख पलाएर आयो। त्यसरी नै सन् १८७० मा अलेक्जेन्डर कनिङ्घमले बोधगयाको महाबोधि मन्दिरको पुनःनिर्माण गराउन लाग्दा त्यो रूख पुरानो भएर ढल्न पुग्यो। तर राम्रो स्याहारसम्भार गर्न थालेपछि फेरि अर्को रूख पलाएर आयो जुन आजसम्म यथावत् छ। यसरी बेलामौकामा नष्ट हुने पृष्ठभूमि हुँदाहुँदै पनि धर्मसंस्कारप्राप्त त्यो पवित्र रूख आजसम्म यथावत् रहनु भनेको चानचुने कुरा होइन। यस्तो अमूल्य 'बोधिवृक्ष' को छहारीमा बसिरहँदा मेरो मनमा रूखप्रति श्रद्धाका भावनाहरू छचल्किरहे। मनमा यस्ता पवित्र भावनाहरू प्रस्फुरण हुनु भनेकै तीर्थयात्राको सही उपलब्धि हो भन्ने कुरामा म विश्वस्त भएँ।



Downloaded from http://www.dhamma.digital

बोधिवृक्षनजिक उत्तरतिरको कुनामा हामीलाई उभ्याएर त्यहाँका महत्त्वपूर्ण सात स्थान अर्थात् 'सप्तस्थान' बारे गाइडले वर्णन गर्दै भने, "भगवान् बुद्धले बोधिवृक्षमुनि बुद्धत्व प्राप्त गर्नुभएपछि ४९ दिनसम्म त्यहाँका सातओटा विभिन्न स्थानमा एकएक हप्ता बिताउनुभयो । पहिलो हप्ता त त्यस बोधिवृक्षको मुनि नै ध्यानमग्न अवस्थामा रहनुभयो । त्यसपछि दोस्रो हप्ता अहिले 'अनिमेषलोचन' नामको स्तूप भएको ठाउँमा बस्नुभई त्यहाँबाट बोधिवृक्षप्रति कृतज्ञ दृष्टिले हेरिरहनुभयो ।" गाइडले हामीलाई पछि अनिमेषलोचन स्तूपतिर लगे । यो स्तूप महाबोधि मन्दिरको पूर्व-उत्तर कुनाको अग्लो भूभागमा विद्यमान छ । त्यसपछि हामी उभिरहेकै अगाडितिर देखाउँदै गाइडले भने, "यो ६० फिट लामो ३ फिट अग्लो पेटी हेर्नुहोस् । बुद्धदेवले बुद्धत्व प्राप्त गरिसकेपछि आफूले प्राप्त गर्नुभएको बोधिज्ञानबारे चिन्तनमनन गर्दै यही चक्रमण स्थलमा टहल्दै बिताउनुभयो ।" यहाँ टहल्नुहुँदा उहाँले टेकेको प्रत्येक ठाउँमा कमलको फूल प्रकट हुने गर्थ्यो भन्ने सुन्दा बुद्धदेवको ऐश्वर्य फेरि एकपल्ट मलाई प्रस्ट भएझैँ लाग्यो । त्यतैतिर अलि फरक गरेर लहरै राखिएका कमलको फूल अङ्कित करिब नौ-दसओटा गोलाकार दर्शनढुङ्गाका डल्लाहरूमाथि बुद्धका पदचिह्नहरू कोरिएर रहेको देख्ता मानवनिर्मित यस्ता प्रतीकात्मक चिह्नहरूबाट पनि उहिलेको वास्तविकता राम्ररी सङ्केत भइरहेको महसुस


बोधगयाको चक्रमण स्थलमा



Downloaded from http://www.dhamma.digital

गरेँ । श्रद्धावश तीमध्ये एउटा दर्शनढुङ्गाको पदचिह्नमा ढोगेँ । त्यसपछि गाइडले हामीलाई महाबोधि मन्दिरको उत्तरतिरको खुला प्रांगणतिर लगे । त्यहाँ धेरैससाना साधारण स्तूपहरू छरिएर रहेका थिए । ती स्तूपहरू



वोधगयाको रत्नघर

विभिन्न समयमा बौद्ध उपासक-उपासिकाहरूले आआफ्ना मनोकामना पूरा भएको उपलक्ष्यमा निर्माण गरेका हुन् भन्ने कुरा पनि गाइडबाट थाहा पायौं । त्यहाँ 'रत्नघर' नामको छानाबिनाको एउटा सानो मन्दिरभित्र बुद्धका मूर्तिहरू देखाउँदै भगवान् बुद्धले चौथो सप्ताह यहीँ बिताउनुभएको कुरा गाइडले भने । यस ठाउँमा बुद्धदेव ध्यानभावनामा निमग्न हुनुभएको बेला उहाँको पुण्य शरीरबाट पाँचरङ्गको ज्योति प्रज्वलित भएको र बौद्ध झन्डामा निहित पञ्चरङ्ग त्यही ज्योतिको प्रतीकात्मक सङ्केत भएको कुरा पनि थाहा पायौं । त्यतैतिर रहेको एउटा शिलापत्रमा 'भगवान् बुद्ध ने पट्टान अर्थात् प्रतीत्य समुद्पाद आदिका गहन चिन्तन करते हुये यहाँ चतुर्थ सप्ताह व्यतीत कियाथा' लेखिराखिएको देखेँ । यसरी यस ठाउँमा चौथो सप्ताह ध्यानमा बस्नुहुँदा उहाँले प्रतिपादन गर्नुभएको प्रतीत्य समुद्पाद जस्ता मौलिक दर्शनको गहन चिन्तन सर्वप्रथम यहीँ गर्नुभएको थियो । यहाँबाट गाइडले हामीलाई पूर्वउल्लिखित दोस्रो सप्ताह बिताएको ढिस्को जहाँ अहिले 'अनिमेषलोचन' स्तूपतिर लगे । सम्पूर्ण सेतो रङ्गको यो सुन्दर स्तूप भएतिरबाट बुद्धदेवले सात दिनसम्म बोधिवृक्षप्रति कृतज्ञ हुँदै हेरिरहनु भएको भन्ने गाइडको पूर्वउक्तिलाई सम्झँदै हामीले पनि त्यहाँबाट



Downloaded from http://www.dhamma.digital

बोधिवृक्ष भएतिर हेर्दै श्रद्धासाथ नमस्कार गर्दै आदरभाव टक्र्यायौं। त्यसपछि त्यहाँको अनिमेषलोचन स्तूपभित्र रहेको बुद्धको सानो प्रतिमाको दर्शन गरी त्यहाँबाट महाबोधि मन्दिर जान सिँढी ओर्लियौं। त्यतैतिर बाटोको बीचमा ठड्याइएको एउटा स्तम्भ गाइडले देखाउँदै बुद्धले पाँचौं सप्ताह ध्यान गरी बिताउनुभएको ठाउँ यही हो भनी बताए। यहीं रहेको एउटा शिलापत्रमा 'बुद्धत्व प्राप्तिके पश्चात् भगवान् बुद्धने इसी स्थल पर पाँचवा सप्ताह ध्यानमे बिताया था। यहीं पर तथागतने एक ब्राह्मणाके प्रश्नके उत्तरमे कहाथा कि मनुष्य जन्मसे नहीं वरन कर्मसे ब्राह्मण होता है' लेखिएको पनि देखें।

भगवान् बुद्धले छैटौं सप्ताह मुचलिन्द पोखरीको तटमा बिताउनुभएको रहेछ। यो ठाउँ महाबोधि मन्दिरदेखि करिब २ किलोमिटर टाढा दक्षिणतिर पर्दछ। त्यो ठाउँमा अहिले पनि एउटा सानो पोखरी छँदैछ। एक दिन बुद्ध भगवान् पोखरीको खुला तटमा बस्नुभई ध्यानमा मग्न हुँदा ठूलो आँधीबेहरी आई घनघोर पानी परेछ। भगवान्लाई आँधीबेहरी र पानीले सताइरहेको देखी त्यस पोखरीका नागराजा मुचलिन्द तुरुन्त बाहिर आई आफ्नो फणाले भगवान्लाई छाताझैं ओढाई संरक्षण गरेको वर्णन गाइडबाट थाहा पाउँदा म रोमाञ्चित भएँ। त्यसपछि भगवान् बुद्धले आफ्नो अन्तिम सप्ताह राजयतन वृक्षमुनि ध्यानमा बिताउनुभएको तर त्यो वृक्ष कुन ठाउँमा थियो त्यो हालसम्म पत्ता नलागेको कुरा पनि गाइडले अवगत गराए।

त्यसपछि गाइडले हामीलाई महाबोधि मन्दिर क्याम्पाको दक्षिणतिर लगे। त्यहाँ यसो भित्रजस्तो ठाउँमा पस्दा अपर्झट एउटा ठूलो खुला पोखरी देख्यौं जसको बीचभागमा भगवान् बुद्धको शिरमाथि नागले फणा फिँजाई ओढाइरहेको रङ्गीचङ्गी राम्रो प्रतिमा देख्यौं। यो प्रतिमा हालसाल सन् १९८३ मा मात्र बनाइएको तथा यही प्रतिमा देखेर बुद्धले छैटौं सप्ताह बिताएको मुचलिन्द पोखरी यही हो भनी कोहीकोही भन्दा रहेछन्। यो कुरा सत्य होइन भनेर गाइडले प्रस्ट पारे। यसबाट हाम्रा गाइड इतिहासमा राम्रो दखल भएको मान्छे रहेछ भन्ने कुरा उनको वर्णन गर्ने शैली र



Downloaded from http://www.dhamma.digital

प्रस्तुत गर्ने गरेको तथ्यबाट अनुमान गरें। अहिले देखेको पोखरीलाई 'बोधिसरोवर वा बुद्ध कुण्ड' भन्ने गरेको र यो पोखरी पनि अति पवित्र



बोधिसरोवर, बोधगया

भएको कुरा गाइडबाटै थाहा पायौं। बोधिज्ञान प्राप्त गर्नुभएपछि त्यतातिर विभिन्न ठाउँमा रहनुहुँदा भगवान् बुद्ध यही पोखरीमा आई नुहाउने गर्नुहुन्थ्यो भन्ने कुरा सुनेर त्यहाँ रहेको खुड्किलोबाट तल ओर्लेर पोखरीको पानी लिई श्रद्धासाथ जलको रूपमा शिरमाथि छर्क्यौं र त्यस पानीले मुख पनि धोएर पवित्र भयौं। त्यस पोखरीमा भिर्ँगेमाछाजस्ता माछाहरू छ्यासछ्यासती भएको देख्यौं। हामीसँग भएका भुजुरी–दालमोठ छरिदिंदा माछाहरू झुम्मिएर खान आएको देखेर एकछिन हामी रमायौं। यहाँको दृश्यले मलाई दक्षिणकाली जाने बाटोमा रहेको फर्पिङको नारायणस्थानको पोखरीका माछाहरूको सम्झना भयो। पवित्र स्थलमा माछाहरू हुनु पनि शोभा नै हो भन्ने ठानें।

यसरी महाबोधि मन्दिर परिसरमा दुई–तीन घण्टा बितेको हामीलाई पत्तै भएन। त्यहाँका महाबोधि मन्दिर, बोधिवृक्ष, वज्रासन–मण्डप, सप्तस्थानमध्ये पाँच स्थान, बोधिसरोवर आदि भगवान् बुद्धसँग सम्बन्धित अति महत्त्वपूर्ण पवित्र स्थलहरूको दर्शन गर्न पाउनु र त्यसबारे गाइडमार्फत ऐतिहासिक पृष्ठभूमि थाहा पाउन सक्नु ठूलो अहोभाग्य र उपलब्धिजस्तो लाग्यो। कुनै लाभको आशा नगरी केवल मनमा शान्ति प्राप्त गर्न गरिने धार्मिक क्रियाकलापमा संलग्न हुनु भनेकै आफ्नो पूर्वसंस्कारको फल हो जस्तो मलाई लागिरहेछ।



Downloaded from http://www.dhamma.digital

गाइडले अब बाहिर जाऊँ अरू ठाउँ पनि हेर्नु छ भनेपछि हामी लगत्तै बाहिर निस्कने तरखर गर्न लाग्यौं। नत्र अझ कतिबेर त्यहाँ रुमलिरहने थियौं होला, थाहा थिएन।

गाइडसँगै हामी चारै जना बाहिर निस्क्यौं र त्यतैतिर एउटा साधारण रेस्टुराँमा चियापान गर्‍यौं। घडीले ११:०० बजेको देखाइरहेको थियो। ५०-६० मिटरजति पूर्वतिर रहेको निरञ्जना नदी अवलोकन गर्न गयौं। वर्षा ऋतुमा मात्र पानी बग्ने र अरू बेला प्रायः सुक्खा रहने यो निरञ्जना नदीलाई हाल फाल्गु नदी भन्दा रहेछन्। भगवान् बुद्धले यही नदीमा स्नान गरी आफ्नो भिक्षापात्र यहीं फ्याँक्नुभई बुद्धत्व प्राप्त गर्न दृढसङ्कल्प गर्नुभएको रहेछ। यो नदीभन्दा २-३ किलोमिटर पूर्व सुजाताले भगवान् बुद्धलाई खीर अर्पण गरेको ठाउँ हेर्न हामी गाडी चढी गयौं। गाउँको रूपमा भएको त्यो ठाउँमा पुग्न गाडीबाट ओर्ली करिब १०-१२ मिनेटजति गोरेटो बाटो हिंड्यौं। त्यहाँ बीचबाटोमा माटोको ठूलो ढिस्को रहेछ। सुजाताको भवन भनेको यही रहेछ र हाल सरकारले उत्खनन गरी यो ठाउँको संरक्षण गर्ने योजना गरेको कुरा गाइडबाट थाहा पायौं।

## *सुजाता मन्दिर*

त्यहाँबाट अलि पर पूर्वमा गाउँले पाराले बनेको यसो हेर्दा कुनै देवीदेवताको मन्दिर झल्काउने ठाउँ देख्यौं। त्यहाँभित्र पस्दा एउटा रूखमुनि




सुजाता-मन्दिरमा



Downloaded from http://www.dhamma.digital

रहेको साधारण देवस्थलभित्र भगवान् बुद्धलाई सुजाताले खीर भोजन अर्पण गर्दै गरेको र सँगै सुजाताकी दासीले भगवान् बुद्धलाई नमस्कार गरिरहेका प्रतिमाहरू देख्यौँ । हामीले त्यहाँ श्रद्धापूर्वक बुद्ध भगवान्लाई पैसा चढाई नमस्कार गर्‍यौँ । यतातिर सँगै महादेवका केही शिवलिङ्गहरू र एउटा ढुङ्गामाथि बुद्धको पाइलाको रेखाङ्कन देख्यौँ । श्रद्धासाथ मैले त्यस पदचिन्हलाई ढोगेँ । सुजाता मन्दिरको दायाँबायाँ गाउँले पारामा अङ्ग्रेजी र हिन्दीमा लेखिएका साइनबोर्डको न्यून स्तरीयता देख्ता यतातिर सरकारको ध्यान अहिलेसम्म नपुगेको अनुभव गरेँ । ती दुईमध्ये एउटामा 'यह स्थान प्राचीन है जहाँ सेनानी ग्राम (बकरौर) की सुजाता यहाँ बटवृक्षके नीचे सिद्धार्थको खीर प्रदान की ।' भनेर लेखिएको रहेछ । यस ठाउँको बारे कहीँकतै पढेको र गाइडले वर्णन गरेको तथ्यलाई समायोजन गरी यस ठाउँको बुद्धकालीन ऐतिहासिक पृष्ठभूमि केही प्रस्तुत गर्नु रोचकै होला भन्ने ठानेको छु ।

बुद्धत्व प्राप्त गर्नुभन्दा अगाडि राजकुमार सिद्धार्थ गृहत्याग गरी सन्न्यासी बनेर बोधिसत्त्व बनी ज्ञानको खोजीमा हिंड्दै राजगृह (हालको राजगिर) हुँदै उरूबेला (हालको बोधगया क्षेत्र) पुग्नुहुँदा त्यहाँको प्राकृतिक रमणीयताबाट धेरै प्रभावित हुनुभएछ र त्यो ठाउँमा छ वर्षसम्म बास गर्नुभएछ । त्यस बेला उहाँ धेरै समय निराहार बस्नुहुन्थ्यो र त्यसैले धेरै दुर्बल हुनुभएछ । परिणामस्वरूप एक पटक ध्यानमा मग्न हुँदा मूर्च्छा पनि हुनुभएछ । 'बोधिसत्त्व गौतमको देहान्त भयो' भन्ने हल्ला पनि चल्न थालेछ । तर बिस्तारै स्वास्थ्यलाभ हुँदै गएछ तर पनि ठाउँठाउँमा गई धेरैबेरसम्म ध्यान गर्ने दिनचर्यामा कुनै कमी आउन दिनुभएनछ । एक दिन त्यतातिरको एउटा रमणीय वनजङ्गलभित्र पस्नुभै एउटा रूखमुनि ध्यान गर्नुभएछ । त्यो ठाउँ देवस्थल पनि हुँदा मानिसहरू पूजा गर्न आउने गर्दा रहेछन् । त्यतातिर सुजाता नाम गरेकी एउटी युवती रहिछन् । उनले त्यो देवस्थलमा आई कुनै स्वजाति युवकसँग विवाह भई पुत्रलाभ भएमा त्यहाँ पूजा गरी उपासना गर्ने भाकल गरेकी रहिछन् । नभन्दै उनको मनोकामना सफल भएको रहेछ । एक दिन उनकी दासीले रूखमुनि ध्यानमग्न बोधिसत्वलाई देखिछ र यो खबर सुजातालाई सुनाउन गई ।



Downloaded from http://www.dhamma.digital

दासीको भनाइअनुसार हो न हो आफ्नो मनोकामना पूरा गरिदिने वनदेवता सम्झी श्रद्धावश अपूर्व खीर पकाई भोजन गराउन सुजाता त्यतैतिर लागिन् । सुजाताले प्रेमपूर्वक अर्पण गरेको खीर बोधिसत्त्वले स्वीकार गरी भोजन गर्नुभयो । सुजाताको अपूर्व खीर भोजन गरेपछि जीर्ण भएको बोधिसत्त्वको शरीरमा स्फूर्ति र तन्दुरुस्ती आयो । यसै बेला उहाँलाई अति हुनु सर्वथा गलत रहेछ भन्ने परमज्ञान प्राप्त भएछ । केही नखाईकन शरीरलाई अति कष्ट दिनु वा भोगविलासमा अति सुविधा दिनु दुवै त्याज्य छ, कष्टदायक छ, अर्थात् अति दुष्कर मार्ग वा अति सुगम मार्ग दुवैलाई परित्याग गरी मध्यम मार्ग नै सर्वोत्तम हो भन्ने कुरा उहाँले महसुस गर्नुभएछ । यसरी उहाँको मध्यम मार्ग शिक्षाको सुरुआत सुजाताको खीर भोजन गरिसकेपछिको उहाँको आफ्नै अनुभूतिको प्रतिफल रहेछ ।

सुजाताले अर्पण गरेको खीर खानुभई बोधिसत्त्वले फेरि धेरै दिनसम्म निरन्तर ध्यान गर्नुभएछ । त्यसपछि एक दिन बोधिसत्त्वले निरञ्जना नदीमा स्नान गर्नुभई आफ्नो भिक्षापात्रलाई त्यही नदीमा बगाइदिनुभै हालको बोधिवृक्षमुनि कठोर ध्यान गर्नुभयो र बुद्धत्व प्राप्त गर्नुभयो । यसरी बोधिसत्त्व गौतमलाई बुद्धत्व प्राप्त गर्नमा सहायक बनेका बोधिवृक्ष, वज्रासन-मण्डप, निरञ्जना नदी, सुजाताको खीर अर्पण एकअर्कोमा अन्योन्याश्रित सम्बन्ध रहेछ भन्ने कुरा मैले मनमनै गुनें ।

Dhamma.Digital

सुजाताले खीर अर्पण गरेको ठाउँबाट हामी फर्कंदा दिउँसो करिब १:०० बजेको थियो । गरम मौसमको कारणले हामीलाई एकातिर प्यास लागिरहेको थियो भने अर्कोतिर बिहानदेखि राम्ररी खाना खानबाट वञ्चित भएको हुँदा उत्तिकै भोक लागिरहेको थियो । त्यसैले त्यताबाट सोझै आफू बसेको होटलमा फर्की त्यहीं दिउँसोको खाना रमाइलोसँग खायौं । त्यसपछि गाइडसँग बोधगयामा अरू दृश्यावलोकन गर्ने ठाउँहरू केके छन् भनी सोध्दा त्यतैतिर नजिकै रहेका विभिन्न राष्ट्रहरूले बनाइदिएका छ-सातओटा बुद्धमन्दिररू मात्र बाँकी भएको थाहा पायौं । तर ती मन्दिरहरू सबैतिर हामी अघिल्लो दिन साँझ पुगेर घुमिसकेका थियौं । त्यसैले हामीले अब होटलमा डेढ-दुई घण्टा आराम लिई साँझतिर बोधगया मन्दिरपरिसरमा फेरि एक पटक आफै घुम्न जाने निधो गर्‍यौं ।



Downloaded from http://www.dhamma.digital

*गाइडलाई बिदाइ*

त्यसै बेला मेरो कुतूहलमिश्रित एउटा प्रश्नको जबाफमा हाम्रा गाइडले इतिहासमा एम.ए. गरेको कुरा थाहा पाएँ । यसबाट उनीदेखि म झन् प्रभावित भएँ । त्यसैले बोधगयामा पछि फेरि भेट्ने बाचा गरी उनको घर-ठेगाना टिपी उनले भनेको पारिश्रमिक भा. रु. ३०० - मा थप १०० - दिई उनलाई खुसी पार्दै त्यहींबाट बिदाबारी भयौं ।

बिहान सबेरैदेखिको घुमफिरले हामी थाकिसकेका थियौं । त्यसैले आफू बसेकै होटलमा नुहाइधुवाइ गरी २-३ घण्टा मजासँग आराम गऱ्यौं । हामी बसेको होटल र अरू रेस्टुराँहरूमा जताततै बुद्धका तस्बिरहरू, पोस्टरहरू तथा मूर्तिहरू बडो राम्ररी श्रद्धापूर्वक सजाएर राखेको देख्ता हो न हो बुद्धको जन्मभूमि आफ्नै देशमा घुमिरहेका छौं कि जस्तो लाग्यो । बोधगयामा चहादा जहाँ पनि बुद्धको आदरसम्मान भएको देख्ता मलाई एकातिर गौरवको अनुभव हुँदै थियो भने अर्कोतिर अहिलेसम्म आफ्नै देशवासीहरू बुद्धप्रति उति सचेत नभई बत्तिमुनि अँध्यारो भएको जस्तो देख्ता लघुताभासको अनुभूति पनि हुँदै गयो ।

*छोरी पूजाजस्ती केटी*

पूर्वकार्यक्रमअनुसार साँझ ५:०० बजेतिर हामी फेरि महाबोधि मन्दिरतिर घुम्न गयौं । यत्तिकैमा बाटोको छेउमा रहेको एउटा 'गिफ्ट सप' (Gift Shop) मा म र शान्ता घुस्यौं । आफन्तहरूलाई उपहार दिन भगवान् बुद्धका ससाना मूर्तिहरू किन्ने तरखरमा थियौं । त्यहाँ अरू दुई-चार जना ग्राहकहरू बिक्रेतासँग लेनदेन गरिरहेका थिए । त्यसैले हामी एउटा कुनातिर हल्लिँदै थियौं । यत्तिकैमा मैले त्यहाँ दुई जना तरुनी केटीहरू मुस्कुराउँदै पसलभित्र आइरहेको देखें । तीमध्ये एक जनालाई ह्वाट्ट देख्नासाथ मैले झस्केर 'ओ, पूजा' भनिहालेछु ।अनि तत्कालै आफूलाई सम्हालेर, शान्तालाई देखाउँदै 'हेर त पूजाजस्तै छे ती केटी' भनें । ती केटीलाई हेर्दै शान्ताले मुस्कुराउँदै 'अँ,हो रहेछ' भनिन् । यसबाट म झन् उत्तेजित भएँ र ती केटीसँग बोलूँबोलूँ जस्तो उत्सुकता जाग्यो ममा ।



Downloaded from http://www.dhamma.digital

लगत्तै उनी भएतिर गएर 'सिस्टर, तिमी कहाँबाट आएकी, तिम्रो नाम के हो ?' भनेर सोधें। उनले मलाई जिल्ल परेर हेरि मात्र रहिन्, केही जबाफ दिइनन्। उनको असमञ्जसलाई महसुस गर्दै मैले ङिच्च हाँसेर "तिमी त मेरी छोरीजस्तै रहिछ्यौ, तिमीलाई देख्ता मेरी छोरी पूजा भनेर झस्किएँ" भनें। मेरो कुरा सुनेर उनी फिसिक्क हाँसिन् र अलि लज्जित पनि भइन्। मैले फेरि "हामी यहाँ बौद्ध तीर्थयात्रामा आएका हौं, हामी काठमाडौंमा बस्छौं, काठमाडौंमा आउँदा हामीलाई भेट्न जरुर आउनु है" भनें। यति भनी मैले आफ्नो मनीब्यागबाट 'भिजिटिङ कार्ड' (नाम-ठेगाना भएको परिचयपत्र) झिकेर दिएँ। उनले पनि मेरो हावभावलाई राम्ररी बुझिन् क्यारे। मेरो सदाशयको कदर गर्दै अनुहारमा लज्जा-मुस्कानमिश्रित भाव छर्दै कार्ड लिएर 'थ्याङ्क्यु अङ्कल' (धन्यवाद काका) भनिन्। साँच्चै त्यस बेलाको त्यो रमाइलो क्षणलाई म अहिले पनि बरोबर सम्झन्छु। यति मात्र होइन, मेरी छोरी पूजाजस्ती ती केटी नानीको हिसीलाग्दो अनुहार बेलाबखत सम्झँदा मलाई कताकता उनी मेरी पूर्वजन्मकी छोरी नै हुन् कि जस्तो भावना मेरो भावुक हृदयमा छचल्किन पुग्छ।

### *फेरि महाबोधि मन्दिरतिर*

अब फेरि महाबोधि मन्दिरपरिसरकै सेरोफेरोतिर लाग्यौं। बिहान



महाबोधि क्याम्प, बोधगया



Downloaded from http://www.dhamma.digital

बेलुका जहिले पनि महाबोधि मन्दिरतिर उही सुन्दर, शान्त तथा सौम्य वातावरण भएको मैले अनुभव गरेको छु। अक्सर मन्दिर वा तीर्थस्थलहरूमा पण्डा, पुजारी वा दलालजस्ताहरूबाट तीर्थयात्रीहरू ठगिने वा लुटिने गरेका घटनाहरू बराबर सुनिने गरेको छ। तर बोधगयाको त्यो महाबोधि मन्दिरभित्र त्यस्तो कुनै क्रियाकलाप भएको मैले देखिनँ। यतातिर कुनै तीर्थयात्री कुनै कसैबाट ठगिने कुनै गुन्जाइस नै छैन। त्यहाँ मात्र होइन, बौद्ध मठ, मन्दिर, गुम्बा वा चैत्यतिर श्रद्धालु भक्तजनहरूलाई कुनै किसिमबाट करकाप गरी ठग्ने प्रवृत्ति कहींकतै भएको मैले चाल पाइनँ। महाबोधि मन्दिरको क्याम्पाभित्र साँझतिर घुम्न जाँदा सर्वप्रथम गाइडले बिहान जुनजुन ठाउँमा लगेका थिए ती सबैतिर चक्कर लगाउँदै थियौं। साँझ ठीक ६:०० बजे नित्य पूजा भनेर लाउडस्पीकरबाट ठूलो स्वरमा टेप गरिएको पाठ बजाइँदो रहेछ। दैनिक आधा घण्टा नियमित रूपमा सञ्चालन गरिने यो परिपाटी मलाई राम्रो लागेन। ध्यानमा मग्न हुनुहुने शान्तिप्रिय बुद्धदेवलाई यस्तो कोलाहलपूर्ण प्रार्थनाले केही अर्थ लाग्दैन भन्ने कुरामा म विश्वस्त छु। अर्को कुरा, पूजा भनेर लाउडस्पीकरबाट प्रसारित गरिने त्यो बुद्धप्रार्थना प्रचलित बुद्धवन्दनाभन्दा फरक सायद तिब्बती भाषाका बौद्ध-पाठजस्तो लाग्यो। महाबोधि मन्दिरभित्रको बुद्धलाई पहिराइएको वस्त्र नै तिब्बती परम्पराको जस्तो देख्ता नै मनमा कस्तोकस्तो लागिसकेको थियो भने झन् साँझको बुद्धवन्दना पनि तिब्बती परम्परामा आधारित भएको सुन्दा त्यहाँ तिब्बती परिवेशको प्रभुत्व भएको अनुमान गरें। भारतमा निर्वासित जीवन बिताइरहेका तिब्बतका बौद्ध धर्मगुरु दलाई लामा वर्षको एक-दुई पटक महाबोधि मन्दिर दर्शन गर्न आउँछन् भन्ने कुरा गाइडबाट सुन्दा हाल यतातिर उनको प्रभावले तिब्बती बौद्ध परम्परा राम्ररी प्रचलन भइरहेको ठानें। बोधगयाजस्तो विश्व बौद्ध केन्द्रमा थेरवादी बौद्ध परम्परा प्रचलन भएको भए सुनमा सुगन्ध हुन्थ्यो जस्तो मलाई लागिरह्यो। महाबोधि मन्दिरभित्रबाटै माथिल्लो तलामा जान हुने ढुङ्गे भऱ्याङ देख्यौं र हामी त्यतैतिर उक्लियौं। त्यहाँको एउटा कोठामा बुद्धको एउटा प्रतिमा राम्ररी सजाइराखेको र मेरो चाहनाअनुरूप साँझको बुद्ध-प्रार्थनाबापत थेरवादी बुद्ध-वन्दना क्यासेट सानो स्वरमा बजाइरहेको



Downloaded from http://www.dhamma.digital

र केही भिक्षु र केही आगन्तुक मानिसहरू बसेर ध्यान गरिरहेका देख्ता म खुसीले गद्गद भएँ। हामी पनि बिस्तारै चुपचाप त्यस कोठाभित्र पसी ध्यानमा बस्यौं। त्यहाँको रमणीय वातावरणले मेरो ध्यानभावनामा विशेष शक्ति सञ्चार भएको महसुस गरें। करिब आधा घण्टापछि त्यहाँको कार्यक्रम सकिँदो रहेछ। त्यहाँको सुन्दर बुद्धप्रतिमाप्रति असीम श्रद्धा व्यक्त गरी हामी त्यहाँबाट तल ओर्लियौं। त्यसपछि राति अबेरसम्म महाबोधि मन्दिरको परिसरमा घुमिरह्यौं। त्यस बेला एकातिर त्यस सर्वोत्तम पवित्र भूमिप्रति मेरो श्रद्धाभाव बारम्बार जागिरहेको थियो भने अर्कोतिर मेरो मनमा सुख, शान्ति र चैतन्यका भावनाहरू प्रस्फुरण भइरहेका थिए। यस्तो भाव-भावनाको जागरणलाई तीर्थयात्राको सही उपलब्धि ठानिरहें। मानिसहरू शून्यप्राय: भएपछि मात्र रात अबेर भैसकेको हामीलाई होस आयो। त्यसपछि महाबोधि मन्दिर र बोधिवृक्षलाई टाढैबाट फेरि एक पटक झुकेर श्रद्धाभाव व्यक्त गर्दै यस पवित्र बौद्ध स्थलमा सके फेरि पछि आउने इच्छा गर्दै हामी त्यहाँबाट आफ्नो होटलतिर लाग्यौं।



बोधगयाको बौद्ध स्तूपहरू भएको ठाउँमा

## *ग्र्यान्ड ट्रङ्क रोड*

भोलिपल्ट बिहान सबेरै उठी, चियापान गरी, ४:०० बजे होटल छाडी सारनाथका लागि प्रस्थान गर्‍यौं। हाम्रो गाडी बोधगयाबाट दक्षिणतिर प्रतिघण्टा ६०-७० किलोमिटरको रफ्तारले गुड्दै गयो। करिब २०-२५ मिनेटसम्म सोझै दक्षिणतिर गुडेपछि मात्र हाम्रो गाडीले पूर्व-पश्चिम फैलिएको बाटो समाती पश्चिमतिर मुन्टो फर्काई गुड्यो। यो बाटोको नाम के हो भनी ड्राइभरसँग सोधें, 'ग्र्यान्ड ट्रङ्क रोड' हो भने। ड्राइभरको



Downloaded from http://www.dhamma.digital

यो जवाफ सुन्नासाथ म एक्कासि उत्साहित भएँ। वि.सं. २०१३ सालमा कक्षा ८ मा छँदा हामीले भारतको इतिहास पनि पढ्नुपर्थ्यो। त्यस बेला पढेको थिएँ - मुस्लिम बादशाह शेरशाह सुरीले आफ्नो राज्यलाई एकसूत्रमा बाँध्न बङ्गालदेखि पन्जाबसम्म जोड्ने एउटा बृहत् राजमार्गको निर्माण गरेका थिए र त्यो राजमार्गलाई पछि अङ्ग्रेज शासकले 'ग्रान्ड ट्रङ्क रोड (Grand Trunk Road) भनी नामकरण गरेका थिए जुन हालसम्म यथावत् रहेछ।

त्यस बेलादेखि हालसम्म भारतको आर्थिक, सामाजिक तथा राजनैतिक क्षेत्रमा प्रमुख भूमिका खेलेको यो राजमार्गको महत्ता आफ्नै स्थानमा हुँदै होला। भारतका अरू राजमार्गजस्तै सोभ्फा र कहींकहीं फराकिलो हुँदा यसमा खास केही फरक भएको देखिनँ। तर आजभन्दा ४६-४७ वर्षअघि कक्षा ८ मा पढेको राजमार्गमा आज आफू गुडिरहँदा इतिहासप्रति एकपल्ट फेरि मेरो उत्सुकता तथा कौतूहलता जागिरह्यो। पढेर चिरपरिचित भएको यस मार्गमाथि गुडिरहँदा यसबारे पनि केही संस्मरण लेख्नु राम्रो हुन्छ भनी सोच्तै गएँ। त्यसैले यताउता दृष्टि दिंदै गएँ। बाटोमा गुडिरहेका मोटरसाइकलका चालकहरूले हेलमेट (सुरक्षाटोपी) नलगाई गइरहेकोमा दृष्टि पऱ्यो। भारतका गाउँपाखातिर हेलमेट लगाउनुपर्ने बाध्यता छैन कि त्यो थाहा भएन। अर्को कुरा, गाउँ-कन्दराका यस्ता बाटोका छेउछाउतिरका घरछाप्राहरूले भारतीय जनताको दरिद्रता राम्ररी उदाङ्गो पारिरहेको देखें। एक ठाउँमा त बाटो कच्याककुचुक हुँदा गाडीलाई धीमा चालमा गुड्नुपऱ्यो। त्यसै बेला एक छेउमा टहराजस्तो एउटा ठूलो खुला भुइँतले स्कूलमा केटाकेटीहरू पढिरहेका देखिए। त्यहाँको दुर्गन्धयुक्त फोहोर वातावरण देख्ता आफू पनि निम्न माध्यमिक विद्यालयमा पढ्दा भोगेका कुराहरू सम्झें। आफू पहिले पढेको नन्दी विद्यालयको दुर्गन्धयुक्त चर्पी र फोहोर पिउने पानी सम्झँदा अहिले पनि आङ सिरिङ्ग भई मन भरङ्ग हुने गर्छ।

### *पत्याउनै नसकिने दृश्य*

ग्रान्ड ट्रङ्क रोडमा गाडी गुडिरहेको बेला एउटा पत्याउनै नसकिने



Downloaded from http://www.dhamma.digital

दृश्य देख्न पुगें। एउटा सुनसान ठाउँमा दुई जना युवतीहरू बाटोतिर फर्केर निर्धक्कसँग सारी माथि तानी सुची गरिरहेको देख्ता तीन छक परें। 'हग्नेलाई भन्दा देख्नेलाई लाज' को अनुभूति हुन गयो। सहयात्री कसैले यो दृश्य देखेनछ र त्यसैले बेसै भयो। तर मलाई भने त्यो दृश्यको झझल्को मनमा बारम्बार उत्रिरह्यो। यसरी ग्र्यान्ड ट्रङ्क रोडले मेरो मन-मस्तिष्कमा बिर्सनै नसकिने अमित छाप पारिछोड्यो। यति मात्र होइन, यस राजमार्गले मलाई जीवनमा कहिल्यै नदेखेको अर्को कुराले पनि छाप पाऱ्यो। गाडीमा गइरहँदा बाटोमा ट्रकहरूको एउटा ताँती देखें। बेढङ्गले यताउता अड्याइराखेका ती ट्रकहरू देख्ता सामान बोकेर आएका केहीछिन बिसाइरहेका होलान् भन्ठानें। तर जतिजति अघि बढ्दै जान्छौं, उतिउति हाम्रा ड्राइभर तिवारीलाई गाऱ्हो हुँदै गइरहेको मैले महसुस गर्न थालें। एकातिर बेढङ्ग तरिकाले ट्रकहरू अड्याई राखिएको छ भने अर्कोतिर विपरीत दिशाबाट आइरहेका गाडीहरूलाई साइड दिएर अगाडि बढ्नु थियो। ती अड्याइराखेका ट्रकहरू कममा बीस-तीस बढीमा चालीस-पचासओटा भएजस्तो मैले अन्दाज गरेको थिएँ। तर अगाडि बढ्दै जाँदा झस्कँदै गएँ। एक घण्टाभन्दा बढी भैसक्ता पनि हाम्रो गाडीलाई यताबाट उता, उताबाट यता मोड्दै चिप्लँदै गुडिरहनुपरेको थियो। मानो ट्रकहरूको ताँती कहिल्यै नसकिने हो कि जस्तो थियो। फेरि कति ठाउँमा त गाडी जाम भएर पर्खेर बस्नुपर्ने बाध्यता पनि थियो। एक-डेढ घण्टाको अथक प्रयासपछि मात्र ट्रकहरूको ताँती खतम भयो। बल्ल हामीले सन्तोषको सास फेऱ्यौं। ट्रकहरू त्यहाँ कतिओटा थिए भन्ने गफ हामीमा चल्यो। कसैले ८-९ सय होलान् भने त कसैले १२-१३ सय। तर मैले भने अहिलेसम्म जिन्दगीमा यतिका ट्रकको ताँती कहीं पनि कहिल्यै देखेको थिइनँ। ट्रकका ती ताँती देख्ता मैले जिब्रो टोक्नुपऱ्यो। फेरि अड्याइराखेका ती ट्रकहरू राम्ररी साइड लगाएर अरू गाडीलाई गुड्न अप्ठ्यारो नपर्ने हिसाबले राखेको भए पनि एउटा कुरा, तर ड्राइभर न ठहरियो। 'कपडामा कमसल फाइबर मान्छेमा ड्राइभर' भन्ने हाम्रो उखान त्यसै बनेको होइन रहेछ भन्ने त्यहाँ राम्ररी चरितार्थ भएको महसुस गरें। अनि मैले आफ्नो ड्राइभरलाई "होइन, यहाँ पुलिसहरू हुँदैनन् कि कसो ? यस्तो



Downloaded from http://www.dhamma.digital

गन्जागोल ट्राफिक भएको ठाउँमा खोइ एउटै पुलिस पनि देखिनँ, के हो यो ?" भनी सोधेँ । जबाफमा उनले "यो विहार हो, यहाँ पुलिसलाई कसले टेर्छ र !" भने । आँ गर्दा अलङ्कार बुझेझैँ भारतको विहार राज्यमा ट्राफिक पुलिसको दयनीय अवस्था र व्यवस्था भएको मैले मनमनै गुनेँ । यसरी विहारको ग्र्यान्ड ट्रङ्क रोडमा गुडिरहँदा विभिन्न कुराले मेरो मन-मस्तिष्कलाई झकझकाइरह्यो ।

एवंक्रम गाडी आफ्नै हिसाबले गुडिरह्यो । हामी कहिले निदाउँदै, कहिले आआफ्ना सन्तानहरूबारे गफ गर्दै, कहिले बाहिरका भू-दृश्यहरूमा आँखा लगाउँदै रमाउँदै हुइँकिँदै गयौँ । पेटमा मुसा दगुरेको अनुभव हामीलाई हुँदै गयो । एक जनाले मात्र आफ्नो दर्द के सुनायो सबैले सही थापिहाले । त्यसैले आआफ्नो झोलाबाट बिस्कुट, दालमोठ, चिप्सहरू झिक्तै झुरुमझुरुम र कुरुमकुरुम गर्दै खान थाल्यौँ । तैपनि पेटलाई दरिलो पार्न भात त खानै पर्ने । हाम्रो लागि भात नै मुख्य खाना हो । त्यसैले ड्राइभरलाई खाना खाने ठाउँमा गाडी रोकिदिन अनुरोध गर्‍यौँ । ड्राइभरले पनि त्यतातिरको राम्रो ठानेको एउटा रेस्टुराँअगाडि गाडी रोकिदियो । हामी सबै रमाउँदै रेस्टुराँभित्र पस्यौं । तर उफ ! कस्तो फोहर ! जताततै झिँगैझिँगा, त्यसमाथि डुङडुङती गन्हाउने । तैपनि खानाका लागि बेरालाई अर्डर गर्‍यौँ । छिनभरमै दाल भात तरकारी आइपुग्यो । तर हेर्दैमा घिनलाग्दो कस्तो फसाद ! तैपनि मन बाँधेर खाना खान सुरु गर्‍यौँ । तर आपसोच ! भात गन्हाउने, तरकारी तिहुन सार्‍है पिरो । हामी सबैले एकआपसमा मुखामुख गर्‍यौँ । यतातिर यस्तै हो भन्ठानेर नखाईकनै भुक्तानी गर्‍यौँ । त्यसपछि केही नलागी पुरिया बिस्कुट, आलुचिप्स र चियाले पेटपूजा गर्‍यौँ । त्यसपछि हामी फेरि सारनाथ (वाराणसी) तिर हुइँकियौँ । करिब १२:०० बजेतिर ड्राइभरले हामीलाई वाराणसीको मलस्थित 'होटल वाराणसी अशोक' मा पुर्‍याइदिए । त्यहाँ हाम्रा लागि दुईओटा डबल बेडरूम ट्राभल एजेन्सीले अग्रिम बन्दोबस्त गरिराखेको हामीलाई थाहा थियो । होटल वाराणसी अशोकमा कार्यरत सुन्दरी केटीले मुस्कानसाथ हामीलाई स्वागत गर्दा मेरो थकित शरीरमा स्फूर्ति सञ्चार भएको अनुभव भयो । यो होटल वाराणसी अशोक



Downloaded from http://www.dhamma.digital

वाराणसीको आधुनिक सुविधायुक्त होटल रहेछ। त्यहाँ भएको निर्मल सफा स्विमिङपुलमा युवा-युवती, बूढा-बूढी, केटा-केटी सबै रमाउँदै पौडी खेलिरहेको देख्ता मलाई पनि मनमा उत्सुकता जाग्यो तर हामीसँग समय ज्यादै कम थियो। आरामदायी होटलमा बसी मनोरञ्जन गर्ने मनसाय र उद्देश्य पनि थिएन, त्यसैले मनको उत्सुकतालाई मनमै राखी आआफ्नो कोठामा सामानहरू थन्क्याइ भोको पेटको इच्छा शमन गर्न त्यही होटलमा रहेको स्तरीय रेस्टुराँमा घुस्यौं। त्यहाँको महँगो तर स्वादिष्ट खानाले मलाई आनन्दको अनुभूति भयो। भोक लाग्दाको भोजन निकै स्वादिष्ट र रुचिकर हुनु स्वाभाविकै थियो। भोलिपल्ट बिहानै कुशीनगरतिर प्रस्थान गर्नुपर्ने कार्यक्रम हुँदा उही दिन सारनाथको फन्को लगाउनु थियो। त्यसैले हतार गर्दै तुरुन्तै १० किलोमिटर टाढा पर्ने सारनाथ जान गाडीमा बसिहाल्यौं। सारनाथमा म पहिले पनि पुगिसकेको थिएँ करिब २०-२१ वर्षअघि। तर गइसकेको ठाउँमा गइरहँदा पनि मेरो मनमन्दिरमा उत्तिकै उत्सुकता थियो, उत्तिकै उन्मुक्तता मानौं म नयाँ ठाउँमा गइरहेछु। यसलाई मैले बुद्धदेवप्रतिको मेरो असीम श्रद्धाको अभिव्यक्ति ठान्दछु।

Dhamma.Digital

# सारनाथ

## प्रथम पटक बुद्धले उपदेश दिनुभएको स्थान

भगवान् बुद्धको जन्म लुम्बिनीमा भएको थियो, बोधगयामा। उहाँले ज्ञान र मोक्ष प्राप्त गर्नुभयो अनि कुशीनगरमा उहाँ महापरिनिर्वाण हुनुभयो। त्यस्तै सारनाथ बौद्ध जगत्को अर्को गरिमायुक्त ठाउँको नाउँ हो। यो त्यही ठाउँ हो जहाँ बुद्धदेवले सर्वप्रथम पञ्चभद्र शिष्यलाई जीवन-जगत्बारे, सद्धर्मबारे विस्तृत उपदेश दिनुभएको थियो जसलाई धर्म-चक्र-प्रवर्तन गरिएको भनिन्छ। यो त्यही पवित्र भूमि हो जहाँ भगवान् बुद्धले भिक्षुसङ्घको



Downloaded from http://www.dhamma.digital

सर्वप्रथम स्थापना गर्नुभयो । यो त्यही पुण्य भूमि हो जहाँ आफ्ना भिक्षुहरूसाथ भगवान् बुद्ध प्रथम वर्षावास बस्नुभयो । यो त्यही श्रेष्ठ भूमि हो जहाँबाट बुद्धदेवले आफ्ना साठी जना भिक्षुहरूलाई साठी ठाउँमा सर्वप्रथम लोककल्याणका लागि धर्म प्रचार गर्न पठाउनुभयो । यस्तो गरिमामय बौद्ध स्थलमा पुनः जान पाउँदा म पुलकित भइरहेको थिएँ ।

सारनाथतिर गाडी गुडिरहँदा बौद्ध साहित्यमा सारनाथबारे कहींकतै पढेका केही कुराहरू मेरो मन-मस्तिष्कमा छचल्किन पुगे । बुद्धले बोधिज्ञान प्राप्त गर्नुभन्दा पहिले पनि वर्षौंवर्ष कठोर तप र आत्मनियन्त्रण गरी शरीरलाई ज्यादै दुःख दिने गर्नुहुन्थ्यो तर पछि यसो नगरी मध्यम मार्ग अपनाउनुभई बीचबीचमा भोजन पनि गर्न थाल्नुभयो । यसबाट उहाँ पथभ्रष्ट हुनुभयो भनी उहाँका पाँच शिष्यले उहाँको साथ छोडे । बोधगयामा बुद्धत्व प्राप्तिपछि बुद्ध सर्वप्रथम सारनाथ जानुभयो । त्यहाँ आफूलाई छाडेका पाँच शिष्यसँग भेट भयो । बुद्धको दिव्य आकृतिबाट प्रभावित ती पञ्चभद्र शिष्यहरू फेरि बुद्धको शरणमा आए । त्यसै बेला बुद्धले ती पाँच शिष्यसमक्ष आफू सम्यक् सम्बुद्ध भएको घोषणा गर्नुभयो । त्यसपछि तिनीहरूलाई बुद्धले सर्वप्रथम धर्मबारे विस्तृत उपदेश दिनुभयो । बुद्धको भनाइअनुसार धम्म अर्थात् धर्मको मतलब सत्य बाटो हो जुन आर्यअष्टाङ्गिक मार्गको नामले प्रसिद्ध छ ।

Dhamma.Digital

शील, समाधि (ध्यान), प्रज्ञाअन्तर्गत पर्ने यी आर्यअष्टाङ्गिक मार्ग (आठओटा सत्य बाटो) र चार आर्यसत्यबारे बुद्धदेवले सर्वप्रथम आफ्ना पाँच शिष्यलाई दिनुभएको विस्तृत उपदेश नै बुद्धको पहिलो धम्म (धर्म) हो जसलाई 'धर्म-चक्र-प्रवर्तन' गरिएको भनिन्छ । त्यसपछि यिनै पञ्चभद्रलाई बुद्धले 'सङ्घ' मा परिणत गर्नुभयो र बुद्धको 'सङ्घ' यहींबाट सुरु हुन्छ । यसरी बुद्धको धम्म (धर्म) र सङ्घको सुरुआत भएको पवित्र भूमि सारनाथ हो । बुद्धदेवप्रति असीम श्रद्धा व्यक्त गर्न हामी भन्ने गर्छौं – 'बुद्धं शरणं गच्छामि, धम्मं शरणं गच्छामि, सङ्घं शरणं गच्छामि' (अर्थात् बुद्धको शरणमा जान्छौँ, धर्मको शरणमा जान्छौँ, सङ्घको शरणमा जान्छौँ) । वस्तुतः यो उपासनाको प्रादुर्भाव सारनाथमा बुद्धको आगमन भई आफ्ना



Downloaded from http://www.dhamma.digital

पाँच शिष्यलाई धर्मबारे पहिलो उपदेश दिई तिनीहरूलाई नै 'सङ्घ' मा परिवर्तन गरिसकेपछि भएको हो भनिन्छ ।

## *चौखण्डी स्तूप*

वाराणसीबाट सारनाथतिर गइरहँदा होटलबाटै बन्दोबस्त गरिएका गाइडलाई साथै लगेका थियौं । सारनाथ पुग्नु मिनेटअघि बायाँतिर एउटा सानो पहाडजस्तो माटोको बडेमाको ढिस्को र त्यसमाथि रहेको आठकुने घरतिर औंल्याउँदै गाइडले भने, "हेर्नुहोस्, यसलाई चौखण्डी स्तूप भनिन्छ । त्यतैतिर एउटा प्राचीन स्तूपको ध्वंसावशेष पनि भेट्टाइएको छ जसलाई 'सम्मुख चैत्य' भनिन्छ । सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरेपछि आफूलाई छाडेका पञ्चवर्गीय भिक्षुहरूलाई भेट्न बोधगयाबाट सारनाथतिर आउँदा यही 'सम्मुख चैत्य' भएतिर भेट भएको हुँदा बौद्धमार्गीहरूका लागि यो ठाउँ विशेष महत्त्वको भएको छ ।" गाइडको यस्तो व्याख्या सुन्दा बिस्तारै



चौखण्डी स्तूप, सारनाथ

गुडिरहेको गाडीलाई रोक्न लगाई त्यो ढिस्कोको फेदीमा गई 'सम्मुख चैत्य' को भग्नावशेष भएतिर मुन्टो फर्काई बुद्धदेवप्रति हामीले नमस्कार गरी आआफ्ना श्रद्धाभाव व्यक्त गर्‍यौं । सम्झनाका लागि त्यो चौखण्डी स्तूपको भिडियो फोटो खिची हामी फेरि गाडीमा बसी सारनाथतिर हुइँकियौं । सरनाथको मूल ढोकाअगाडि पुग्दानपुग्दै गाइडले गाडीलाई दायाँ-पूर्वतिर मोड्न लगाई हामीलाई सर्वप्रथम 'नयाँ मूलगन्धकुटी विहार (मन्दिर)' भएतिर लगे । एकपछि अर्को लहरै हेर्न सुविधा होस् भनेर यसो



Downloaded from http://www.dhamma.digital

गरेको होला भन्ठानें। पछि थाहा भो सारनाथको 'नयाँ मूलगन्धकुटी मन्दिर' र 'धमेखस्तूप' भएको मुख्य उद्यानतिर जान बेग्लाबेग्लै दुई ठाउँबाट जानुपर्ने तुल्याएका रहेछन्।

## *नयाा मूलगन्धकुटी मन्दिर*

गाइडको व्यवस्थाअनुसार हामी 'नयाँ मूलगन्धकुटी मन्दिर' तिर लाग्यौं। गाइडको भनाइअनुसार यो 'मूलगन्धकुटी मन्दिर' सन् १९३१ मा श्रीलङ्काबाट आएका अनागारिक धर्मपालले बनाएका रहेछन्। यस मन्दिरभित्र पस्दा ठूलो बैठकजस्तो कोठाको पर कुनामा ८ फिट अग्लो सुनको जलप लगाएको धर्म-चक्र-प्रवर्तन मुद्रामा निर्मित सुन्दर बुद्धमूर्ति देख्ता आनन्द विभोर भएँ। त्यस सुन्दर बुद्धप्रतिमानजिक पुग्नासाथ हामीले आआफ्नो श्रद्धासुमन चढाउन साष्टाङ्ग दण्डवत् गर्‍यौं र त्यतैतिर एकछिन पलेंटी मारेर बसिरह्यौं। यत्तिकैमा त्यहाँ कुनातिर रहेको अङ्ग्रेजी भाषामा लेखिएको एउटा विवरणपाटीमा मेरो आँखा पर्न गयो। उत्सुकतावश म बिस्तारै उठेर त्यतैतिर गई त्यो विवरणपाटी पढ्न थालें। त्यसको भावार्थ यस प्रकार छ : यो विहार (मूलगन्धकुटी विहार) मा चाँदीको बाकसभित्र रहेको बुद्धको अवशेष जुन छ त्यसलाई सन् १९१३-१४ मा सर जोन मार्शलले पन्जाबको प्राचीन सहर टाक्सिलामा चाँदीको सानो मुठामा बेरेर राखेको अवस्थामा पाइएको हो र यसलाई तत्कालीन भारतका भाइसराय अर्ल अफ विलिङडनद्वारा सन् १९३१ मा भारतका सम्राट् जर्ज पाँचौंको राज्यारोहण भएको बाइसौं वर्षको उपलक्ष्यमा यहाँको महाबोधि सोसाइटीलाई हस्तान्तरण गरिएको हो।



नयाँ मूलगन्धकुटी मन्दिरको सामुन्ने



Downloaded from http://www.dhamma.digital

यो विवरण पढेर बुद्धदेवको अवशेष परिमाणको दृष्टिले जतिसुकै सानो भए पनि हालसम्म यथावत् रहेको थाहा पाउँदा सार्है गद्गद भएँ ।



नयाँ मूलगन्धकुटी मन्दिरभित्रको बुद्धप्रतिमाप्रति आदरभाव अर्पण

साथै त्यो अवशेष भएको चाँदीको सानो सन्दुस यही मूलगन्धकुटी विहारको सुन्दर बुद्धप्रतिमाको मुन्तिर जतनसाथ राखिएको कुरा पनि थाहा पाएँ ।

*बुद्धका चित्रहरू*

यस मन्दिरको बैठककोठाभित्र दायाँबायाँ र दक्षिणतिरको भित्तामा प्रस्तुत गरिएको जन्मदेखि निर्वाणसम्मका बुद्धको जीवनसँग सम्बन्धित प्रमुख घटनाका ठूलाठूला राम्राराम्रा चित्रहरू अति सुन्दर एवं अति मार्मिक लाग्यो । यी चित्रहरू जापानका प्रसिद्ध चित्रकार कोसेत्स नोसु (Kosets Nosu) ले बुद्धदेवप्रतिको श्रद्धासुमनबापत सन् १९३२ देखि १९३६ सम्म चार वर्ष लगाएर बनाएका हुन् भन्ने कुरा पनि गाइडबाट थाहा पाएँ । साँच्चै जापानीहरूजस्तै हामी नेपाली पनि बुद्धप्रति आस्था र श्रद्धा व्यक्त गर्न जान्ने भएको भए बुद्धभूमि नेपालको गरिमा कति उच्च हुने थियो होला भन्ने भावना ममा किन किन पर्न गयो ।

जापानको चित्रकारले चार-चार वर्ष लगाएर बनाएका भगवान् बुद्धका ती प्रमुख जीवन-झाँकीहरूलाई 'लाटाले केरा हेरेझैं' सरसरती हेर्नुमा मात्र मैले चित्त बुझाइन्,' यथेष्ट ठानिनँ । सर्वप्रथम ती सबै चित्रलाई मैले



Downloaded from http://www.dhamma.digital

आफ्नो भिडियो क्यामराभित्र सँगालें। त्यसपछि ती चित्रबारे गाइडलाई सविस्तार वर्णन गर्न अनुरोध गरें। मेरो अनुरोधलाई स्वीकार्दै हाम्रा विज्ञ गाइडले ती चित्रबारे सविस्तार वर्णन गर्न थाले। मैले ती कुराहरू छोटकरीमा आफ्नो नोटबुकमा लेख्तै गएँ। मेरा यी क्रियाकलापहरू सहयात्रीहरूलाई त्यति मन परिरहेको थिएन। उनीहरू भित्रभित्रै उकुसमुकुस हुँदै थिए। उनीहरूको मनोकामना बुझ्दै नबुझ्ने म त्यतिको गोँज पनि त होइन। तैपनि ती चित्रहरूबारे विस्तृत जानकारी लिँदै थिएँ। राम्रो कुरा प्राप्त गर्न विपरीत स्थिति-परिस्थितिमा अलि हठी र एकोहोरो पनि हुनुपर्छ भन्ने सद्बुद्धि सारनाथको त्यो मूलगन्धकुटी मन्दिरभित्र फेरि एकपल्ट मेरो दिल-दिमागमा घन्किन पुग्यो। गाइडले हामीलाई सर्वप्रथम त्यस मन्दिरको प्रवेशद्वार अर्थात् दक्षिण भित्ताका चित्रहरूको अवलोकन गराउँदै वर्णन गर्दै थिए।

*दक्षिणी भित्ता*

यसको माथि पूर्व कुनामा हामीले देख्यौँ-देवगणहरू बोधिसत्त्वसमक्ष हात जोड्दै मृत्युलोकमा जन्म लिनका लागि प्रार्थना गरिरहेका छन्। यसैको तलतिरको चित्रमा रानी मायादेवी सपना देखिरहेकी छिन्। यी



नयाँ मूलगन्धकुटी मन्दिरको भित्तामा अंकित केही चित्रहरू

दुवै चित्रको दायाँ अर्थात् पश्चिमतिर लुम्बिनीमा सिद्धार्थको जन्म भएको सुन्दर चित्र कोरिएको छ। यतै तलतिर सिद्धार्थको जन्म भएको खुसीयालीमा



Downloaded from http://www.dhamma.digital

दानक्रियाका चित्र छन् । यससँगैको चित्रमा असिता ऋषि सिद्धार्थलाई आदरपूर्वक लिएर हेरिरहेका छन् । यसैको दायाँ माथितिर सिद्धार्थ गौतम एउटा ठूलो वृक्षमुनि पलेंटी मारेर ध्यानभावनामा हुनुहुन्छ भने यसैको सामुन्ने अघिल्तिर महाराज शुद्धोदनले हलो जोतिरहनुभएको छ । यसको तलतिर सिद्धार्थ गौतमको गृहत्यागको चित्र बडो मार्मिक तरिकाले कोरिएको छ । यसमा सुतिरहेकी रानी यशोधरा र शिशु राजकुमार राहुललाई सिद्धार्थ गौतमले अन्तिम पटक ढोकाबाट चियाएर हेरिरहनुभएको मर्मस्पर्शी चित्रले जस्तोसुकै कठोर हृदयमा पनि भावनाका लहरहरू नफैलाउला भन्न सकिन्न ।

*पश्चिमी भित्ता*

त्यसपछि हामीले पश्चिमी भित्तातिर हेर्न थाल्यौं । माथि बायाँ कुनातिर महाभिनिष्क्रमण अर्थात् सिद्धार्थ गौतमको गृहत्यागको चित्र बडो राम्ररी प्रस्तुत गरिएको छ । यो चित्रको दायाँ अर्थात् उत्तरतिर सिद्धार्थ सत्यको खोजीमा आलार कालाम भन्ने एक जना ऋषिसँग कुराकानी गरिरहनुभएको चित्र छ । यसैको तलतिर सिद्धार्थका पञ्चभद्र शिष्यहरूका चित्रहरू छन् । यतै फेरि तलतिर तपस्यामा लीन हुनुभएका सिद्धार्थलाई सुजाताले खीर अर्पण गरिरहेको सुन्दर चित्रले मेरा नेत्रद्वयलाई हुनसम्म तानिरह्यो । यो पश्चिमी भित्ताको बीचमा रहेको ढोकामाथि विभिन्न थरीका मारहरू आइलागे पनि सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त



सुजाताबाट खीर अर्पण (नयाँ मूलगन्धकुटी मन्दिरको भित्तामा अंकित चित्र)



Downloaded from http://www.dhamma.digital

गर्नुभएको चित्र मलाई अति सुन्दर, शान्त र महान् लाग्यो। महामना बुद्धप्रति नतमस्तक बनी शिर झुकाई मैले आफ्नो श्रद्धाभाव व्यक्त गरें। यस चित्रको माथि र तल दुईओटा चित्रहरूमध्ये माथितिर बुद्धदेव धर्म-चक्र-प्रवर्तन गरिरहनुभएको र तलतिर राजा बिम्बिसारलाई उपदेश दिइरहनुभएको छ। यस पश्चिम भित्ताको अन्तमा जेतवन विहार बनाउन अनाथपिण्डकले दान दिइरहेको चित्र कोरिएको छ। पश्चिमी भित्ताका चित्रहरू हेर्दै जाँदा अन्त्यमा हामी त्यस मन्दिरको मुख्य ठाउँ अर्थात् बुद्धप्रतिमासम्मुख फेरि पुग्यौं। हेर्दा अहिले नै प्रवचन दिन मुख खोल्नुहुन्छ कि जस्तो लाग्ने त्यस सुन्दर बुद्धमूर्तिप्रति फेरि एक पटक शिर झुकाई नमस्कार गरी पूर्वी भित्तातिरका चित्रहरू अवलोकन गर्न तल्लीन भएँ।

*पूर्वी भित्ता*

यो भित्ताको उत्तर कुनाबाट हेर्दै जाँदा सर्वप्रथम भगवान् बुद्ध एक जना रोगी भिक्षुको सेवाशुश्रूषा गरिरहनुभएको चित्र देखें। त्यसपछि पानीका लागि युद्ध गर्न तत्पर शाक्य र कोलियहरूलाई बुद्ध उपदेश दिंदै हुनुहुन्छ। यसको तलतिर भिक्षुसङ्घसहित बुद्धदेव कपिलवस्तुमा हुनुभएको देखें। साथै, महाराज शुद्धोदन र राजकुमार राहुल पनि त्यतैतिर देखिन्छन्। यतैतिर माथिल्लो भागको एउटा चित्रमा देवदत्त र अजातशत्रु बुद्धको विरुद्धमा केही षड्यन्त्र रच्न कुराकानी गरिरहेका छन्। यो देख्ता हामी मानिस उक्लिएर बुद्धजस्तो महान् र ओर्लेर देवदत्तजस्तो छुद्र हुन सक्तारहेछौं भन्ने भावना मेरो मनमा आयो। यसैको तल एउटी अछूत केटीले भिक्षु आनन्दलाई खानेपानी अर्पण गरिरहेकी छिन्। त्यतैतिर एक ठाउँमा बुद्धदेव हत्यारा अंगुलीमाललाई उपदेश दिंदै हुनुहुन्छ। यस भित्ताको बीचभागतिर रहेको ढोकामाथिचाहिँ कुशीनगरमा भगवान् बुद्धको महापरिनिर्वाणको चित्र बडो मर्मस्पर्शी ढङ्गले देखाइएको छ।

यसरी मूलगन्धकुटी विहारभित्रका भित्ताहरूमा अङ्कित सुन्दर चित्रहरू एकएक गरी हेर्दै उपयुक्त वर्णनसाथ त्यसमा सजीवता भरिदिने हाम्रा गाइडदेखि म सार्है गद्गद भएँ। त्यसैले काठमाडौं फर्केर आएपछि उनलाई मैले एउटा प्रशंसापत्र (Letter of Appreciation) पनि पठाउन



Downloaded from http://www.dhamma.digital

चुकिनँ । प्रशंसा गर्न योग्यलाई हामीले मौकैमा प्रशंसा गरिहाल्नुपर्छ, कन्जुस्याइँ गर्नु हुन्न । यसबाट हाम्रो उदारता मात्र झल्कने होइन, प्रशंसा पाउने व्यक्तिको मनोबल पनि दरो हुन्छ । सायद यस्तैलाई आन्तरिक विकास भनिँदो हो । बुद्धको प्रमुख उपदेश पनि मरेपछि स्वर्गको आशा गर्नुभन्दा यही जीवनमा हामीले आफूलाई विकसित गर्दै मोक्ष (मोहको क्षय) प्राप्त गर्नुपर्छ भन्ने हो ।

### *बुद्ध र पञ्चभद्र भिक्षुहरूको सुन्दर प्रतिमा*

त्यसपछि हामी बाहिर निस्क्यौँ । गाइडले हामीलाई यस मन्दिरभन्दा अलि पर सायद पूर्वतिर हो क्यारे लगे । त्यहाँ भित्र पस्ता खुला ठाउँमा एउटा ठूलो पीपलको बोटमुनि भगवान् बुद्धले पञ्चभद्र भिक्षुहरूलाई पहिलो



भगवान् बुद्ध र पञ्चभद्र भिक्षुहरूका प्रतिमा

शिक्षा दिएको भावमा निर्मित सुन्दर मूर्तिहरू देख्ता म झसङ्ग भएँ । त्यहाँको त्यो शान्त वातावरणमा बुद्धदेव र पञ्चभद्र भिक्षुहरूका मूर्तिहरूको बनावटमा यस्तो सजीवता र यथार्थता झल्कन्थ्यो कि मानौं अहिले नै बुद्धले पञ्चभद्रलाई उपदेश दिइरहनुभएको हो कि जस्तो देखिन्थ्यो । यतैतिर भगवान् बुद्धका अरू ससाना सिङ्गमरमरका मूर्तिहरूले पनि त्यहाँको वातावरणमा मनमोहकता थपिरहेको छ जस्तो लाग्यो ।



Downloaded from http://www.dhamma.digital

## *बोधिवृक्षको कलमी*

त्यहाँ रहेको पीपलको घना वृक्ष वास्तवमा बोधिवृक्षको नै शाखा हो भन्ने कुरा गाइडले बताए। उनको भनाइअनुसार बोधिसत्त्व सिद्धार्थ गौतमले बोधगयाको एउटा वृक्षमुनि ध्यान गर्नुहुँदा बुद्धत्व प्राप्त भएपछि उहाँलाई बुद्ध र त्यो वृक्षलाई बोधिवृक्ष भनिएको हो। कालान्तरमा संसारका विभिन्न ठाउँमा त्यो बोधिवृक्ष कलमी गरी बुद्धगयाबाट ससम्मान हाँगाहरू लगिए। यही बोधिवृक्षको एक शाखा श्रीलङ्कामा पनि पुगेको रहेछ। सन् १९३१ मा श्रीलङ्काका अनागारिक धर्मपाल सारनाथ आउँदा आफ्नो देशमा रहेको सो बोधिवृक्षको एक कलमी ल्याई अहिले हामी घुमिरहेको खुला ठाउँमा रोपेका रहेछन्, सो हाल झाँगिएर विशाल भएको छ। त्यसैले यस वृक्षलाई पनि हामीले बोधिवृक्ष नै मानी श्रद्धासाथ प्रणाम गर्‍यौं। सारनाथमा विभिन्न महत्त्वपूर्ण कुराको निर्माण गर्ने तथा स्यहारसम्भार कार्य गर्ने अनागारिक धर्मपालको सन् १९३५ मा निधन भयो। उनको धर्मकार्यप्रति कृतज्ञता ज्ञापन गर्न उनको पार्थिव शरीरलाई त्यतैतिर एक ठाउँमा समाधिस्थ गरिएको कुरा पनि गाइडबाट थाहा पायौं। उनको सत्कार्य सुन्दा साँच्चै धर्मकार्यमा पनि संलग्न हुनुपर्ने रहेछ भन्ने भावना कताकता मेरो मनको एउटा कुनामा पर्न गयो।

## *धमेखस्तूप*

Dhamma.Digital

त्यसपछि हामी बाहिर निस्क्यौं। धमेखस्तूपतिर जान गाइडले हामीलाई अर्कै मूल ढोकातिर लगी क्यामेरा र भिडियो क्यामेराका लागि थप टिकट किन्न लगाएर भित्र लगे। सारनाथमा म पहिले पनि गएको थिएँ। त्यस बेला यस्तो व्यवस्था थिएन। एउटै मूल ढोकाबाट छिरे पुग्थ्यो। यसरी फेरि टिकट किनेर अर्को मूल ढोकाबाट जानु पर्दैनथ्यो। जे होस्, सारनाथको त्यो भव्य, सुन्दर तथा रमणीय उद्यान देख्ता मन आनन्दित भयो। हामी संसारप्रसिद्ध स्थल 'धमेखस्तूप' तिर सोझै गयौं। गाइडले गरेको वर्णनअनुसार यो त्यही भव्य स्तूप हो जहाँ सिद्धार्थ गौतमले सम्यक् सम्बोधि प्राप्त गरिसकेपछि सर्वप्रथम पाँच जना भिक्षुलाई मोक्ष र निर्वाण प्राप्त गर्न आर्यअष्टाङ्गिक मार्ग (आठ मार्ग) को शिक्षा र दीक्षा



Downloaded from http://www.dhamma.digital

प्रवर्तन गर्नुभएको थियो । बौद्ध धर्ममा सिद्धार्थ गौतमको गृहत्यागलाई 'महाभिनिष्क्रमण' तथा बुद्ध भएपछिको शरीरत्यागको घटनालाई 'महापरिनिर्वाण' भनिन्छ । त्यस्तै सारनाथको त्यो धमेखस्तूप भएको ठाउँमा बसी दिनुभएको प्रथम उपदेशलाई 'धर्म-चक्र-प्रवर्तन' भनिन्छ । यसरी बुद्धदेवले संसारमा ज्ञानको ज्योति फैलाउने कार्य सुरु गर्नुभएको पहिलो ठाउँ यही 'धमेखस्तूप' रहेको ठाउँ रहेछ । अतः त्यहाँ पुग्दा त्यस स्तूपको महत्ता र पवित्रताप्रति हामीले सक्तो श्रद्धाभावना अर्पण गर्‍यौं । यस स्तूपबारे गाइडले थप विस्तृत वर्णन गरेकोबाट हामीले थाहा पायौं - यस धमेखस्तूपको श्रीगणेश सम्राट् अशोकले गरे तापनि यसको निर्माण पाँचौं-छैटौं शताब्दीतिर भएको अनुमान गरिएको छ । तर यसको कसले निर्माण गरेको हो भन्ने कुराचाहिँ हालसम्म शोधखोज र अन्वेषणको विषय बनेको छ । यसको पुनःनिर्माण भने समयसमयमा हुँदै आइरहेको रहेछ । धमेखस्तूप भएको ठाउँमा 'ये धर्मा हेतु प्रभवा' लेखिएको शिलापत्र भेटिएछ जसबाट धमेखस्तूपको महत्ता थाहा पाइएको रहेछ । धमेखस्तूपको पुरानो नाम 'धर्म-चक्र स्तूप' थियो भन्ने कुरा पनि त्यही शिलापत्रबाट थाहा पाइयो । यो स्तूपको वरिपरि भित्तामा विभिन्न भाषामा लेखिएका शिलापत्रहरू, स्वस्तिक चिह्नहरू, फूलका हाँगाबिँगाहरू तथा चराचुरुङ्गीका रेखाङ्कनहरू राम्ररी कुँदिएका छन् । ३९ मिटर



सारनाथको धमेखस्तूपमा

उचाइ र २८ मिटर व्यास भएको यो धमेखस्तूपजस्तो निर्माण हालसम्म संसारको कुनै भागमा छैन होला जस्तो मलाई लागिरह्यो । त्यसै बेला धर्म-चक्र-प्रवर्तनबारे बौद्ध साहित्यमा पढेका कुराहरू मैले झलझली सम्झन



Downloaded from http://www.dhamma.digital

थालें । बुद्धले सर्वप्रथम धर्मदेशना गर्नुभएको ठाउँ सारनाथको त्यो धमेखस्तूपसम्मुख उपस्थित हुन पाउँदा मजस्तो बौद्ध अनुयायी तथा बुद्धको चरणाभिलाषीको मनमन्दिर आनन्दले कति पुलकित भइरह्यो होला त्यो लेखेर लेख्न सकिने वा भनेर भन्न सकिने कुरा होइन ।

धमेखस्तूपको वरिपरि घुमिसकेपछि गाइडले हामीलाइं पश्चिमतिर लगे । त्यता ठाउँठाउँमा रहेका अनेक ससाना स्तूपहरूका भग्नावशेषहरू देखाउँदै श्रद्धालु भक्तजनहरूले आआफ्ना इच्छानुसार यी स्तूपहरू बनाएका हुन् भन्ने कुरा बताए । त्यसपछि हामीलाई धर्मराजिक स्तूपको भग्नावशेष भएतिर लगे । इसापूर्व तेस्रो शताब्दीमा पहिलोपटक सम्राट् अशोकले निर्माण गरेको यो स्तूपको कालान्तरमा सात चोटि जीर्णोद्धार भैसकेको रहेछ । पहिले निकै भव्य रूपमा रहेको यो स्तूपको अतीतको दुःखपूर्ण घटना प्रस्तुत गर्दै गाइडले सन् १८५१ मा काशी नरेशका एक जना दिवान जगतसिंह भन्नेले यो स्तूपलाई भताभुङ्ग पारी भत्काई त्यसका इँटाहरू सबै वाराणसीमा लगी आफ्नो महल बनाएको कुरा बताए । भनिन्छ, त्यस



सारनाथको धर्मराजिकस्तूपको भग्नावशेष

बेला यो स्तूपभित्र बुद्धको एउटा सुन्दर भव्य प्रतिमा फेला परेको थियो । साथै त्यहाँ एउटा हरियो दर्शनढुङ्गाको सानो सुन्दर सन्दुस पनि पाइएको थियो जसमा अस्थिधातुहरू, मोतीहरू, स्वर्णपात्रहरू थिए । ती अस्थिधातुहरू



Downloaded from http://www.dhamma.digital

अरू कसैको नभई भगवान् बुद्धको नै हो भनी गाइडले बताए। तर ती सबै अमूल्य निधिहरू बेवकुफ जगतसिंहले वाराणसीको गङ्गाजीमा फालिदिएका रहेछन्। यो कुरा थाहा पाउँदा मलाई सार्‍है दुःख लाग्यो। सन् १९०८ को उत्खननबाट त्यहाँ भएका अरू स्तूपहरूमध्ये यो धर्मराजिक स्तूप सर्वाधिक महत्त्वपूर्ण, पवित्र र उच्च भएको प्रमाणित भएको छ भनी गाइडले भने। यो सुनी बुद्धदेवप्रति असीम श्रद्धाभाव व्यक्त गर्न त्यस ठाउँमा २०-२५ मिनेटसम्म म ध्यानभावनामा बसें। सहयात्रीहरूचाहिँ एक ठाउँमा बसी गफसफ गरिरहे। ध्यान र गफसफमा आकाशजमिनको अन्तर छ भन्नुमा अतिशयोक्ति नहोला। एउटा हीरा हो भने अर्को कीराजस्तो मलाई लाग्छ।

अर्को कुरा, यस्तो महत्त्वपूर्ण स्तूपको करुण कहानी सुन्दा सन् २००१ को मार्च महिनामा अफगानिस्तानका तालिवान समूहले बाबियान सहरमा रहेको विश्वकै सबैभन्दा अग्लो (१७५ फिट उचाइको) उभिएको बुद्धको मूर्ति ध्वस्त पारेको दुःखद घटना सम्झन पुगें। अफगानिस्तानमा पाँचौं शताब्दीमा निर्मित बुद्धको त्यो भव्य ऐतिहासिक महत्त्वको मूर्तिलाई नष्ट नगर्न विश्वका धेरै मुलुकले अनुरोध गरेका थिए। कति ठाउँमा त उनीहरूको कुकृत्यप्रति विरोध तथा जुलुस पनि निस्क्यो। तर धर्म, संस्कृति तथा सभ्यताका विरोधी तालिवानले आफ्नो घिनलाग्दो फोहोरी चेहरा विश्वसामु देखाइछाडे। यसबाट मजस्तो शान्तिप्रिय तथा बुद्धदेवप्रति श्रद्धा राख्ने व्यक्तिको हृदयमा चोट पर्नु स्वाभाविकै हो। साथै मलाई कस्तो लाग्यो भने तालिवानजस्ता असभ्य र अहङ्कारी समूहलाई निर्मूल पार्न अन्तर्राष्ट्रिय समुदायबाटै कठोर कारबाही हुनुपर्छ।

### *मुख्य मन्दिर*

त्यसपछि गाइडले हामीलाई नजिकै उत्तरतिर रहेको मुख्य मन्दिर (Main Shrine) को भग्नावशेषतिर लगेर देखाए। यसको ऐतिहासिक तथ्य प्रस्तुत गर्दै गाइडले भने, "आठौँ शताब्दीमा निर्मित २०० फिट अग्लो यो भव्य मन्दिरको भग्नावशेष हाल २२ फिट उचाइ र ६४ फिट लम्बाइ-



Downloaded from http://www.dhamma.digital

चौडाइमा सीमित भएको छ।" हुन पनि यो मन्दिरको गारोको भव्य मोटाइबाट यसको उचाइको अनुमान सजिलैसँग गर्न सकिन्छ। कुनैकुनै पुरातत्त्वविद्हरूको भनाइअनुसार सारनाथको गन्धकुटी यही हो र यहीं बसेर भगवान् बुद्धले 'धर्म-चक्र-प्रवर्तन' को सूत्र प्रतिपादन गर्नुभएको थियो। बुद्धदेवले आफ्ना साठी जना भिक्षुहरूसँग पहिलो वर्षावास बसेको पवित्र ठाउँ यही हो भन्ने कुरा गाइडबाट थाहा पाउँदा म आनन्दले विभोर भएँ। तत्काल मेरो हृदयबाट प्रस्फुटिट श्रद्धासुमनबापत मैले यही भग्नावशेषको एक भागलाई बुद्धको चरण सम्भी ढोगें। प्रसिद्ध चिनियाँ यात्री हुयेनसाङले पनि यही गन्धकुटीमा भगवान् बुद्ध आराम गर्नुहुन्थ्यो, वर्षावास बस्नुहुन्थ्यो, ध्यान गर्नुहुन्थ्यो भनेर आफ्नो यात्राविवरणमा लेखेको पाइन्छ।

हाम्रा गाइडहरूबारे केही कुरा भनिहालूँ। हाम्रो यो तीर्थयात्रामा सुरुदेखि नै लाइसेन्सवाला स्तरीय गाइडहरूको सेवा लिंदै आइरहेका थियौं। नालान्दा र राजगिर देखाउने गाइड राम्रै थिए। त्यो भन्दा बोधगया घुमाउने गाइड भन् राम्रो इतिहासमा एम. ए. गरेका थिए भने सारनाथ घुमाउन होटलबाटै बुक गरेर सँगै ल्याएको गाइड त सारनाथ बारे Ph. D (विद्यावारिधि) गरिरहेका सुयोग्य पुरुष रहेछन्। यस्ता स्तरीय गाइडहरूको सेवा पाउन सक्नु मेरो लागि ठूलो भाग्य नै हो। अन्यथा मेरा यी यात्रा विवरणहरू यस किसिमले प्रस्तुत हुन सक्ने थिएन होला। अतः ती गाइडहरू प्रति हृदयदेखि म आभार व्यक्त गर्दछु।

### *अशोकस्तम्भ*

त्यसपछि हामी त्यतैतिर अलि पर सम्राट् अशोकले प्रतिष्ठापन गरेको अशोकस्तम्भ हेर्न गयौं। कलिङ्गको युद्धपछि युद्धको विभीषिकाबाट विरक्त भई युद्धको नीतिलाई नै परित्याग गरी सम्राट् अशोक बुद्धदेवले प्रतिपादन गर्नुभएको शान्ति र मित्रताको बाटोतिर उन्मुख हुन थालेछन्। त्यसपछि बौद्ध धर्मको प्रचारप्रसारमा यिनी दत्तचित्त भएछन्। त्यैसेले विभिन्न बौद्ध स्थलहरू जस्तै साँची, वैशाली, लुम्बिनी र सारनाथमा यिनले ठूल्ठूला अग्लाअग्ला स्तम्भहरू खडा गरी तिनमा बुद्धधर्मबारे अभिलेख



Downloaded from http://www.dhamma.digital

कोर्न लगाएछन् । सारनाथमा भएको अशोकस्तम्भको उचाइ पहिले २० मिटर थियो रे । तर अहिले यो स्तम्भको रूपमा ठाडो स्थितिमा छैन । आफै ढलेर हो वा अरू कसैले बिगारेर हो यो हाल तीन-चार टुक्रामा विभाजित छ । बीचको र तल्लो भाग त्यहीँ खुला उद्यानमा फलामको रेलिङभित्र कसैले छुन नसक्ने गरेर जतनसाथ राखिएको हामीले देख्यौँ । यस स्तम्भको माथिल्लो भागचाहिँ सारनाथ सङ्ग्रहालयमा सुरक्षितसाथ राखिएको छ भन्ने कुरा गाइडले बताए । अशोकस्तम्भको गहनता र महत्ताबारे गाइडले फटाफट फलाकेको वर्णनबाट म स्तम्भित भएँ । उनको वर्णनअनुसार कमलको फूलको भावमा निर्मित त्यो अशोकस्तम्भबारे विभिन्न विद्वान्हरूले विभिन्न अर्थ लगाएका रहेछन् । त्यो स्तम्भको माथि टुप्पामा आसनमा बसेको चार दिशातिर फर्केको चारओटा टाउको भएको एउटा आकर्षक सिंहको मूर्ति थियो । त्यो मूर्तिको तल बीचमा एउटा चक्र छ जसले धर्मचक्रलाई सङ्केत गर्दछ । त्यही चक्र अर्थात् धर्मचक्रलाई प्रतीकको रूपमा भारत सरकारले स्वतन्त्रतापछि आफ्नो राष्ट्रिय झण्डाको बीचमा राखी बुद्ध र बौद्ध धर्मलाई यथोचित सम्मान गरेको छ भन्ने सुन्नासाथ म खुसीले गद्गद भएँ । यो कुरा मलाई पहिले थाहा थिएन । बुद्धको शिक्षा प्रतीकात्मक रूपले संसारसमक्ष प्रस्तुत गर्न भारत सरकारले गरेको यो सत्कार्य साँच्चै सराहनीय छ । बुद्धदेवको महिमा बुझेर यस किसिमको सद्बुद्धि र सद्विवेक हामी नेपालीमा कहिले प्रस्फुरण होला भनी म घोरिन पुगेँ । यद्यपि अशोकस्तम्भको माथिल्लो भाग त्यहाँ नहुँदा गाइडले वर्णन गरेका कुराहरू देख्न नपाउँदा भने अलिकति बेस्वादिलो अनुभव हुन पुग्यो ।

अशोकस्तम्भको अवलोकनपछि हामी फेरि उत्तरतिर लाग्यौँ । त्यतातिर स्तूपहरू र विहारहरूका भग्नावशेष यत्रतत्र छरिएर रहेका देख्यौँ । ती भग्न ठाउँहरूबाट प्राप्त बुद्धका प्राचीन सुन्दर मूर्तिहरूचाहिँ स्थानीय सङ्ग्रहालयमा राखिएका छन् भन्ने सुन्दा सन्तोषको अनुभूति भयो । बुद्धका अमूल्य मूर्तिहरू चोरी निकासी होला भनेर भारतीय जनमानसले उहिल्यै थाहा पाइसकेको देख्ता म चकित भएँ । हामीकहाँ वर्षौंपहिलेदेखि सयौँ अमूल्य मूर्तिहरू चोरी निकासी भइरहँदा पनि



Downloaded from http://www.dhamma.digital

लाटोकोसेरोझैं हामी टुलुटुलु हेरिरहन्छौं, केही गर्न सक्तैनौं । कस्तो विडम्बना, कस्तो दुर्भाग्य हामी वीर नेपालीहरूको ! आफ्नो देशको दुरवस्था सम्झँदा मजस्तो एक जना स्वाभिमानी देशवासीको मनमा खल्लो अनुभूति हुनु स्वाभाविक हो ।

भैगो, यो कुरालाई यही थामूँ । अब पुण्यभूमि सारनाथकै वर्णन गरूँ । माथि उल्लिखित भग्नावशेषहरू भएको एक ठाउँमा एउटा सूचनापाटीमा अङ्ग्रेजीमा यस्तो लेखेको देखें Visitors are requested not to walk on the ancient walls and structures. (आगन्तुक-हरूलाई प्राचीन गारो र निर्माणहरूमा पाइला नहाल्नुहोला भनी अनुरोध गरिन्छ ) यस्तो नम्र निवेदनले जस्तोसुकै कठोर हृदय भएको मानिसमा पनि यस्तो पवित्र भूमिप्रति सद्विवेक पलाउनेछ भन्ने मलाई लाग्यो ।

*भग्नावशेष स्तूप, चैत्य र विहार*

त्यहाँ एघारौं शताब्दीमा बौद्ध महारानी कुमारदेवीले बनाएको भव्य 'धर्मचक्रजीन विहार' को भग्नावशेष पनि गाइडले हामीलाई देखाए । साथै त्यतैतिर विहार नं. २ र विहार नं. ३ (Monastery II र Monastery III) का भग्नावशेष पनि देख्यौं । त्यहाँ एउटा मानवनिर्मित सुरुङ पनि हेर्‍यौं । धर्मचक्रजीन विहारमा बस्नुहुने भिक्षुहरूलाई आरामसाथ विहार नं. ३ मा गई ध्यानभावना गर्न यो सुरुङको निर्माण गरिएको भन्ने



सारनाथको एउटा भग्नावशेष विहारमा



Downloaded from http://www.dhamma.digital

कुरा गाइडबाट थाहा पाउँदा मलाई धेरै आनन्द लाग्यो । ध्यान र बुद्ध वास्तवमा पर्यायवाची शब्द हुन् भन्नुमा अत्युक्ति नहोला कि ? त्यहाँ रहेका स्तूप, चैत्य, विहार तथा मन्दिरहरूका भग्नावशेष देख्ता भगवान् बुद्धप्रति उहिलेका पुर्खाहरूमा भएको धार्मिक चेतनाको आभासले ममा धेरै उत्सुकता र प्रेरणा जागृत भयो ।

त्यसपछि हामी एकातिर चउरमा बसी सँगै ल्याएका खाजाहरू बाँडचुँड गरी खान थाल्यौं । त्यसै बेला मैले गाइडसँग सारनाथको ऐतिहासिक विवरणबारे उत्सुकता देखाउँदा उनले तथ्ययुक्त विवरण प्रस्तुत गरेको सार्‍है घत लाग्यो । कक्षामा प्राध्यापकले प्रवचन दिएझैं गरी उनले धाराप्रवाह वर्णन गरेको सुन्दा म सार्‍है प्रभावित भएँ । त्यो प्रसङ्ग मेरो मानसपटलमा आजसम्म पनि छापाझैं रहिरहेको छ । मेरो लागि सञ्जीवनी सिद्ध भएको मैले टिपोट गरेको सारनाथको त्यो ऐतिहासिक पृष्ठभूमि पाठकवर्गलाई रोचकै होला भनी यहाँ प्रस्तुत गर्न चाहन्छु ।

*सारनाथको इतिहास*

सारनाथको प्राचीन ऐतिहासिक नाम ऋषिपत्तन रहेछ । त्यस बेला त्यहाँ पाँच सय जना ऋषिहरू बस्ने आश्रम थियो । साथै त्यहाँ असङ्ख्य मृगहरू भएको हुनाले त्यो ठाउँ मृगदाव नामले पनि प्रसिद्ध थियो । यसरी पहिलेदेखि नै रमणीय उपवनको रूपमा भएको र बुद्धदेवको आगमन भएपछि त सुनमा सुगन्ध भनेझैं त्यस क्षेत्रले पवित्रताको बाक्लो घुम्टो ओढ्ने सौभाग्य पाएको रहेछ । तर त्यसको लगभग ३०० वर्षपछि त्यसको त्यो ऐतिहासिक पृष्ठभूमि एक किसिमले लोप भएको रहेछ । त्यस बेलाका कुनै पनि स्तम्भ फेला पर्न सकेको रहेनछ । भारतका सम्राट् अशोकको त्यहाँ 'अशोकस्तम्भ' र 'धर्मराजिक स्तूप' का निर्माण भएपछि मात्र त्यो ठाउँले पवित्र बुद्धभूमिको रूपमा प्रसिद्धि पाउन थालेको रहेछ । बौद्ध धर्मको प्रमुख स्थल बनिसकेको यहाँ सातौं शताब्दीतिर एउटा यस्तो भव्य धर्मशाला बन्यो जहाँ १५०० जना बौद्ध भिक्षुहरूलाई खानेबस्ने राम्रो व्यवस्था थियो । यसरी सारनाथको महत्ता दिन दुगुना रात चौगुना हुँदै



Downloaded from http://www.dhamma.digital

त्यसको गरिमामय गाथा बान्हौं शताब्दीसम्म रह्यो । त्यसपछि बनारसका हिन्दू राजाहरूले सारनाथतिर गुम्बा, धर्मशाला, स्तूपहरू भत्काउन लगाई तिनका इँटा, ढुङ्गाहरू आआफ्ना इच्छानुसारका भवनहरू बनाउन उठाएर लगेछन् । त्यस्तै मुसलमानहरूको शासनकालमा सारनाथको केही कुनै उन्नति भएन बरु अवनति नै भएछ । केवल मुगलराजा अकबरले भने सारनाथको पवित्र स्तूपमा मिनार बनाई अलिकति भए पनि केही सघाउ पुऱ्याइदिए । त्यसपछि अङ्ग्रेजहरूको शासनकालमा सारनाथले ऐतिहासिक महत्त्व राख्तछ भन्ने गाइँगुइँ हल्ला चलेछ र त्यसैले त्यहाँ सन् १७९८ मा केही उत्खननकार्य भएछ तर ठोस कुरा केही नभेटाउँदा त्यो हल्ला त्यसै सेलाएर गएछ । पछि सन् १८३६ मा फेरि प्रसिद्ध पुरातत्त्ववेत्ता अलेक्जेन्डर कनिङ्घमले राम्ररी उत्खननकार्य सुरु गरेछन् । उनको सुझबुझसहितको उत्खननकार्यबाट त्यहाँ एकपछि अर्को गर्दै महत्त्वपूर्ण सामग्रीहरू फेला परेछन् । त्यस क्षेत्रको विस्तृत उत्खननबाट मूलगन्धकुटी विहार, धर्मराजिक स्तूप, एउटा बौद्ध विहार र एउटा मन्दिर पनि भेटिएछन् । साथै बुद्धका विभिन्न मुद्राका मूर्तिहरू, सिंहस्तम्भ, अशोकस्तम्भहरू पनि भेटिएछन् । उत्खननबाट प्राप्त सामग्रीहरूबाट सारनाथको विकास र संरक्षण वस्तुतः बौद्ध धर्ममा आस्था राख्ने त्यस बेलाका राजा-महाराजाहरूबाट मात्र भएका रहेछन् भन्ने थाहा हुन्छ । बीसौं शताब्दीमा सारनाथको महत्ता फेरि एक पटक झल्क्यो । त्यस बेला भारतका तत्कालीन भाइसराय लर्ड कर्जनले बडो दिलचस्पी लिई त्यस ठाउँको संरक्षण, जीर्णोद्धार र पुनःनिर्माण गरिदिए त्यसबाट त्यहाँको रमणीयतामा यथेष्ट सघाउ पुग्न गई हालको अवस्थासम्म पुऱ्याउनमा ठूलो योगदान साबित भयो । यसरी सारनाथजस्तो बौद्ध धर्मस्थलको आधुनिक विकासमा एक जना अङ्ग्रेज साहेबको अभिरुचिप्रति आभार व्यक्त गर्दै उनलाई न्यानो अभिवादन गर्न म हिचकिचाउन्नँ ।

### *मृगदाव*

सारनाथमा बुद्धको पदार्पण हुनुभन्दा अगाडि यो ठाउँ एउटा सुन्दर उपवन थियो जहाँ असङ्ख्य मृगहरू पनि हुदाँ यस ठाउँलाई मृगदाव पनि भनिन्थ्यो भन्ने कुरा अघि भनेझैं गाइडले हामीलाई पहिले नै बताइसकेका



Downloaded from http://www.dhamma.digital

थिए । सारनाथको प्राचीन इतिहास झल्काउने मृगदावको अस्तित्वलाई विस्मृतिको खाडलमा नपुरी यसको यथायोग्य स्याहारसम्भार भइराखेको देख्ता मलाई खुसी लाग्यो । मूलगन्धकुटी विहारको उत्तरतिरको भव्य चउरको भूभागलाई तारको जालीको छेकबार लगाई मृगहरूलाई जतनसाथ पाली प्राचीन मृगदावको झझल्को प्रस्तुत गरिराखेको साह्रै राम्रो लाग्यो । मृगहरूको स्वच्छन्द विचरण र चुलबुले चाला देख्ता प्रकृतिको सुन्दरता र पवित्रता राम्ररी प्रस्फुरण भइरहेको अनुभूत गरें ।

## *अनागारिक धर्मपाल*

त्यहाँ टहल्दै जाँदा एक ठाउँमा एउटा समाधिस्थल देखाउँदै गाइडले "हेर्नुहोस् यो अनागारिक धर्मपालको समाधिस्थल हो" भने । उनको भनाइअनुसार सारनाथको वैभवलाई पुनर्जीवन गराउन अनागारिक धर्मपालको ठूलो योगदान रहेछ । श्रीलङ्कानिवासी यिनले आफ्नो देश छाडी पहिले बोधगया र पछि सारनाथमा बसी बुद्ध र बौद्ध धर्मको विकासमा ठूलो टेवा पुऱ्याएका रहेछन् । सम्पन्न व्यावसायिक परिवारमा जन्मेका यिनी कसरी धार्मिक र प्रसिद्ध समाजसुधारक भए भन्ने कुराबाट मजस्तो व्यवसायमा तल्लीन व्यक्तिलाई हौसला र प्रेरणा जाग्नु स्वाभाविकै हो । उनले झैं मैले पनि बुद्धदेवको चरणमा श्रद्धासुमन बापत केही सघाउन सकेमा यो जीवन धन्य हुने थियो भन्ने भावना मेरो मनमा पर्न गयो । तीर्थयात्रामा जाँदा यस्ता प्रेरणा र हौसला जाग्नु पनि एउटा सकारात्मक उपलब्धि हो जस्तो मलाई लागिरह्यो ।



अनागारिक धर्मपाल



Downloaded from http://www.dhamma.digital

## *सारनाथको उद्यानमा लुम्बिनीको सम्झना*

अन्त्यमा हामी त्यहाँको सुन्दर खुला वाटिकामा केहीबेर घुमिरह्यौं । उकालीओराली विशाल चउरमा विविध थरीका हरिया बोटविरुवा देख्ता मन त्यसै रमाइरह्यो । सारनाथको उद्यान साँच्चै नै एउटा भव्य सुन्दर तथा रमणीय स्थल हो । भारतका विभिन्न ठाउँमा बुद्धको महिमा झल्काउने विविध बौद्ध स्थललाई जीर्णोद्धार तथा पुनःनिर्माण गरी राम्ररी सजाइराखेको देख्ता म स्तम्भित र उल्लसित दुवै हुने गर्छु । बुद्धको महिमा झल्काउने सारनाथको त्यो पवित्र उद्यानलाई जतनसाथ संरक्षण गरिराखेको देख्ता मनमनै भारतीय जनमानसप्रति कृतज्ञता व्यक्त गरें मैले । बुद्धको गरिमा देखाउने त्यो सारनाथस्थलको भ्रमण गर्दा हामीकहाँ करोडौं लगानी भैसकेको विदेशी सहयोग र सद्भावनासमेत प्राप्त लुम्बिनीको चहकिलो चेहरा यो जीवनकालमा देख्न पाइने हो कि होइन भन्ने खुलदुलीले म ग्रस्त भएँ ।

सारनाथमा हामी साँझ अबेरसम्म घुमिह्यौं । गाइडलाई उनको पारिश्रमिक रकम दिइपठाइसकेका थियौं । सारनाथको उद्यानबाट बाहिर निस्कँदा मात्र थाहा पायौं त्यहाँ घुम्ने समय सकिसकेको थियो । ढोकापालेले मुसुमुसु हाँस्तै 'आपलोग बहुत देरतक घुमलिया' भने । मैले पनि हाँस्तै 'बहुत अच्छा है' भनेर प्रशंसा गरें । कटुतारहित यो हार्दिकताको आदान-प्रदानमा निश्चय नै मैत्रीभावना रहेको मैले पाएँ ।


## *पुरातत्त्व सङ्ग्रहालय*

सारनाथको मूल ढोकाबाहिर पूर्वतिर एक छेउमा पुरातत्त्व सङ्ग्रहालय छ जुन हेर्नलायकको छ भनेर कसैले भनेको मैले सम्झें । हाम्रो गाइड हामीसँग बिदाबारी भई गइसकेको भए पनि त्यो सङ्ग्रहालय हेर्ने लोभलाई मैले संवरण गर्न सकिनँ । अतः सारनाथ हेरेर फर्कदा त्यो सङ्ग्रहालय भएको ठाउँतिर जाऊँ भनी कर गरेर लगें । त्यहाँका द्वारपालले सङ्ग्रहालय एक घण्टाअघि नै बन्द भैसकेको खबर सुनाए । तर त्यतातिर केही मानिसहरू यताउता चलबलाइरहेका देख्यौं । एक जना भद्रजस्तो व्यक्तिसमक्ष गई सोधपुछ गर्दा थाहा पाएँ- भोलिपल्ट एक जना राष्ट्रप्रमुख आउने हुँदा



Downloaded from http://www.dhamma.digital

आवश्यक बन्दोबस्तका लागि सङ्ग्रहालयका सम्पूर्ण कर्मचारी तथा कामदारहरू व्यस्त रहेछन् । संयोगवश मैले कुरा गरेको मानिस सङ्ग्रहालयका विशिष्ट पदाधिकारी रहेछन् । हामी बौद्ध तीर्थयात्रामा आएको कुरा बताउँदै सङ्ग्राहलय एक पटक सरसरती हेर्न पाए हुन्थ्यो भनें । उनले तत्कालै हामीलाई सङ्ग्रहालयभित्र लगी यसबारे छोटो जानकारी दिँदै भने, "हेर्नुस् भाइसाब, यो सङ्ग्रहालय त्यति ठूलो त होइन तर यहाँ भएका प्राचीन उच्चकोटिका कलाकृतिहरूले गर्दा यो विश्वप्रसिद्ध सङ्ग्रहालयमा गनिन्छ । सारनाथको उत्खननबाट प्राप्त हजारौं वस्तुहरूको सुरक्षार्थ यो पुरातत्त्व सङ्ग्रहालयको निर्माण सन् १९१० मा भएको हो । यहाँ विशेषतः हेर्नुपर्ने प्रमुख वस्तुहरूमध्ये विभिन्न मूर्तिहरू, अशोकको सिंहस्तम्भको शीर्षभाग, बडेमाको कलाकृतियुक्त ढुङ्गे छाता, उहिलेका माटोका भाँडाहरू तथा शिलालेखहरू हुन् । यहाँ भएका वस्तुहरू तेस्रो शताब्दीदेखि बाह्रौं शताब्दीका हुन् ।" यसरी त्यस पुरातत्त्व सङ्ग्रहालयको छोटो परिचय पाउँदा हामी दङ्ग पर्‍यौं, प्रफुल्ल भयौं । त्यसपछि हामीलाई अशोकस्तम्भको शीर्षभाग भएतिर लगे । सम्राट् अशोकद्वारा सारनाथमा प्रतिष्ठापन गरिएको सिंहस्तम्भ कालान्तरमा आफै फुटेर हो वा कसैले फुटालेर हो तीन चार टुक्रा हुन गएछन् ।



सिंहस्तम्भ, पुरातत्व संग्रहालय, सारनाथ

त्यस स्तम्भको बीच र तल्लो भाग सारनाथ उद्यानमा नै छन् जुन हामीले देखिसकेका थियौं । माथिल्लो भागचाहिँ सुरक्षार्थ पुरातत्त्व सङ्ग्रहालयमा राखिएको छ भन्ने कुरा सारनाथभित्र घुमिरहँदा गाइडको वर्णनबाट थाहा पाइसकेका थियौं । सङ्ग्रहालय भएको त्यो अशोकस्तम्भको



Downloaded from http://www.dhamma.digital

शीर्षभाग देखाउँदै पदाधिकारी महोदयले भने, "ल हेर्नुहोस्, यो अशोकस्तम्भको शीर्षभाग हो । यसमा भएका चार सिंह चार दिशातिर फर्केका छन् । तेस्रो शताब्दीमा सम्राट् अशोकले बनाउन लगाएको यो स्तम्भ अहिले पनि त्यत्तिकै सुन्दर छ, चम्किलो छ मानौं केही वर्षअघि मात्र बनाएको भन्न सुहाउँछ । यति मात्र होइन, वास्तुकलाको दृष्टिले अनुपम मानिएको यो पशुमूर्ति कसरी यस्तो कोमल तरिकाले बनाइएको होला भनेर आजका शिल्पकारहरू पनि छक्क परेका छन् । अहिले यसको महत्तालाई चिरस्थायी बनाउन भारत सरकारले यसलाई राष्ट्रिय चिह्न मानेको छ र यसमा भएको अशोकचक्रलाई आफ्नो राष्ट्रिय झण्डाको बीचमा सगौरव समाविष्ट गरेको छ ।" यसरी सिंहस्तम्भ हेरेपछि यसबारे थप सुन्दर तथ्य पनि जानकारी गर्न पायौं ।

त्यसपछि त्यस सङ्ग्रहालयमा भएका बोधिसत्त्वको विशाल मूर्ति, धर्म-चक्र-प्रवर्तन मुद्रामा रहेको भगवान् बुद्धको सुन्दर प्रतिमा, ढुङ्गाले बनेको बडेमाको छाता तथा सोकेसभित्र जतनसाथ राखिएका असङ्ख्य कलापूर्ण पुरातात्त्विक वस्तुहरूको दिग्दर्शनले मलाई मन्त्रमुग्ध पारिरहेको म अहिले पनि झलझली सम्झिरहेको छु । तेस्रो शताब्दीदेखि तेऱ्हौं शताब्दीको बीचमा बनेका ती वस्तुहरू सबै राम्ररी हिफाजतसाथ राखिएको देख्ता हामीकहाँ पनि यस्तै व्यवस्था भए कति राम्रो हुने थियो होला भन्ने विचार मेरो मनमा झन्किरह्यो । बन्द भैसकेको सङ्ग्रहालयमा हामीलाई घुमाएर देखाउने ती पदाधिकारीलाई मुरीमुरी धन्यवाद दिई हामी त्यहाँबाट वाराणसी फर्क्यौं ।

हाम्रो वासस्थान 'होटल वाराणसी अशोक' मा पस्नुभन्दा पहिले बनारसी सारी किन्नुपर्ने प्रस्ताव आयो । आआफ्ना जीवनसँगिनीका कुरा काट्ने हिम्मत हामीमा भएन । त्यसैले ड्राइभरले हामीलाई केही पसलहरूमा लगी देखाए । एउटा पसलमा निकै मोलतोल गरेर मूल्यमा ३०-३५ प्रतिशत घटाएर शान्ता र मुनूले सारीहरू किन्न सफल भएको देख्ता म छक्क परें । देशअनुसार भेष भनेझैं किनमेल गर्दा ठाउँ हेरी मोलतोल गर्नु पनि बुद्धिमानी नै रहेछ नत्र ठगहरूले मजासँग ठग्दा रहेछन् ।



Downloaded from http://www.dhamma.digital


# कुशीनगर
## बुद्धले परिनिर्वाण प्राप्त गर्नुभएको ठाउँ

त्यसपछि हामी सोझै आफ्नो होटलमा गई खाना खाईवरी सुत्न खोज्दा रातको ११:०० बजेछ। थकाइले गर्दा हामीलाई राम्रो निन्द्रा लाग्यो। भोलिपल्ट उठ्दा अबेर भएछ । हतारहतार नुहाइधुवाइ गरी ब्रेकफास्ट लिँदा ९:०० बजेछ। यसोउसो गर्दागर्दै हामीले होटल छोड्दा करिब ११:०० बजेछ। त्यहाँबाट सोझै कुशीनगरका लागि प्रस्थान गरिहाल्यौँ। वाराणसीबाट कुशीनगर २७५ किलोमिटर टाढा छ। कुशीनगर जाने मोटर बाटो राम्रो रहेछ । बिहान होटलमा राम्ररी पेटभरी ब्रेकफास्ट लिएको हुँदा भोकले त्यतिसारो सताएन । तैपनि २:०० बजेतिर बीचबाटोमा एउटा साधारण चियापसलमा चियापान गऱ्यौं। त्यतैतिर एक ठाउँमा कसैको गाडी दुर्घटना भएको रहेछ, पुलिसले हामीलाई अर्कै बाटोबाट जाने आदेश दियो। यसो गर्दा ६०-७० किलोमिटर बढी घुमेर जानुपऱ्यो भन्दै ड्राइभर झिँजो मान्दै फतफताउँदै थिए । पुलिसको आदेशलाई हामीले शिरोपर गर्नैपऱ्यो । आवागमन नै बन्द गरेर राखेको बाटोबाट जाने कुरै भएन। त्यसैले अर्कै बाटोबाट कुशीनगरतिर लाग्यौं । वाराणसीबाट प्रस्थान गर्दा नै ढिलो भइसकेको थियो। त्यसमाथि बीचबाटोमा यस्तो अवरोध आइपऱ्यो, कस्तो विडम्बना ! कुशीनगर पुग्दा साँझ ६:०० बज्यो। बिहान ११:०० बजेदेखिको गाडीयात्राले हामीलाई थकित तुल्याइसकेको थियो। त्यसैले हाम्रो वासस्थान पूर्वनिर्धारित होटल 'पथिक निवास' मा सोझै गई केहीबेर आराम गरी त्यहीं बेलुकीको खाना खाई एकछिन गफसफ गरी आआफ्नो कोठामा चाँडै सुत्न गयौं । भोलिपल्ट बिहान ८:०० बजे ब्रेकफास्ट लिई हामी होटलबाट बाहिर निस्क्यौं र नजिकै रहेको बुद्धदेव महापरिनिर्वाण भएको स्थलतिर लाग्यौं। त्यो ठाउँलाई महापरिनिर्वाण मन्दिर भनिंदो रहेछ। यो कुरा त्यहाँ पुगेपछि थाहा भयो। मूलसडकमै रहेको मूलढोकासँगैको



Downloaded from http://www.dhamma.digital

एक जना मात्र छिर्न हुने सानो ढोकाबाट हामी भित्र पस्यौँ । सफा, सुन्दर, शान्त वाटिका हुँदै मन मन्दिरतिर लाग्यौँ । यत्तिकैमा महापरिनिर्वाण मन्दिर ह्वाट्ट अगाडि भएको हामीले देखिहाल्यौँ । केही खुड्किला चढेर मन्दिरभित्र पस्ता भगवान् बुद्धको महापरिनिर्वाण अवस्थामा दाहिने हात टाउकोमुनि राखी कोल्टो परेर लेटिरहेको विशाल भव्य मूर्ति देख्ता हामी गम्भीर हुन पुग्यौँ । परमप्रभु बुद्धप्रति असीम श्रद्धा व्यक्त गर्न दुवै हात जोड्दै हामीले उहाँको मूर्तिलाई परिक्रमा गर्दै उहाँको खुट्टा ढोग्यौँ । त्यहाँका एक जना परिचारकले बुद्धदेवको त्यो प्रतिमाको दुवै पैतालाबीचमा एकएकओटा ठूलाठूला चक्र भएको हामीलाई देखाए । बत्तीस लक्षणले



भगवान् बुद्धको महापरिनिर्वाण मूर्तिलाई लेखकबाट वन्दना

युक्त बुद्धदेवको शरीरको ठाउँठाउँमा यस्ता शुभचिह्न हुनुमा कुनै आश्चर्य नभएको मैले ठानेँ । भनिन्छ, सन् १८७६ मा उत्खनन गर्दा प्राप्त भएको यो विशाल बुद्धमूर्तिलाई पाँचौँ शताब्दीमा भिक्षु हरिबलले मथुरावासी प्रसिद्ध मूर्तिकार श्री दिन्नद्वारा बनाउन लगाई यहाँ प्रतिष्ठापन गरेका थिए । यसो हेर्दा केही महिना वा वर्षअगाडि मात्र बनाएको भन्न सुहाउने यो सुन्दर मूर्तिको आयु त्यति लामो भएको थाहा पाउँदा म चकित भएँ । रातो ढुङ्गाले बनेको, हेर्दा साधारण देखिने सिंहासनमाथि लेटिरहेको करिब २४ फिट लामो बुद्धदेवको यो भव्य महापरिनिर्वाण मूर्ति देख्ता म भावविभोर भएँ । त्यहाँको बैठकजस्तो कोठाभित्र भएका सबै श्रद्धालुजनहरू मौन थिए, मानौँ शोकाकुलजस्ता थिए । तीमध्ये कुनै दण्डवत् गर्दै थिए त कुनै त्यसै



Downloaded from http://www.dhamma.digital

बसिरहेका, त्यस्तै कुनै हात जोड्दै उभिरहेका देखें। फेरि कुनै श्रद्धालुजनहरू मैनबत्ती बाल्नमा तल्लीन थिए त कोही धूपबत्ती बाल्नमा व्यस्त। थाइल्यान्ड हो कि म्यानमारका एक जोडि दम्पतीले बुद्धमूर्तिको खुट्टातिर श्रद्धासुमनबापत सुनका तपकहरू टाँसिरहेको देख्ता म दङ्ग परें। मलाई त्यहाँ कस्तो लागिरह्यो भने बुद्धको निर्वाण उहिले २५०० वर्षपहिले भएको होइन बरु भर्खरै अहिल्यै भएको जस्तो लाग्यो। त्यस वेला त्यहाँ उपस्थित आगन्तुकहरूलाई पनि त्यस्तै लागेको हुनुपर्छ। सबै शोकाकुल र मौन थिए र बुद्धको अन्तिम दर्शन गर्न सबै त्यहाँ भेला भइरहेका थिए। साँच्चै त्यहाँको त्यो वातावरणले मेरो मनमा एउटा रिक्तताको अनुभूति गराइरह्यो। हुन पनि हो, संसारका शान्तिनायक तथा एसियाका ज्योति भगवान् बुद्धको अवसान हुनु भनेकै यस धरतीका लागि एउटा अपूरणीय क्षति हुनु हो। तैपनि आज हामीसँग उहाँका अतुलनीय उपदेशहरू तथा उहाँले सिकाउनुभएका उच्चस्तरीय ध्यानविधिहरू छन् जसले गर्दा यस धरतीमा सुख, शान्ति र मोक्ष (मोहको क्षय) प्राप्त गर्नमा ठूलो सघाउ पुऱ्याइरहेको छ। मनुष्यजातिको कल्याणका लागि भगवान् बुद्धले जति सार्थक उपदेश तथा ध्यानभावना अहिलेसम्म अरू कसैले दिन सकेको छैन। अर्थात् मनुष्यजातिको इतिहासमा बुद्धले जति हृदयको वीणा अरू कसैले पनि बजाउन सकेको छैन। यस्तैयस्तै कुराहरू सोच्तै थिएँ म। सहयात्री जीवनसँगिनी शान्ताले घचघच्याउँदा मात्र म झसङ्ग भएँ। लगत्तै




महापरिनिर्वाण मन्दिर वाहिर वत्ती वाल्ने प्रक्रियामा



Downloaded from http://www.dhamma.digital

बुद्धदेवप्रति सद्भावना व्यक्त गर्न मैनबत्ती र धूपहरू बाल्न हामीले तरखर गऱ्यौं । तर त्यस कोठाभित्र बलिरहेका अरू धूपहरू र मैनबत्तीका धूवाँले कोठा गुम्सिरहेको हुँदा हामीले मन्दिरबाहिर बत्ती बाल्ने निधो गरी बाहिर निस्क्यौं । बुद्धदेवप्रति श्रद्धा व्यक्त गर्न बत्ती बाल्ने प्रक्रिया मलाइं असाध्य राम्रो लाग्छ । त्यसपछि हामी मन्दिर परिक्रमा गर्न थाल्यौं ।

महापरिनिर्वाण मन्दिरको ठीक पछाडि सँगै एउटा विशाल चैत्य देख्यौं जसलाई महापरिनिर्वाण स्तूप भनिन्छ । यही ठाउँमा भगवान् बुद्धले परिनिर्वाण प्राप्त गर्नुभएको थाहा पाउँदा हामी उल्लसित भयौं । त्यतैतिर भेटेका एक जना भारतीय भिक्षुसँग सोधपुछ गर्दा थाहा पायौं -सन् १९१० मा त्यतातिर उत्खनन गर्दा भग्नावशेष अवस्थामा रहेको यहाँको स्तूपभित्र करिब ३ मिटर अग्लो ध्यानमुद्राको बुद्धको प्रतिमाका साथै तामाको पाताले छोपिराखेको तामाकै गाग्री फेला पऱ्यो । त्यो गाग्रीभित्र भगवान् बुद्धको अस्थिधातु, बहुमूल्य पत्थर, जलेको काठको टुक्रा, ससाना कौडीहरू, चाँदीका सिक्काहरूका साथै निदान-सूत्र पनि प्राप्त भयो जसमा यही ठाउँमा भगवान् बुद्धले महापरिनिर्वाण प्राप्त गर्नुभएको कुरा उल्लेख गरिएको छ। उत्खननबाट प्राप्त ती सबै वस्तुहरू त्यहीं जतनसाथ राखी त्यहाँ भग्नावशेष स्तूपको जीर्णोद्वार र पुनःनिर्माणकार्य विभिन्न समयमा विभिन्न रूपबाट हुँदै आए पनि वर्तमान स्वरूपचाहिं भारतीय पुरातत्त्व विभागले सन् १९८० तिर निर्माण गरेको तथ्य पनि थाहा पायौं । यस्तो महत्त्वपूर्ण



महापरिनिर्वाण मन्दिर र महापरिनिर्वाण स्तूप, कुशिनगर




Downloaded from http://www.dhamma.digital

पवित्र स्तूपप्रति सद्भावना व्यक्त गर्न त्यहाँ हामीले घुँडा टेकी सादर वन्दना गर्‍यौं । त्यतैतिर एक हूल स्त्री-पुरुषहरू घुँडा टेकेर पाठ-प्रार्थना गरिरहेका थिए । तिनीहरू थाइल्यान्डकी राजकुमारीसमेत सम्मिलित थाई भक्तजनहरू रहेछन् । तिनीहरू बुद्धपूजा गरिरहेका थिए । पवित्र स्थलतिर गरिने जुनसुकै किसिमको श्रद्धाभाव क्रियाले मनमा सुख, शान्ति र सन्तोषको भावना प्रस्फुटित हुँदो रहेछ भन्ने कुरा यो बौद्ध तीर्थयात्रामा मलाई बारम्बार अनुभव भयो । त्यसपछि त्यस महापरिनिर्वाण मन्दिरबाट तल ओर्ली त्यस सुन्दर, शान्त वाटिकामा यत्रतत्र भएका विभिन्न निर्माणका अवशेषहरूतिर घुम्यौं । विभिन्न समयमा भगवान् बुद्धप्रति श्रद्धा व्यक्त गर्न बनाइएका मन्दिर, विहार, चैत्य वा स्तूपका अवशेष होलान् भन्ने लाग्यो ।

### *रामाभार स्तूप*

त्यहाँबाट हामी करिब १-२ किलोमिटर टाढा त्यतैतिर अवस्थित 'रामाभार स्तूप' तिर गाडीबाटै गयौं । खुला शान्त वाटिकाभित्र ईंटैईंटाले बनेको हेर्दा अव्यवस्थित निर्माणजस्तो देखिने यो स्तूप एउटा सानो पहाडजस्तै देखिन्थ्यो । बुद्धदेवको महापरिनिर्वाणपछि उहाँको पवित्र पार्थिव शरीरको यहीं अन्तिम दाहसंस्कार भएको रहेछ । यस पवित्र स्तूपलाई पनि हामीले नमस्कार गर्दै केही मैनबत्तीहरू बालेर बुद्धदेवप्रति श्रद्धाभाव व्यक्त गर्‍यौं ।



कुशीनगरको रामाभारस्तूपमा



Downloaded from http://www.dhamma.digital


त्यसपछि हामी रामाभार स्तूपको पछाडितिर अवस्थित पवित्र हिरण्यवती नदीतिर गयौं । खेतैखेतमा बगिरहेको हेर्दा हाल सानो साधारण नदी हो यो । तर बुद्धदेवको पार्थिव शरीरलाई अन्तिम पटक यही नदीमा नुहाइधुवाइ गरी दाहसंस्कारका लागि रामाभार स्तूप भएको ठाउँमा लगिएको हो भन्ने कुरा पढेर थाहा पाउँदा यो नदीको गरिमा आफैमा गहन, पवित्र र उच्च भएको मैले ठानें । त्यसैले यस नदीको पानीलाई पवित्र सम्झी यसको पानीले मुख धोयौं र यसलाई जलको रूपमा टाउकोमा छर्‍यौं । यसरी यो नदीको दर्शनले मेरो भावनामय मनमन्दिरमा अपरिमेय सन्तोषको अनुभूति भइरह्यो ।

## *अवशेष वितरित ठाउँ*

यसरी नै हेर्दा अति साधारण तर आफैमा गरिमामय एउटा ठाउँको विषयमा उल्लेख नगरी म रहन सक्तिनँ । हिरण्यवती नदीको दर्शन गरेर फर्कंदा बाटैमा पर्ने 'वाट थाई मन्दिर' पछाडि खेतैखेतको गोरेटो बाटोबाट हिँडेर सय-डेढ सय पाइलापर दक्षिण-पूर्वमा अवस्थित एउटा ठाउँ छ जसलाई कसैले वास्ता नगरेको र जहाँ कसैको ध्यान नपुगेको देख्ता मनमा नियास्रो लाग्यो । यो त्यही ठाउँ हो जहाँ भगवान् बुद्धको अवशेष अर्थात् जलिसकेको खरानीको थुप्रोलाई सात दिनसम्म श्रद्धालुहरूको दर्शनार्थ राखिएको थियो । बुद्धदेव महापरिनिर्वाण हुनुभएको समाचार थाहा पाई टाढाटाढाका गाउँ, ठाउँ, बस्तीबाट मानिसको ओइरो लाग्यो । कसैले बत्ती बालेर बुद्धको अवशेषप्रति श्रद्धाञ्जली अर्पण गरे भने कसैले फूल वा सुगन्धित वस्तु चढाई श्रद्धासुमन टक्र्याए । त्यसै बेला सातओटा विभिन्न राज्यबाट सेनासहित राजाहरू आई सबैले बुद्धको अवशेषप्रति आआफ्नो हक भएको तर्क प्रस्तुत गरे । तर कुशीनारा (हाल कुशीनगर) का मल्लराजाले ती सबैको दाबीलाई इन्कार गर्दै आफ्नो राज्य कुशीनारामा भगवान् बुद्ध परिनिर्वाण हुनुभएकोले उहाँको अवशेषमा केवल आफ्नो मात्र अधिकार भएको घोषणा गरे । यस कुरामा विभिन्न राज्य जस्तै वैशाली, कपिलवस्तु, अल्लकप्प, रामग्राम, वेठदीप, पावा र मगधबाट आएका राजाहरू सहमत भएनन् र तिनीहरू सबै मिली कुशीनाराका मल्लराजासँग युद्ध गर्न तयार



Downloaded from http://www.dhamma.digital



महापरिनिर्वाणपछि बुद्धका अवशेषहरू
वितरण गरिएको ठाउँ, कुशीनगर

भए। यसरी भगवान् बुद्धको अवशेषको कुरालाई लिएर घमासान युद्ध हुन लागेको बेला त्यहाँ दोणनामक एक जना वयोवृद्ध ब्राह्मण आई कुशीनाराका मल्लराजा र साताओटा राज्यबाट आएका राजाहरूलाई बुद्धजस्तो अहिंसावादी शान्तिप्रिय महामनाको नाउँमा युद्ध गर्न उपयुक्त नहुने भनी सम्झाईबुझाई उनले बुद्धको अवशेषलाई बराबर परिमाणमा आठ भाग गरी सबैलाई बाँडिदिए। यसमा सबैले चित्त बुझाए र सबैले आआफ्नो हिस्सा लिई फर्केर गई ती अवशेषलाई आआफ्नो राज्यको उपयुक्त ठाउँमा प्रतिष्ठापन गरी त्यसमाथि भव्य एवं विशाल स्तूप बनाए।

कुशीनगरको त्यो पवित्र ठाउँ जहाँ भगवान् बुद्धको अवशेष दर्शनार्थ सात दिनसम्म राखिएको थियो र दोण ब्राह्मणले आठ भाग गरी सबैलाई बाँडेर दिएका थिए, त्यहाँ हाल केवल एउटा विशाल पीपलको बोट मात्र भएको देखें। यस्तो गरिमामय ठाउँलाई हाल केही कुनै महत्त्व नदिएको देख्ता म साह्रै दुःखित भएँ। त्यतैतिर एकछिन रुमलिरहँदा त्यस भव्य रूखले अतीतको गौरवमय गाथालाई मूकभावले व्यक्त गरिरहेझैं लागिरह्यो। सायद पछि कुनै दिन कोही सचेत व्यक्तिको सत्प्रयासले यस ठाउँले आफ्नो चोला फेर्ने हो कि ? यस्तै कुरा सोच्दै त्यस ठाउँलाई प्रणाम गरी गह्रुङ्गो मन लिँदै त्यहाँबाट हामी फर्क्यौं।

### *बौद्ध मन्दिरहरू*

त्यसपछि त्यतैतिर रहेको 'वाट थाई मन्दिर' हेर्न गयौं। त्यहाँको



Downloaded from http://www.dhamma.digital

परिसरमा थाई वास्तुकलायुक्त दुईओटा बुद्धमन्दिरहरू र थाई शैली झल्काउने अरू विविध निर्माणहरू देख्ता हामी दङ्ग भयौं । दुईमध्ये एउटा बुद्धमन्दिरभित्र रहेको सुन्दर बुद्धप्रतिमाको दर्शन गरी २०-२५ मिनेटजति हामी त्यतैतिर रुमलिरह्यौं । त्यसपछि त्यतैतिर अलि पर रहेको जापान-श्रीलङ्का बुद्धिस्ट सेन्टरको अर्धगोलाकार निर्माणभित्र प्रतिष्ठापित बुद्धको प्रतिमा आफैमा सुन्दर, शान्त, विशाल भएको लाग्यो । हेर्दा स्तूपजस्तो देखिने यहाँको निर्माणलाई जापान-श्रीलङ्का मन्दिर भनिंदो रहेछ । त्यतैतिर दुईओटा



जापान-श्रीलंका मन्दिर, कुशिनगर

स्तरीय चार-पाँच तारे होटलहरूमा मानिसको जमघट देख्ता कुशीनगरमा स्तरीय पर्यटकहरूका लागि बाटो खुला भएको मनमनै गुनें ।

## *राजकीय बौद्ध सङ्ग्रहालय*

त्यसपछि त्यहीं सामुन्ने रहेको 'राजकीय बौद्ध सङ्ग्रहालय' तिर लाग्यौं । त्यहाँ बौद्ध धर्मसँग सम्बन्धित विभिन्न प्रकारका पुरातात्त्विक वस्तुहरूको सङ्कलन, संरक्षण, प्रदर्शन गरी बौद्ध धर्मको गरिमालाई प्रचारप्रसार गर्नु नै सङ्ग्रहालयको मुख्य उद्देश्य हो भन्ने कुरा त्यहाँ कार्यरत एक जना वरिष्ठ कर्मचारीबाट थाहा पाउँदा म आनन्दले विभोर भएँ । हुनुपर्ने शाश्वत कार्य भैदिंदा आफ्नो मनोकामनामा थप ऊर्जा सञ्चालन हुँदो रहेछ ।



Downloaded from http://www.dhamma.digital

यो आधुनिक सङ्ग्रहालयमा हाल तीनओटा ठूला सुविधायुक्त कक्ष छन् । पहिलो कक्षमा बौद्ध धर्मसँग सम्बन्धित कलाकृतिहरू तथा प्रस्तर मूर्तिहरू बडो रोचक ढङ्गले प्रदर्शित गरिएका छन् । त्यहाँ रहेको चौथो शताब्दीमा निर्मित विशेष प्रकारको माटो (Terracottas) को बुद्धको ध्यानमुद्रा प्रतिमाले मेरो आँखा धेरैबेरसम्म तानिरह्यो । पन्ध्र-सोह्र सय वर्ष पुरानो यो मूर्ति अद्वितीय रहेको कुरा त्यहाँ लेखिराखेको टिपोटबाट थाहा पाएँ । दोस्रो कक्षमा भगवान् बुद्धको विभिन्न मुद्रा जस्तै- अभयमुद्रा, ध्यानमुद्रा, भूस्पर्शमुद्रा, धर्म-चक्र-प्रवर्तनमुद्राका छैटौंदेखि उन्नाइसौं शताब्दीसम्मका विभिन्न प्रस्तर मूर्तिहरू र कलाकृतिहरू बडो राम्रो तरिकाले प्रदर्शित गरिराखेको प्रशंसनीय छ । तेस्रो कक्षचाहिँ प्रायः खाली नै छ तर त्यहाँ हाल अस्ट्रेलियामा बनिरहेको भव्य बौद्ध गुम्बाको नमुना बडो सुन्दर तथा सजीव तरिकाले प्रदर्शित गरिराखेको देखें । यो निर्माणाधीन गुम्बाको आयु १००० वर्षसम्म हुनेछ भनी त्यहाँ लेखिराखेको टिपोटबाट थाहा पाएँ ।



चौथो शताब्दीमा निर्मित माटो (Terracotas) को बुद्धमूर्ति, कुशीनगर

राजकीय सङ्ग्रहालयबाट बाहिर निस्कँदा घडीले ३:०० बजिरहेको देखायो । बिहान सबेरैदेखि कुशीनगरका विभिन्न ठाउँमा घुम्दाघुम्दै भोक र थकाइले हामी लखतरान भैसकेका थियौं । यस क्षणलाई रमाइलोमा परिवर्तन गर्न त्यहींको महँगो चारतारे 'लोटस निक्को होटल' मा खाना खाने मैले प्रस्ताव राख्ता सबै सहयात्रीहरूले तुरुन्तै सहमति जनाए । मौकामा हीरा फोर्नुपर्छ भन्ने भनाइलाई आत्मसात् गर्दै थियौं । लोटस होटलको स्तरीय खानाले हामी सबैलाई मन सन्चो, जीउ हलुङ्गो तुल्यायो । यो



Downloaded from http://www.dhamma.digital

रमाइलो खानाले पनि हाम्रो कुशीनगर यात्राको स्मृतिपटलमा अमित छाप पारेको प्रसङ्ग बिर्सन खोजे पनि बिर्सन सक्तिनँ ।

होटलबाट बाहिर निस्की फर्कने क्रममा त्यतैतिर रहेका तिब्बती मन्दिर र कोरिया मन्दिरजस्ता साधारण धार्मिक स्थलहरूमा सरसरती फन्को लगायौं । त्यसपछि माथा-कुँवर मन्दिरको पनि दर्शन गऱ्यौं । साधारण गाउँले पाराको मन्दिरभित्र रहेको भूमिस्पर्शमुद्राको बुद्धको प्रतिमा एघारौं शताब्दीमा निर्मित यो सन् १८७६ को उत्खननबाट प्राप्त भएको कुरा त्यहीं रहेको सूचनापाटीबाट थाहा पायौं । त्यसपछि फेरि एक पटक महापरिनिर्वाण मन्दिर भएतिर जाने सल्लाह भयो । यस्तो पवित्र ठाउँमा जति पटक गइन्छ त्यति नै पटक केही न केही नयाँ उत्साह, नयाँ जाँगर मेरो मनमन्दिरमा पलाउने गर्दछ । त्यतैतिर जाँदै थियौं, मूल ढोकाअगाडि दुई-तीन जना भिक्षुहरू र सात-आठ जना स्त्री-पुरुषहरू तीनओटा गाडीबाट फटाफट ओर्लिरहेका देखें । म उनीहरूलाई हेर्दै थिएँ । भिक्षुहरूसँग आएका ती स्त्री-पुरुषहरू सायद हामीकहाँका उपासक-उपासिकाजस्तै हुँदा हुन् । तिनीहरू सबैका पहिरन सादा सेतो कपडाको थियो । यो देख्ता हामीकहाँका उपासक-उपासिकाहरूले बेलामौकामा सेतो कपडाका लुगाहरू लगाउने गरेको सम्झें । हुन पनि हामी एसियालीहरू धेरै कुरामा एकआपसमा समान छौं । ती आगन्तुकहरूमध्ये एक जनासँग कुरा गर्दा मैले थाहा पाएँ- तिनीहरू मलेसियाका बौद्ध तीर्थयात्री रहेछन् जो दिल्लीसम्म हवाईजहाजबाट आई त्यहाँबाट गाडी लिई लुम्बिनी दर्शन गरी हाल कुशीनगर हुँदै सारनाथ र बोधगया जाने क्रममा रहेछन् । यसरी हामीहरू पूर्वबाट पश्चिमतिर लाग्दै थियौं भने उनीहरू पश्चिमबाट पूर्वतिर आउँदै थिए । तर हाम्रो र उनीहरूको उद्देश्य एउटै थियो, उमङ्ग उस्तै थियो । साँच्चै हामीजस्तै एसियाका लाखौंलाख मानिसहरू बौद्ध तीर्थयात्रा गर्न लालायित छन्, उत्सुक छन् ।

हामीहरू लगत्तै महापरिनिर्वाण मन्दिरभित्र गयौं र बुद्धदेवप्रति सादर वन्दन गऱ्यौं । त्यहाँको वातावरणमा मैले त्यस्तै सौम्यता, कोमलता र भावुकता अनुभव गरें, जस्तो मैले त्यहाँ विहान आउँदा गरेको थिएँ ।



Downloaded from http://www.dhamma.digital

यसलाई मैले आफ्नो जीवनको अमूल्य क्षण सम्झें। त्यसपछि त्यहीं पछाडि रहेको महापरिनिर्वाण स्तूपलाई पनि सादर प्रणाम गरी त्यहाँको



महापरिनिर्वाण स्थलतिरका भग्नावशेषहरू

भूभागतिर रहेका भग्नावशेष अवशेषहरूतिर फन्को लगाइरहँदा तिनका बारे मनमा अनेक किसिमका तर्कना र कल्पना आइरह्यो। स्वस्थ कल्पनाले मनमा सुखसन्तोषका अनुभूतिहरू प्रस्फुरण हुँदा रहेछन्। त्यहाँबाट नजिकै उत्तरतिर रहेको म्यानमार बर्मिज) मन्दिर दर्शन गर्न गयौं। म्यानमारमा रहेको प्रसिद्ध गोल्डेन पेगोडाको रूप देखाउने यो स्तूप आफैमा गहन, सुन्दर र भव्य भएको देखें।

घडीले ६:०० बजिसकेको देखाइरहेको थियो। दिनभरिको कुशीनगरयात्रालाई विसर्जन गर्दै हामी गफसफ गर्दै एकआपसलाई हँसाउँदै आफ्नो वासस्थान 'पथिक निवास' होटलतिर लाग्यौं। भोलिपल्ट बिहान सबेरै लुम्बिनी प्रस्थान गर्नुपर्ने हुँदा उही दिन बेलुका नुहाइधुवाइ गऱ्यौं। राति पथिक निवासको स्वादिलो स्तरीय खाना खान पाउँदा हामी पूर्ण सन्तुष्ट भयौं।

## *बुद्धका अन्तिम दिन*

अब कुशीनगरमा बुद्धको परिनिर्वाण हुनुभन्दा अघिका उहाँका अन्तिम दिनहरू कहाँ कसरी बिते भन्नेबारे अध्ययनबाट थाहा भएका कुराहरू पाठकहरूको जानकारीका लागि प्रस्तुत गर्न लागिरहेछु।



Downloaded from http://www.dhamma.digital

बुद्धदेव त्यस बेला राजगिरमा हुनुहुन्थ्यो र असी वर्षमा टेकिरहनुभएको थियो । आफ्नो अन्तिम समय नजिक आएको आभास उहाँलाई भइसकेको थियो । उहाँले अन्तिम समयभन्दा अघि अनेक ठाउँमा जाने इच्छा गर्नुभयो । तसर्थ भिक्षुसङ्घलाई साथ लिई राजगिरबाट अन्तिम यात्रा सुरु गर्नुभयो । सर्वप्रथम उहाँ वैशाली पुग्नुभयो । त्यहाँ नजिकैको बेलुग्राममा वर्षावास बस्ने निधो गर्नुभयो । त्यसैले त्यतातिरका अरू गाउँहरूमा गई भिक्षाटन गर्न भिक्षुहरूलाई निर्देशन दिनुभयो । भिक्षुहरू कोही टाढाको गाउँमा छरिएर गए । उहाँ त्यस बेला अशक्त हुनुहुन्थ्यो । त्यसैले आफू कतै जानुभएन र आनन्द भिक्षुलाई साथमा लिई बस्नुभयो । दिनपरदिन उहाँलाई आफ्नो अन्तिम दिन नजिकै आइरहेको महसुस हुँदै थियो । तैपनि भिक्षाटन गर्न गएका सबै भिक्षुहरू फर्केर नआएसम्म देहत्याग नगर्ने मनसाय गर्नुभयो । बेलुग्राम नै आफ्नो परिनिर्वाण हुने स्थान हुने हो कि भन्ने आशङ्का उहाँको मनमा पर्न गएको रहेछ । तर त्यसो भएन । त्यहाँको शुद्ध हावापानीले उहाँको स्वास्थ्यमा क्रमिक सुधार हुन थाल्यो । यो देखी आनन्द भिक्षुले प्रसन्न हुँदै एक दिन उहाँलाई भनेछन् "भन्ते ! प्रभुलाई यहाँ सन्चो हुँदै आएको जस्तो छ । प्रभुको स्वास्थ्यमा सुधार हुँदै आएको देख्ता मलाई साह्रै खुसी लागिरहेछ । यो सुनी बुद्धदेवले आज्ञा गर्नुभयो, "हेर, म अब बूढो भइसकें । मेरो शरीर जीर्ण हुँदैछ । पुरानो बैलगाडीलाई जसरी मर्मत गरेर चलाइन्छ त्यसरी नै म यो शरीरलाई येनकेन प्रकारेण बचाइरहेछु । यस्तो अस्वस्थ शरीरलाई अब धेरै दिनसम्म बचाइराख्ने मेरो मन छैन । आनन्द ! अब तिमीले स्वयं आफ्नो अवलम्बन गर्नू । धर्म नै दीपशिखा हो, सत्य नै तिम्रो चिरशिखा हो । आनन्द ! मैले तिमीलाई पहिले पनि भनिसकें कि प्रियजनबाट एक दिन वियोग हुनैपर्छ । मेरो परिनिर्वाण नजिक आइरहेछ । तीन महिनापछि मेरो परिनिर्वाण हुनेछ । अनित्यबोधलाई अन्ततः हामी सबैले आत्मसात् गर्नैपर्छ ।

बुद्धदेवका यी वाणी सुनी आनन्द भिक्षुले प्रश्न गरे, "त्यसो भए प्रभुबाट अब भिक्षुसङ्घलाई अन्तिम उपदेश नदिई परिनिर्वाण कसरी प्राप्त गर्नुहुन्छ होला र ?" आनन्द भिक्षुको यो 'उपदेश' शब्दले बुद्धदेवको



Downloaded from http://www.dhamma.digital

मनमा च्वाम्स घोच्न पुगेछ, त्यसैले उहाँले स्वाभाविक ढङ्गले बिस्तारै आज्ञा गर्नुभयो, "आनन्द ! त्यस्तो खास अरू कुरा केही छैन जुन तिमी वा भिक्षुसङ्घबाट मैले लुकाएर राखेको छु। हेर, भिक्षुसङ्घको प्रमुख म मात्र बनिरहूँ तथा भिक्षुहरू सबै ममा मात्र आश्रित होऊन् भन्ने धारणा मैले कहिल्यै लिएको छैन। त्यसैले भिक्षुसंघलाई अन्तिम उपदेश दिनुपर्ने केही छैन। बुद्धदेवको यस्तो वाणी सुनी आनन्दको मुख अँध्यारो भयो। आफ्नो मनको वेदनालाई भित्रभित्रै दबाई करुण स्वरमा आनन्दले भने, "त्यसो भए भन्ते, हामीबाट प्रभुले के अभीष्ट गर्नुभएको छ, बताइदिनुहुन्छ कि ?" आनन्दको मलिन चेहरा देखी करुणानिधान बुद्धदेवले मुसुक्क हाँसी सम्झाउँदै भन्नुभयो, "हे आनन्द ! तिमीहरूले मेरा लागि गर्नुपर्ने केही छैन। मेरो बारे तिमीहरूले केही चिन्ता लिनु पर्दैन। मुख्य कुरा, म गइसकेपछि तिमीहरू सबै आफैमा आश्रित हुनुपर्छ। आफ्नै विवेकमा बस्नुपर्छ। आफ्नो मार्ग आफैले बनाउनुपर्छ, आफ्नो ज्योति आफैले बाल्नुपर्छ, आफै आफ्नो ज्योतिपुञ्ज बन्नुपर्छ अर्थात् तिमीहरू सबै आफ्नै स्वत्वमा फर्कनुपर्छ। तिमीहरू केवल धर्मको शरणमा रहिरहनुपर्छ। तिमीहरूलाई मैले जुन धर्म र विनयको शिक्षा दिएँ, त्यसैले तिमीहरूलाई पथप्रदर्शन गरिरहनेछ। साथै लोकहित र लोककल्याणको बाटोबाट तिमीहरू कहिल्यै विचलित नहुनू। यही मेरो अभीष्ट हो, यही मेरो अभिलाषा हो। यी कुरा तिमीहरूलाई बारम्बार भन्दै आएको पनि हुँ । त्यसैले हे आनन्द ! अरू नयाँ उपदेश तिमीहरूलाई मैले दिनुपर्ने केही छैन।"

बेलुग्राममा वर्षावास सकेपछि बुद्धदेव आफ्ना भिक्षुहरूका साथ वैशाली फर्कनुभयो। महावनको कुटागारशालामा उहाँको पदार्पण हुँदा त्यहाँ विहार गरिरहेका भिक्षुहरू खुसीले गद्‌गद भए। ती भिक्षुहरूले उहाँलाई त्यहाँ अलि दिनसम्म विश्राम गर्नुहोस् भनेर अनुरोध गरे। तर बुद्धदेव त्यहाँ धेरै दिनसम्म बस्नुभएन। आफ्ना बृहत् शिष्यसमुदाय साथ लिई उहाँ भांगग्रामतिर लाग्नुभयो। त्यहाँबाट हस्तिग्राम, आम्रग्राम, जंबुग्राम, भोगनगर हुँदै पावानगरी पुग्नुभयो। सदाझैं उहाँ जुनजुन ठाउँमा पुग्नुभयो त्यहाँत्यहाँ विशाल जनसमूह एकत्रित भई उहाँको प्रवचन सुन्न र



Downloaded from http://www.dhamma.digital

उहाँको शिक्षा ग्रहण गर्न अत्यन्त उत्सुक हुन्थ्यो । उहाँले सिकाउनुभएको विपश्यना ध्यानको प्रभावले मानिसको जीवनमा नयाँ ज्योति प्रस्फुरण भएको महसुस त्यस बेलाको जनमानसमा राम्ररी भएको स्पष्ट हुन्थ्यो । यसरी उत्तर भारतका अधिकांश सहर, गाउँ, जिल्ला, प्रदेशहरूमा बुद्धधर्मले राम्ररी ठाउँ ओगटी त्यसले एउटा नयाँ ज्योति प्रस्फुरण गऱ्यो ।

एक दिनको कुरा हो, बुद्धदेव पावानगरीमा हुनुहुन्थ्यो । भिक्षुसङ्घलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, "हेर भिक्षुहरू, धर्मको अर्थ नजान्नाले धर्मको विनाश हुन्छ । त्यसैले विवेकशील त्यही हो जसले यथार्थ ज्ञानको अर्थ ग्रहण गर्छ । जसको हृदय शुद्ध छ, जसको वचन प्रमाणित छ, त्यसैको वचन सद्धर्म हो, त्यही वचन विनय हो, त्यही वचन ज्ञान हो, त्यही वचन मेरो वचन हो ।"

त्यसपछि उहाँ पावानगरीबाट अरू ठाउँमा जाने विचार गर्दै हुनुहुन्थ्यो । त्यसै बेला चुंद नाम गरेका एक जना साधारण व्यक्तिले बुद्धदेव र भिक्षुसङ्घलाई आम्रवनको आफ्नो घरमा विश्राम गर्न आमन्त्रित गरे । चुंदको आग्रहलाई उहाँले सहर्ष स्वीकार गर्नुभयो र आफ्नो भिक्षुसङ्घका साथ चुंदको घरमा जानुभयो । त्यहाँ भोजनको पनि व्यवस्था गरिएको थियो तर जुन भोजन अर्पण गरिएको थियो त्यो गरिष्ट थियो र त्यसले बुद्धदेवलाई आउँको रोग लाग्न गयो । यसरी चुंदको भोजनबाट बुद्धदेवको स्वास्थ्यमा प्रतिकूल प्रभाव पऱ्यो । निको भइसकेको अरू रोगले पनि उहाँलाई सताउन थाल्यो । त्यसपछि आफ्ना भिक्षुसंघका साथ चुंदसँग बिदा लिई कशिया जानुभयो । अहिलेको कुशीनगरलाई त्यस बेला कशिया भनिन्थ्यो । त्यही कशिया पछि कुशीनारा हुन पुग्यो र समयको पाङ्ग्रा गुड्दै जाँदा त्यो कुशीनारा अहिले कुशीनगर हुन गएको छ ।

पावानगरीबाट कुशीनगरतिर लाग्नुहुँदा बीचबाटोमा भगवान् बुद्धलाई थकाइ र प्यास लागेछ । त्यसैले उहाँ त्यतैतिरको एउटा रूखमुनि थकाइ मेट्न बस्नुभयो र आनन्दलाई नजिकैको खोल्साबाट पानी ल्याउन आज्ञा गर्नुभयो । बुद्धको आज्ञा शिरोपर गरी आनन्द नजिकैको खोल्सामा पानी



Downloaded from http://www.dhamma.digital

लिन गए। त्यहाँ बैलगाडाहरू यत्रतत्र चलबलाइरहेको हुँदा बगिरहेको पानी ज्यादै धमिलो र फोहोर भएको थियो। अतः पानी नलिइं फर्केर आई बुद्धदेवलाई भने, "प्रभु ! बैलगाडाहरू आवतजावत गरिरहेको हुँदा पानी धेरै फोहोर र धमिलो भएको रहेछ। अलि पर रमणीय कुकुत्था नदी छ, त्यहीं पुगेर पानी पिउनुभए कसो होला ?"

तर भगवान् बुद्धले त्यही खोल्साबाट पानी ल्याउन् भन्नुभयो। अतः आनन्द त्यही खोल्सामा गए तर पानी सफा भएको थिएन र आनन्दले पानी लगेनन्। यस्तो तीनपल्ट भएछ। चौथो पटक पनि भगवान् बुद्धको आज्ञानुसार फेरि त्यही खोल्सामा पानी लिन गए र मनमा केही खिन्नता, केही उद्वेग अनुभव गर्दै थिए। यस पटक भने कुनै पनि बैलगाडाहरू त्यहाँ थिएनन् र खोल्साको पानी सफा-निर्मल थियो। बैलगाडाले तुल्याएको फोहोरमैला तथा झारपातहरू कुनै किनारा लागिसकेका थिए त कुनै बगिसकेका थिए। अहिले पानी निर्मल-सफा भइसकेको आनन्दले देखे। मनमा प्रफुल्लता अनुभव गर्दै त्यो सफा पानी घैंटोभरी भरेर लगे। यस पटक आनन्दलाई रमाउँदै पानी ल्याएको देखी बुद्धदेव मुसुक्क हाँस्नुभइ भन्नुभयो, "हे आनन्द ! थाहा पायौ तिमीले, त्यो बगिरहेको पानीजस्तै हो हाम्रो जीवन। हाम्रो जीवनमा आइपर्ने विभिन्न थरीका विचारहरू, बाधा-व्यवधानहरू, विडम्बनाहरूलाई त्यो बैलगाडाले पारेको फोहोर-कसिङ्गरयुक्त पानीसँग तुलना गर। बैलगाडा दिनहुँ त्यहाँ ल्याई काममा लगाउँदा त्यो ठाउँको निर्मल पानीलाई धमिल्याएको हुन्छ। त्यस्तै हाम्रो जीवनमा अनेक किसिमका झन्झटहरू, चुनौतीहरू, मनोवेगहरू, समस्याहरू आइपर्छन्। तिमी त्यो धमिलो पानी लिनबाट जसरी वञ्चित हुन खोज्यौ त्यस्तै हामी पनि जीवनका अप्ठ्याराहरूदेखि भाग्न खोज्छौं, वञ्चित हुन खोज्छौं। तर हामीले जीवनसङ्ग्रामदेखि भागेर होइन डटेर मुकाबिला गर्‍यौं भने तथा मनका ती नानाथरीका उँधो लाउने विचारहरूलाई शान्त गर्न धैर्य गर्‍यौं भने सब कुरा स्वच्छ हुँदै जानेछ, हाम्रो जीवन पनि निर्मल हुँदै जानेछ, जसरी त्यो खोल्साको पानी पछि भएथ्यो।

त्यसपछि बुद्धदेव कुकुत्था नदीतिर जानुभयो। त्यहाँ अन्तिम पटक



Downloaded from http://www.dhamma.digital

स्नान गर्नुभयो । अनि कशिया (हाल कुशीनगर) पुग्नुहुँदा उहाँले आनन्दलाई आज्ञा गर्नुभयो, ''आनन्द ! चुंदको घरमा भोजन गर्नाले नै मेरो अस्वस्थता बढ्न गएको हो भनी मानिसहरूले भन्लान् तर यो कुरा सत्य होइन। चुंदले भिक्षामा जेजस्तो पाए ती प्रेमपूर्वक दिएका हुन्। हेर आनन्द, तिमीलाई थाहै छ, सुजाताले दान दिएको खीर भोजन ग्रहण गरेपछि मैले बुद्धत्व प्राप्त गरें। जसरी त्यो खीरको महत्ता छ त्यस्तै चुंदले अर्पण गरेको भोजन पनि मेरा लागि उत्तिकै उत्तम अन्तिम भोजन हो। त्यसैले आनन्द, चुंदलाई कहिल्यै दोष नदिन्। ऊ दोषमुक्त छ। त्यसपछि बुद्धदेव नजिकैको शालवनतिर लाग्नुभयो। त्यहाँ पुगी तथागतले आनन्दलाई आज्ञा गर्नुभयो, "हे आनन्द ! यहाँका यी दुई शालवृक्षको बीचमा मलाई सुत्ने आसन बनाइदेऊ। म यहीं निर्वाण प्राप्त गर्न चाहन्छु।" अन्ततः आनन्द भिक्षुले बुद्धदेवको आज्ञालाई शिरोपर गरे। त्यस आसनमा उत्तरतर्फ सिरान गरी बुद्धदेव सिंहशय्या गरी शयन गर्नुभयो। यसै बेला अनेक देवगण सुगन्धयुक्त पुष्प तथा दिव्य अत्तरद्वारा भगवान् बुद्धको पूजा गर्न आए।

सबै देवगण फर्केर गएपछि आनन्द भन्तेलाई डाकी भगवान् बुद्धले आज्ञा गर्नुभयो, "हे आनन्द ! सुगन्धयुक्त दिव्य धूपादिले पूजा गर्दैमा तथागतलाई आदरसत्कार मानमर्यादा गरेको ठहरिंदैन। हेर, जुन भिक्षु वा भिक्षुणी अथवा उपासक वा उपासिकाले धर्मलाई आदर गरी तदनुसार अभ्यास गरी धर्माचरण गर्दछ त्यसले तथागतलाई सत्कार गरेको, मान गरेको तथा उत्तम पूजा गरेको ठहर्दछ।" त्यसै बेलातिर बुद्धदेवले आनन्द भन्तेलाई चारओटा स्थान (१) बुद्ध जन्मेको ठाउँ लुम्बिनी, (२) बुद्धत्व प्राप्त गरेको स्थान बोधगया, (३) धर्म-चक्र-प्रवर्तन गरेको ठाउँ सारनाथ, (४) महापरिनिर्वाण प्राप्त भएको स्थान कुशीनगर दर्शनीय छन् र यी स्थानहरूको दर्शनले श्रद्धालुजनलाई संवेग उत्पन्न भई श्रद्धा र भक्तिलाभ भई अति पुण्य प्राप्त हुनेछ भनी आज्ञा गर्नुभयो।

बुद्धदेव अब अन्तिम चरणमा हुनुहुन्छ भन्ने कुरा परालको आगोझैं चारै दिशा फैलियो। उहाँको अन्तिम दर्शन गर्न शालवनमा मान्छेको भीड लाग्न थाल्यो। असङ्ख्य मानिसले बुद्धदेवको अन्तिम दर्शन गरे। यत्तिकैमा



Downloaded from http://www.dhamma.digital

सुभद्द भन्ने अन्य मार्गका एक जना सन्न्यासी आफ्नो शङ्का समाधान गर्न बुद्धदेवलाई भेट्न आए। बुद्धदेवलाई अब आराम दिनुपर्छ र उहाँलाई वादविवादमा फसाउनु हुन्न भन्ने सद्विचार राखी आनन्द भन्तेले सुभद्दलाई रोके। तर सुभद्द सन्न्यासी भने भगवान् बुद्धलाई भेटेर शिक्षा ग्रहण गर्न आतुर थिए। यो देखी बुद्धदेवले आनन्दलाई आज्ञा गर्नुभयो, "हे आनन्द! मलाई हेरेर, मलाई ढोगेर खुरुखुरु जानेलाई चाहिँ तिमीले बिनारोकटोक पठाउने गऱ्यौ, तर मबाट ज्ञान प्राप्त गरी आफ्नो मनको शङ्का समाधान गरी जीवन सुधार्न खोज्ने अन्तिम सत्पुरुषलाई चाहिँ तिमीले रोकेर राख्यौ। त्यसैले आनन्द! सुभद्दलाई यहाँ पठाऊ, उसको आगमनले मलाई आनन्द हुनेछ।"

भगवान्को आज्ञा शिरोपर गर्दै आनन्द भन्तेले सुभद्दलाई भगवान् बुद्ध भए ठाउँमा लगिदिए। बुद्धदेवले सुभद्दलाई जीवनबारे धर्मोपदेश दिँदै अन्तिम पटक भन्नुभयो, "सुभद्द! जुन धर्म विनयमा आर्यअष्टाङ्गिक मार्ग हुँदैन त्यस धर्म विनयमा श्रमणहरू पनि हुँदैनन्। जुन धर्म विनयमा आर्यअष्टाङ्गिक मार्ग हुन्छ त्यस धर्म विनयमा श्रमणहरू पनि हुन्छन्। हे सज्जन! भिक्षुहरूले राम्ररी धर्माचरण गरेर बसे भने यस लोकमा अर्हत्हरू (ठूला ज्ञानी, पूज्यहरू) बिलाउने छैनन्।" यसरी बुद्धको अन्तिम उपदेश श्रमण गर्ने आयुष्मान् सुभद्द अन्तिम बौद्ध परिव्राजक बनी अर्हत् भए। त्यसपछि भगवान् बुद्धले आनन्द र अरू भिक्षुहरू सबैलाई डाकी "मनमा कुनै कुराको सन्देह बाँकी छ भने अहिलेसम्म समय छ तथागतसित सोध्नू" भनी आज्ञा गर्नुभयो। त्यहाँ उपस्थित भिक्षुहरूमध्ये कुनैकसैको मनमा पनि बुद्ध, धर्म, सङ्घ र विनयबारे कुनै किसिमको सन्देह नभएको यकिन भएपछि आनन्द भन्तेले भगवान्समक्ष त्यस जमघटमा शङ्का भएका भिक्षुहरू कोही छैनन्, सबै प्रसन्न छन् भनी बिन्ती गरे।

त्यसपछि बुद्धदेवले सबै भिक्षुहरूलाई सम्बोधन गरी आज्ञा गर्नुभयो, "भिक्षुगण! संस्कार सबै अनित्य छ भनी बुझी अप्रमादी भई राम्ररी स्मृति राखी गुण-धर्म सम्पादन गरिलिने प्रयत्न गर्नू।" यही वाक्य भगवान् बुद्धको अन्तिम उपदेश थियो।



Downloaded from http://www.dhamma.digital

त्यसपछि भगवान् बुद्ध विभिन्न ध्यानभावनामा बस्नुभयो । तदनन्तर प्रथम ध्यानबाट क्रमैसित चतुर्थ ध्यानसम्म पुग्नुभयो । अनि त्यही ध्यानबाट महापरिनिर्वाण प्राप्त गर्नुभयो । यसरी ८० वर्ष पूरा भएकै दिन वैशाख पूर्णिमाको रात्रिको तृतीय प्रहरमा सबै संस्कारको अनित्यभाव देखाई बुद्धदेव महापरिनिर्वाण हुनुभयो ।

यसरी कुशीनगर त्यो पवित्र भूमि हो जहाँ बुद्धदेवले महापरिनिर्वाण प्राप्त गर्नुभएको थियो । अनन्तकालसम्म प्रज्वलित हुने सौभाग्यप्राप्त यो भूमिमा पहिलेदेखि अहिलेसम्म र पछिसम्म पनि निरन्तर रूपमा विश्वका विभिन्न ठाउँका मानिसहरू पुगी बुद्धदेवप्रति श्रद्धासुमन चढाइरहेछन् र चढाइरहनेछन् । यस्तो विश्वप्रसिद्ध पुण्यभूमिमा एकफेरा त जोकोही पनि पुगी आफ्नो जीवन सार्थक तुल्याउनुपर्छ भन्ने भावना त्यतातिर घुमिरहँदा मेरो मनमा बारम्बार उब्जिरह्यो ।

## लुम्बिनी
### बुद्धको जन्मस्थल

हामी बसेका सबै होटलहरूमा 'बेड एन्ड ब्रेकफास्ट' को व्यवस्था भएको हुँदा कुशीनगरको होटल 'पथिक निवास'का कर्मचारीलाई भोलिपल्ट बिहान साबिक ८:०० बजेको सट्टा ५:०० बजे नै ब्रेकफास्ट दिन बास बसेको दोस्रो रातमा अनुरोध गर्‍यौं । तदनुरूप भोलिपल्ट सोमबार अप्रिल १ तारिख बिहान ४:०० बजे नै उठी ठीकठाक गरी ब्रेकफास्टका लागि ५:०० बजे नै तयार भयौं । राम्ररी 'ब्रेकफास्ट' लिइसकेपछि बिहान ६:३० बजे नै होटल छाडी लुम्बिनीका लागि प्रस्थान गर्‍यौं ।

लुम्बिनीतिर गाडी गुडिरहँदा मेरो सम्झनाको लहरमा लुम्बिनी र बुद्धको जन्मबारे केही कुराहरू लहरिँदै गए । लुम्बिनी एउटा यस्तो महत्त्वपूर्ण



Downloaded from http://www.dhamma.digital

पवित्र स्थल हो जहाँ विश्वशान्तिका प्रवर्तक एसियाका ज्योति तथा नेपालका गौरव बुद्धदेवको जन्म भएको थियो। अनन्तकालसम्म पवित्रताको घुम्टो ओढिरहने सौभाग्यप्राप्त लुम्बिनीको महत्ता जति लेखे पनि कमै हुन्छ, जति फलाके पनि अपूर्णको अपूर्ण नै हुन्छ। यस्तो पवित्र पुण्यभूमितिर गइरहनु भनेकै आफैमा सुख, शान्ति र सन्तोष प्राप्त गर्नु हो जस्तो मलाई लागिरह्यो।

### *असिता ऋषिको आगमन*

बुद्धको जन्मपछि राजधानी कपिलवस्तुमा ठूलो खुसीयाली छायो। त्यसै बेला त्यहाँ असिता ऋषिको आगमनबारे ओशोले आफ्नो प्रवचनको सिलसिलामा एक ठाउँमा बडो सुन्दर तरिकाले व्याख्या गरेको सम्झें।

ओशो भन्छन्, आजभन्दा २५०० वर्षपहिले जुन दिन बुद्धको जन्म भएको थियो त्यस बेला सम्राट् शुद्धोदनको राजधानीमा धेरै दिनसम्म ठूलो उत्सव भएको थियो। पूरै राजधानी सजिसजाउ थियो। जनता सबै हर्षोल्लासित थिए। धेरै दिनको प्रतीक्षा पूरा भएको थियो। किनभने राजा वृद्ध हुँदै गइरहेका थिए तर नयाँ राजा हुनेको कुनै अत्तोपत्तो थिएन। त्यसैले नवजात राजकुमारलाई सिद्धार्थ भन्ने नाम दिइयो। जीवन-जगत्को अर्थ सिद्ध गर्ने हुँदा सिद्धार्थ भनिएको हो। सम्राट्को महलमा उत्सव मनाइरहेकै बेला एक दिन हिमालयबाट एक वृद्ध तपस्वी महलको द्वारमा उभिन आइपुगे। उनको नाम थियो असिता। सम्राट् उनलाई सम्मान गर्दथे। असिता पहिले कहिल्यै राजधानी आएका थिएनन्। शुद्धोदन स्वयं उनको दर्शनका लागि हिमालय जानुपर्थ्यो। राजाको बाल्यकालको साथी थिए असिता। ठूलो भएपछि शुद्धोदन सम्राट् भए, राजपाटको दुनियाँमा अल्झिए। असिता महान् तपस्वी भए। उनको ख्याति टाढाटाढा दिग्दिगन्तसम्म फैलियो। असिता आएको थाहा पाई राजा द्वारसम्म गई अचम्म मान्दै भने, "तपाईं यहाँ आउनुभएको ? कसरी ? किन ? के कामले आउनुभएको ? कुनै कठिनाइ छ कि ? कुनै अड्चन छ कि ? भन्नुस् मैले गर्नुपर्ने केही छ ?" "कठिनाइ, मुश्किल, अड्चन केही छैन, तिम्रो घरमा छोरोको जन्म भएको हुनाले उसैको दर्शन गर्न आएको हुँ" असिताले भने। यो सुनेर शुद्धोदन हतप्रभ भए। सौभाग्यको कुरा हो कि



Downloaded from http://www.dhamma.digital

असिताजस्तो महान् आत्मा छोराको दर्शनको निमित्त आएका छन् । शुद्धोदनले तुरुन्तै अन्तःगृहबाट नवजात शिशु लिएर आए । बालकलाई देख्नासाथ असिताले शिर झुकाए । उनले शिशुको चरणमा शिर राखेर ढोगे । शिशु बुद्धले असिताको जटामा आफ्नो खुट्टा छिराएर अड्काउनुभयो । त्यस बेलादेखि नै मान्छेको जटामा बुद्धको खुट्टा अड्किन थालेको हो भनेर भनिन्छ । बुद्धको दर्शन गरेपछि असिता हाँस्ने र रुने दुवै गर्न थाले । यो देखी शुद्धोदनले सोधे, "यस्तो शुभ घडीमा तपाइंले यो के गर्नुभएको ?" असिताले भने, "तिम्रो घरमा यो जुन छोरो जन्मेको छ, त्यो कुनै साधारण मान्छे होइन; यो असाधारण पवित्र आत्मा हो । यो तिम्रो लागि मात्र सिद्धार्थ होइन । यो अनन्तकालसम्म विश्वको लागि नै सिद्धार्थ हुनेछ । धेरै मान्छेले अब जीवनको अर्थ सिद्ध गर्न पाउने भए । त्यसैले म हाँस्तै छु किनकि यस्ता महान् आत्माको दर्शन मलाई प्राप्त भयो । म हाँस्छु, प्रसन्न हुन्छु यस निम्ति कि यसले म बूढोको जटामा आफ्नो खुट्टा घुसाइदियो । यो सौभाग्यको क्षण हो । रुन्छु यसकारणले कि जब यो कोपिला विकसित भएर फूल बन्नेछ, दिग्दिगन्तमा यसको सुवास फैलनेछ, अनि यसको सुवासको छायाँमा करोडौँले राहत प्राप्त गर्नेछन् , तब त्यतिखेर म यस धरतीमा हुनेछैन । त्यसैले म रुन्छु, म पछुताउँछु ।"

*बुद्धबारे ओशोको धारणा*

ओशो फेरि भन्छन्, त्यो बेलादेखि संसारमा अनेक प्रज्ञापुरुष भए । तर तिनमा बुद्ध अतुलनीय हुनुहुन्छ । उहाँ यस्तो हुनुहुन्छ जस्तो हिमाच्छादित हिमालय । हिमाच्छादित पर्वत अरू पनि छन् तर हिमालय पर्वत अतुलनीय छ, यसका लागि दिने उपमा नै छैन । बस, हिमालय हिमालयजस्तै छ । त्यस्तै गौतम बुद्ध गौतम बुद्धजस्तै हुनुहुन्छ । मनुष्यजातिको इतिहासमा बुद्धको जस्तो महिमामय नाम अरू कसैको छैन । बुद्धले जति हृदयको वीणा अरू कसैले पनि बजाएको पाइँदैन । बुद्धको माध्यमबाट जति मान्छेले चित्तशुद्धि प्राप्त गरे, मोक्ष (मोहको क्षय) उपलब्ध गरे त्यति धेरै अरू कसैबाट प्राप्त गर्न सकेनन् । बुद्धको वाणी अनौठो खालको तथा अचम्मलाग्दो छ । बुद्धले भन्नुभएको कुरा अरूले भनेको जस्तो छैन ।



Downloaded from http://www.dhamma.digital

उहाँले त्यतिका वर्षअघि भनेका कुराहरू अहिलेकै जस्तो लाग्छ। यस्तो सयौं वर्षपछिका मानिसलाइं पनि लागिरहनेछ। किनकि मानिसमा जेजस्तो हुने कुरा हो त्यसलाई उहाँले अङ्गीकार गर्नुभएको छ, र त्यसबारे बोल्नुभएको छ र समस्यालाई गहिराइसम्म छानबिन गरेर बोल्नुभएको छ। उहाँले भन्नुभएका कुरा आँखा चिम्लेर मान्ने वा स्वीकार गर्ने कुरा होइन, यो त सोचविचार र मनन गरेर बुझ्ने कुरा हो। बुद्धबारेका ओशोका यस्तैयस्तै कुराहरू सम्झेर म घोत्लिँदै थिएँ।

*सहयात्रीसँग गफसफ*

यत्तिकैमा गाडीमा सहयात्रीहरूले फेरि गफसफ सुरु गरे। यस्तो गफसफमा अक्सर अरूका विषयमा नानाथरीका कुराहरू उल्लेख हुने गर्छन्। अरूको चर्चापरिचर्चा गरिने आइमाईका कुराहरू आफैमा महत्त्वहीन हुँदाहुँदै पनि यसले एकछिन रमाइलो वातावरण सिर्जना गर्दो रहेछ। केहीछिनपछि बीचबाटैमा फेरि चियापानको प्रस्ताव मैले राखेँ। 'के खोज्छस् काना, आँखा' भनेजस्तै भएछ। लगत्तै हामीले गाडी रोक्न लगाइं बाटोछेउको एउटा चियापसलभित्र पस्यौं। यस्तो सुनसान गाउँकन्दरामा स्तरीय चियापसल पाउने कुरै भएन। त्यो चियापसलमा भएका ताजा भनेका परिकारहरू फोहोरजस्तो ठानी हामीले चिया, पुरिया बिस्कुट र पुरिया आलुचिप्स मात्र लप्कायौं। बिहानको ९:०० बजेतिर हामी भारत-नेपाल सिमानास्थित सुनौलीको भन्सार कार्यालयमा पुग्यौं। हामीले क्यामेरा र भिडियो क्यामेरा काठमाडौंबाटै बोकेर लगेका थियौं। यी सामानहरू भारतमा लगेर फर्काउने गरी काठमाडौंस्थित भारतीय राजदूतावासबाट परमिट (अनुमतिपत्र) लिएर गएका थियौं। हामीसँग यस्ता सक्कली कागजात हुँदाहुँदै पनि सुनौली भन्सार कार्यालयका भारतीय कारिन्दाले खिचलो गर्न थाल्यो र भा.रु. २००।- मागिहाल्यो। भन्सारका मानिसहरू यस्तै हुने हुन् कि ! हामीबाट कुनै किसिमको छक्कापन्जा नहुँदानहुँदै पनि मागे बमोजिम नजराना बाध्य भएर दिनैपर्‍यो। अन्यथा हाम्रो लुम्बिनी भ्रमण भताभुङ्ग हुनमा के बेर ! यसोउसो गर्दागर्दै समय गइरहेको हामीले चालै पाएनौं। त्यसपछि यताउता केही नहेरी हामी सोझै लुम्बिनीतिर हुईंकियौं।



Downloaded from http://www.dhamma.digital

*बुद्धको जन्मस्थल : लुम्बिनी*

२६०० वर्षअघि नेपालको तिलौराकोटस्थित राजप्रासादबाट हाल नवलपरासीको रामग्राम (देवदह)मा रहेको माइतीघर जाने क्रममा रानी मायादेवीले लुम्बिनी उपवनमा सिद्धार्थ गौतमलाई जन्म दिएकी थिइन् । सिद्धार्थ गौतम बुद्ध भएपछि यस स्थलले पवित्र स्थलको रूपमा मान्यता



निर्माणाधीन वाटिका, लुम्विनी

पाउन थाल्यो । त्यसपछि इसापूर्व २४९ मा भारतका मौर्यसम्राट् अशोक बुद्धधर्मको प्रचारप्रसार गर्ने क्रममा बुद्धको जन्मस्थल लुम्बिनीको यात्रामा आएका थिए । बुद्धसित सम्बन्धित हरेक ठाउँमा स्तम्भ र स्तम्भलेख राख्ने विचार गरिएअनुसार सम्राट् अशोकले लुम्बिनीमा पनि स्तम्भ र स्तम्भलेख राख्न लगाएका थिए । त्यसपछि धेरै वर्षसम्म यो पवित्र स्थल अज्ञात गर्भमा लुकेर बस्यो । फलस्वरूप लुम्बिनीक्षेत्र पछि जङ्गलमा परिणत हुन पुग्यो । सन् १८९६ मा पाल्पाका तत्कालीन कमान्डिङजनरल खड्गशमशेरको समयमा सो जंगलको रूख कटान गरी भारतमा निकासी गरिरहेको बेला रूख काट्ने कामदारहरूले अशोकस्तम्भ फेला पारे । त्यसै समयमा बुद्धको जन्मस्थलसम्बन्धी खोजकार्य गरिरहेका जर्मन पुरातत्त्वविद् डा.अलोइज अन्टन फुहरर लुम्बिनी आएर त्यस स्तम्भमा रहेको अभिलेखको उतार लिई फर्केका थिए । अशीकस्तम्भमा लेखिएको अभिलेखलाई 'ब्राह्मी लिपि' भनिन्छ । लुम्बिनीको अशोकस्तम्भबाट उतारिएको अभिलेख अर्थात्



Downloaded from http://www.dhamma.digital

'ब्राह्मी लिपि' को अध्ययनबाट यो अशोकस्तम्भ नै हो र यहाँ बुद्धको जन्म भएको हो भनी डा. फुहररले घोषणा गरे । त्यसै बेलादेखि बुद्ध पौराणिक नभई ऐतिहासिक व्यक्ति हुनुका साथै उहाँको जन्म नेपालमा भएको प्रमाणित भएको हो । त्यसपछि सन् १९३७ मा केशरशमशेरले बुद्ध जन्मेको ठाउँमा मायादेवी मन्दिर बनाउन लगाए । सन् १९६७ मा श्रद्धेय भिक्षु अनिरुद्ध महास्थविरको प्रेरणाबाट अभिलषित संयुक्त राष्ट्रसङ्घका तत्कालीन महासचिव ऊ थान्तले लुम्बिनीभ्रमणपछि लुम्बिनीलाई विश्वसामु ल्याउन विशेष पहल गरे । उनकै सक्रियतामा सन् १९७० मा राष्ट्रसङ्घमा लुम्बिनी विकास समितिको गठन भयो । हाल जेजस्तो अवस्थामा लुम्बिनीको विकास योजना छ त्यसको सम्पूर्ण श्रेय हामीले महासचिव ऊ थान्तलाई दिनुपर्छ । भगवान् बुद्धको महिमा बुझी अन्तर्राष्ट्रिय स्तरमा लुम्बिनीको पहिचान र विकास गर्न सघाउ पुऱ्याउने सत्पुरुष ऊ थान्तलाई म यहाँ न्यानो अभिवादन गर्न हिचकिचाउन्नँ ।

## *वास्तुकलाविद् टाँगेको योगदान*

त्यसरी नै लुम्बिनीको विकासमा सघाउ पुऱ्याउने वास्तुकलाविद् प्रो. टाँगेको विशेष योगदान छ । उनले लुम्बिनीको गुरुयोजना निःशुल्क तयार गरी सन् १९७८ मा नै हस्तान्तरण गरे । त्यस गुरुयोजना अन्तर्गत लुम्बिनीको २५ स्क्वाएर माइल क्षेत्रको विकास गर्ने लक्ष्य राखिएको छ । यसमा सर्वप्रथम पवित्र उद्यानक्षेत्रमा मायादेवी मन्दिर, पवित्र कुण्ड, अशोकस्तम्भ तथा महत्त्वपूर्ण भग्नावशेषका अवशेषहरूलाई आधुनिक ढङ्गले यथोचित स्याहारसम्भार, संरक्षण तथा पुनःनिर्माण गरी वरिपरि चारैतिर रमणीय बगैँचा बनाई हराभरा गराइने लक्ष्य राखिएको छ । यस गुरुयोजनाअन्तर्गत त्यसैबीचबाट जाने १६ मिटर चौडा भएको एउटा भव्य केन्द्रीय नहर बनाई त्यस नहरमा खुट्टाले चलाउने नाउको प्रबन्ध गरी मनमोहक प्राकृतिक सौन्दर्यको मजा लुटी नौका विहार गर्ने व्यवस्था पनि गरिएको छ । पूर्वतर्फ विभिन्न देशका थेरवादी विहार, स्तूप, चैत्य र पश्चिमतर्फ महायानी, वज्रयानी स्तूप, मन्दिर, गुम्बा, विहार बनाई बुद्धधर्ममा निहित विभिन्न आयामलाई समन्वय गरी विकास गर्ने लक्ष्य राखिएको




Downloaded from http://www.dhamma.digital

छ। साथै उक्त गुरुयोजनामा विभिन्न देशबाट सहयोगस्वरूप आआफ्नो देशका शिल्पकला झल्काउने अन्तर्राष्ट्रिय मन्दिर, विहार, चैत्य वा स्तूप निर्माण गर्नका लागि बयालीसओटा प्लट निर्धारण गरिएको छ। पर्यटकहरूको सुविधाका लागि यहाँ उच्चस्तरीय, मध्यमस्तरीय र साधारण गरी विभिन्न किसिमका होटलहरू आवश्यकतानुसार निर्माण गरिने व्यवस्था पनि गरिएको छ। यसको साथै चारैतिर ठाउँठाउँमा वृक्षरोपण गरी प्राकृतिक सौन्दर्य अभिवृद्धि गर्ने, चारैतिर रमणीय बगैंचा बनाइने, ठाउँठाउँमा पोखरी खनी सफा पानी राख्ने, ध्यानकुटीहरू निर्माण गरिने व्यवस्था गरिएको छ।

### *लुम्बिनीको सेरोफेरो*

लुम्बिनीबारे यस्तैयस्तै कुराहरू मनमा गुन्दै थिएँ। हाम्रो गाडी लुम्बिनी पुगेको पत्तै भएन। यसरी विक्रम संवत् २०५८ साल चैत्र १९ गते सोमबारका दिन पवित्र भूमि लुम्बिनी पुग्दा मेरो मनमा उत्सुकता राम्ररी पलाउन थाल्यो। सर्वप्रथम हामी मायादेवीमन्दिर अर्थात् बुद्धदेव जन्मनुभएको स्थलतिर जान लाग्दा त्यतैतिरको एउटा साधारण कटेरोजस्तो टहरामा मायादेवी-मन्दिरमा भएको बुद्धदेव-जन्म अङ्कित नयाँ र पुराना मूर्तिहरू राखिराखेको देख्ता मनमा नियास्रो लाग्यो। पुरानो मूर्ति खिइएर अस्पष्टझैं भैसकेको थियो भने नयाँ मूर्तिमा बुद्धको जन्म यसरी देखाइराखेको मैले



भगवान् बुद्धको जन्म-अंकित प्रतिमाहरू राखिएको टहरा, लुम्बिनी



Downloaded from http://www.dhamma.digital

देखें। रानी मायादेवी उभिएर आफ्नो दायाँ हातले एउटा रूखको हाँगा समाइराखेकी छिन् । उनैकी बहिनी प्रजापति गौतमी र एउटी परिचारिकाले उनको सेवा गरिरहेका छन्। त्यतैतिर बालक बुद्धलाई हेरचाह गर्न भगवान् ब्रह्मा उपस्थित हुनुहुन्छ। बालक बुद्धचाहिँ उठेर जमिनमा सात पाइला हिँड्ने क्रममा हुनुहुन्छ। यस्तो सजीव मूर्ति देख्ता मनमा आनन्दानुभूति हुनु स्वाभाविकै हो।

त्यहाँ ती मूर्तिहरूको हेरचाह गर्ने एक जना पण्डित ब्राह्मणलाई पुजारीको रूपमा देख्ता म आश्चर्यचकित भएँ। बुद्धका अनुयायी कुनै पनि भिक्षु वा भिक्षुणी हुनुपर्नेमा एक जना पुजारी बाजे त्यहाँ नियुक्त भइरहेको साह्रै असान्दर्भिक र अनुपयुक्त भएको मलाई लाग्यो। मनको कुरा मनमै राखी बुद्धदेवप्रति श्रद्धा व्यक्त गर्न त्यहाँ हामीले बत्ती बाल्ने काम गर्‍यौं र एकछिन त्यतैतिर अल्भिरह्यौं। यसै क्रममा रानी मायादेवीको गर्भधारण भएको र बुद्धको जन्मबारे कहीँकतै पढेका निम्न कुराहरू सम्भन पुगें।

भनिन्छ, आजभन्दा २६०० वर्षअघि नेपालको तौलिहवा क्षेत्र अन्तर्गत कपिलवस्तु भन्ने एउटा साह्रै राम्रो र समृद्धिशाली राज्य थियो। त्यस बेला त्यहाँ शाक्यवंशका राजा सुद्धोदन राज्य गर्दथे। उनका मायादेवी र प्रजापति गौतमी नामका दुई रानी थिए। एक दिन आषाढ पूर्णिमाको दिन रानी मायादेवीले अपूर्व र अनुपम सपना देखिन्। सपनामा रानीले विविध अद्भुत कुराहरूको अनुभूतिका साथ एउटा बडेमाको सेतो हात्ती आफ्नो दाहिने काखीबाट पेटभित्र पसेको देखिन्। महाराजले भोलिपल्ट आफ्नो राज्यका विद्वान् ब्राह्मणहरूलाई बोलाई महारानीको सपनाको कुरा अर्थ्याउन आदेश दिए। आमन्त्रित ब्राह्मणहरू सबैले एकै स्वरले "सपना साह्रै शुभलक्षणको छ। महारानीको कोखबाट एउटा अद्वितीय राजकुमारको जन्म हुनेछ। राजकुमार राजपाट सह्मालेर बसे भने चक्रवर्ती राजा हुनेछन् तर संसार त्यागेर सन्न्यासी भएर गए भने महामना बुद्ध बन्नेछन्" भनी भविष्यवाणी गरे। त्यसपछि गर्भधारण गरेको दसौं महिनाको वैशाख पूर्णिमाको दिन आफ्नो माइतीघर देवदहतिर जाने क्रममा बीचबाटोमा पर्ने लुम्बिनी भन्ने एउटा साह्रै रमणीय उद्यानमा आराम गर्न रोकिँदा



Downloaded from http://www.dhamma.digital

महारानीले आफ्नो शारीरिक अवस्थामा केही परिवर्तन आएको अनुभव गरिन् । अनि दायाँ हातले नजिकैको शालवृक्षको एउटा हाँगा समाती उभिइन् । महारानीको परिस्थिति बुझेर परिचारिकाहरूले चारैतिर कपडाको घेरा लगाइदिए । त्यहीँ शालवृक्षको मुनि महारानी मायादेवीलाई सर्वगुण सम्पन्न पुत्ररत्न पैदा भयो । त्यस बेला आकाशबाट देवगणको जयजयकारयुक्त मङ्गलध्वनिले वातावरण गुन्जायमान भयो । नानाथरीका सुगन्धित पुष्पहरूको वृष्टि भयो । तत्क्षणै त्यहाँ भगवान् ब्रह्मा प्रकट भएर पम्फाको फूलजस्तो कोमल बालकलाई सुवर्णमय जालमा थापी रानीको समक्ष राख्तै "महारानी, बत्तीस लक्षणले युक्त महानुभाव राजकुमार प्राप्त भएको छ, कृपया ग्रहण गर्नुहोस्" भनी आग्रह गरे । भगवान् ब्रह्माको हातबाट मुक्त भएपछि त्यो सर्वलक्षणसम्पन्न शिशुले जमिनमा आफै उभिएर दसै दिशातिर आँखा घुमाए । कहीँकतै आफूसमान योग्य कोही कुनै व्यक्ति नदेखेपछि उत्तर दिशातिर फर्केर दायाँ हात उचाली चोर औँला ठड्याई सात कदम हिंड्दै 'अग्गोहमास्मि लोकस्स' अर्थात् संसारको अग्रपुरुष म नै हुँ भनी घोषणा गरे जसलाई सिंहनाद गरेको भनिन्छ । त्यस बखत त्यस बालकलाई भगवान् ब्रह्माले श्वेतछत्र ओढाए भने इन्द्रदेवले चँवर हम्काए; अरू देवगणहरू जयजयकार गर्दै पछिपछि लागे । यी कुराहरू सम्झेर त्यहाँ म निकैबेर आह्लादित भइरहें । त्यसै बेला सहयात्रीहरूलाई यो प्रसङ्ग प्रस्तुत गर्न पाउँदा मेरो मन खुसीले गद्गद भइरह्यो ।



भगवान् बुद्धको जन्म अकित नयाँ मूर्ति,
लुम्विनी



Downloaded from http://www.dhamma.digital

*मायादेवीको निर्माणाधीन मन्दिर*

त्यसपछि बुद्धदेव-जन्म अङ्कित नयाँ र पुराना दुवै मूर्तिप्रति फेरि एक पटक श्रद्धाभाव व्यक्त गरी मन्दिररूपी त्यो अस्थायी टहराबाट बाहिर निस्केर मायादेवीमन्दिर भएको भन्ने हाल निर्माणाधीन ठाउँतिर लाग्यौं। त्यतातिर निर्माणकार्य धमाधम भइरहेको देख्ता मेरो मनमा आनन्दको अनुभूति पलाइरह्यो। तर त्यहाँ भेट भएको एक जना कर्मचारीसँग सो मन्दिरबारे केही जिज्ञासा राख्ता उसले दिएको रूखो जबाफले मेरो चित्त सार्है दुख्यो। उसको ठाडो जबाफ सुन्दा हामी नेपाली जाति सार्है अविकसित छौं कि जस्तो लाग्यो।

लुम्बिनी विकासको सन्दर्भमा मायादेवीमन्दिरको पुनःस्थापना तथा पुनःनिर्माण योजना हाल विश्वभरिका बौद्ध धर्मावलम्वी तथा सम्पूर्ण नेपालीको सर्वाधिक चासोको विषय बनेको छ। यस मन्दिर छेउमा पलाएका पीपलका जराहरूले मन्दिरलाई नोक्सान पुऱ्याउन थालेको तथा पछि नजिकैको अशोकस्तम्भलाई समेत नोक्सान पुऱ्याउन सक्ने हुँदा पीपलका जरा हटाई त्यहाँ नयाँ आधुनिक मन्दिर बनाउन सन् १९८७ तिर नै दाताको खोजी भएको थियो। यही क्रममा 'जापान बुद्धिस्ट फेडरेसन' (JBF) ले मायादेवीमन्दिर बनाइदिने अभिभारा लिएपछि सन् १९९२ देखि मन्दिर बनाउने कार्य सुरु भयो। पहिलो चरणको कार्य गर्दै जाँदा नै अत्यन्त महत्त्वका पुरातात्त्विक वस्तुहरू फेला पर्न थाले। भगवान् बुद्धले पहिलो पटक पृथ्वीमा पाइला टेकेको ठाउँमा प्रतीकस्वरूप राखिएको ढुङ्गा जसलाई 'मार्कर स्टोन' (Marker stone) भनिन्छ त्यो प्राप्त भयो। यो 'मार्कर स्टोन' प्राप्त हुनु भनेको वस्तुतः हामी नेपालीको भाग्य चम्केको हो भन्नुपर्छ। तर विधिको विडम्बना भनौं कि के भनौं मायादेवीमन्दिरको डिजाइनबारे लुम्बिनी विकास कोष र जापान बुद्धिस्ट फेडरेसनबीच उत्पन्न मतभेदको कारणले सन् १९९२ मा तदारुकताका साथ सुरु भैसकेको निर्माणकार्य सन् २००१ सम्म लथालिङ्ग भताभुङ्ग परिरहेको अत्यन्त दुःखदायी कुरा हो। लुम्बिनी विकासको मुटु मायादेवीमन्दिरको पुनः निर्माणकार्य त्यसरी पूरा नहुँदा लुम्बिनी आउने पर्यटकहरू तथा



Downloaded from http://www.dhamma.digital

तीर्थयात्रीहरू 'हिस्स बूढी खिस्स दाँत' हुँदै निन्याउरो मुख लगाइं जाने गर्थे । मैले आफैले पनि त्यस्तै अनुभव र अनुभूतिमा पिल्सिएर फर्कनुपरेको थियो ।

मायादेवीमन्दिरको निर्माणकार्य आठ-नौ वर्षअघिदेखि त्यसै थन्किरहेको हुँदा आगामी एक-दुई वर्ष अर्थात् सन् २००२-२००३ सम्ममा यसको पुनः स्थापना हुन सकेन भने लुम्बिनीलाई विश्वसम्पदा सूचीबाट हटाउन सकिने जस्तो कठोर चेतावनीयुक्त निर्णय युनेस्कोले लियो । हेर्दा नकारात्मक जस्तो देखिए पनि अविवेकीलाई विवेकशील बनाउन यो चेतावनी ठीकै लाग्यो । यो चेतावनीले सम्बन्धित निकायको घैंटोमा घाम लाग्न थालेको सङ्केत देखिन थालेको छ । तदनुरूप एक दशकअघि भएको सहमतिअनुरूप जापान बुद्धिस्ट फेडरेसनले यथाशीघ्र निर्माणकार्य गर्नुपर्नेमा सो नगरी अनेक अड्को लगाउँदै नेपालीको भावनाविपरीत आफ्नै डिजाइन र योजनामा अडिग रही लिँडेढिपी गरिरहेको हुँदा अन्ततः यो मन्दिरको निर्माण श्री ५ को सरकारको सहभागितामा लुम्बिनी विकास कोष आफैले गर्ने निर्णयअनुसार हाल धमाधम निर्माणकार्य भइरहेको छ । दस वर्षअगाडि लिनुपर्ने निर्णय अहिले आएर लिए पनि उपलब्धि नै मान्नुपर्छ । 'नहुने मामाभन्दा कानो मामा निको' भनेजस्तै हो यो । युनेस्कोको नियमअनुसार विश्वसम्पदा सूचीमा परेका ठाउँहरू पुनः निर्माण गर्दा पुरानै आकारमा ल्याइनुपर्छ । त्यसैले केशरशमशेरले सन् १९३७ मा निर्माण गरेको डिजाइनजस्तै देखिने गरी मायादेवीमन्दिरलाई आधुनिक रूपमा प्रस्तुत गरिने कुरा पनि प्रकाशित भएको छ । यसका लागि करिब ६-७ करोड लगानी भई एक-दुई वर्ष अर्थात् सन् २००२-२००३ सम्म निर्माणकार्य पूरा गर्ने लक्ष्य अत्यन्त उत्साहजनक कुरा मान्नुपर्छ । अब चाँडै मायादेवीमन्दिरको हँसिलो चेहराको दर्शन गर्न पाइने कुराले म पुलकित भएँ । साथै, भगवान् बुद्ध जन्मेको स्थान र उहाँले सर्वप्रथम पाइला टेकेको मार्कर स्टोन सबैले देख्ने गरी प्रतिष्ठापन हुनेछ भन्ने आशा पनि गरेको छु । जे होस्, मायादेवीमन्दिरको निर्माणकार्यमा भइरहेको ढिलासुस्तीमा नयाँ रक्तसञ्चार गर्न युनेस्कोजस्ता सशक्त अन्तर्राष्ट्रिय संस्थाको गहिरो चासो निश्चय नै



Downloaded from http://www.dhamma.digital

समयानुकूल कदम हो, प्रशंसनीय कार्य हो। तसर्थ युनेस्को संस्थालाई मुरीमुरी धन्यवाद नदिई रहन सक्तिनँ। एउटा कुरा मेरो मनमा के लागिरहेछ भने बुद्ध जन्मेको ठाउँलाई मायादेवीमन्दिर भन्नुको सट्टा बुद्ध-जन्म-स्मारक भन्नु बढी उपयुक्त हुने हो कि ?

यो भयो मायादेवीमन्दिरको पुन:निर्माण तथा पुन:स्थापनाबारेका त्यस बेला मनमा उम्रेका कुराहरू। अब फेरि लुम्बिनीभ्रमणतिरै लागूँ। मायादेवीमन्दिरको निर्माणाधीन स्थलबाट हामी नजिकै रहेको पोखरीतिर लाग्यौं। भनिन्छ, बुद्ध जन्मनुअघि महारानी मायादेवीले यहीं नुहाएकी थिइन् र बुद्ध जन्मेपछि यही पोखरीको पानीले शिशु बुद्धलाई पहिलो पटक नुहाइदिएकी थिइन्। यस्तो पवित्र पोखरीको पानी लिई श्रद्धासाथ जलको रूपमा शिरमाथि छर्क्यौं र त्यस पानीले मुख धोई आफ्नो मनमा धार्मिक



भगवान् वुद्धको जन्म हुनुअघि मयादेवीले स्नान गर्नुभएको पोखरी, लुम्बिनी

भावना जगायौं। लुम्बिनीको गुरु-योजनामा यो पोखरीलाई पनि आधुनिक ढङ्गले पुन:निर्माण गरिने भनेको कुरा केवल कुरैमा मात्र सीमित भएको देख्ता मेरो मन दुख्नु स्वाभाविकै हो। बुद्धको जन्मस्थलको सम्मान बढाउने काम पूरा गर्न अझ धेरै गर्न बाँकी रहेको कुरा बौद्ध तीर्थयात्राअन्तर्गत लुम्बिनीको भ्रमणमा मैलै प्रत्यक्ष देखें।



Downloaded from http://www.dhamma.digital

*अशोकस्तम्भ*

त्यहाँबाट हामी अशोकस्तम्भतिर लाग्यौं। गहिरिएर हेर्दा त्यो स्तम्भ मसिनो कालो सूक्ष्म दाग भएको बलौटेढुङ्गा (Sandstone) बाट निर्माण गरिएको देखें। आश्चर्यको कुरा त के पाएँ भने २२ सय वर्षभन्दा बढी समयको घामपानी हुरीबतासको बाबजुद पनि यसको पालिस अहिलेसम्म चिल्लो-चम्किलो रहेको छ। यसरी हालसम्म कायम भएको पालिसबाट २२-२३ सय वर्षपहिलेका पुर्खाका प्राविधिक विशिष्टता र रासायनिक ज्ञानको उच्चता राम्ररी झल्किरहेको स्पष्ट हुन्छ। यो स्तम्भको टुप्पोदेखि बीचैबीच तलसम्म केही चर्केको चिरान रहेछ। यस चिरानलाई बढ्न नदिन तलमाथि दुई ठाउँमा फलामको पेटीले बाँधी राखिएको छ। यसरी मौकैमा बुद्धि नपुऱ्याएको भए त्यो स्तम्भ चर्केर अहिलेसम्ममा दुई फ्याक भइसक्ने थियो। यसो भएमा हाम्रो निधार फुटेको जस्तो नहोला भन्न सकिन्न। हाल त्यस स्तम्भको टुप्पामा यसको गोलाइ भन्दा ठूलो एउटा ढुङ्गाको चक्का थपक्क राखिदिइएको छ जुन सुनमा सुगन्धझैं भइरहेको मलाई लाग्यो। यसले एकातिर चिरानबाट पानी पसेर अरू बढी क्षति हुनबाट बचाइरहेको छ भने अर्कोतिर शिरको शोभा टोपी भनेझैं यो स्तम्भको शीर्षभाग यति नै हो भन्ने आभास राम्ररी दिइरहेको छ। अर्को कुरा, यो स्तम्भ पश्चिमतिर अलि ढल्किरहेको देखें। सोधपुछ गर्दा थाहा भयो- जग परीक्षणका लागि पश्चिमतिर उत्खनन भएको क्रममा त्यतैतिर अलि ढल्किन गएको रहेछ। यस स्तम्भको टुप्पामा पहिले घोडाको मूर्ति थियो भनिन्छ। प्रसिद्ध चिनियाँ



अशोकस्तम्भ, लुम्बिनी



Downloaded from http://www.dhamma.digital

यात्री हुयेनसाङ लुम्बिनीमा आउँदा यसको टुप्पामा घोडाको मूर्ति भएको कुरा उनले आफ्नो यात्राविवरणमा उल्लेख गरेका छन् । साथै हालसालै त्यतैतिर उत्खनन गर्दा घोडाको जस्तो फुटेको मूर्तिको शीर्षअंश फेला परेको रहेछ जुन अशोकस्तम्भको बारभित्रै राखिएको छ । यी कुरावाट पहिले अशोकस्तम्भको टुप्पामा घोडाको मूर्ति थियो भन्ने कुरा प्रमाणित हुन्छ ।

त्यसपछि यो अशोकस्तम्भको अभिलेखतिर आँखा दौडाएँ । यस स्तम्भको माथितिर लेखिएका अभिलेखहरूमध्ये कुनै रिपुमल्लले त कुनै अरूहरूले पछि कुँदेका हुन् भनिन्छ । यसको मूल अभिलेखचाहिँ जमिनको सतहतिर पर्न जाँदा समयको गतिसँगै यो पुरिँदै-छोपिँदै गयो । पुरातत्त्वविद्हरूको भनाइअनुसार जङ्गलको रूपमा फैलिँदै गएको लुम्बिनीमा करिब ११-१२ सय वर्षसम्म अशोकस्तम्भको त्यो मूल अभिलेख जमिनमुनि पुरिएरह्यो । फलस्वरूप यो स्तम्भ कसले, कहिले, किन प्रतिष्ठापन गरेको हो भन्ने कुरा इतिहासको पानाबाट हराउँदै-बिलाउँदै गयो । त्यसपछि आजभन्दा १०७ वर्षपहिले अर्थात् सन् १८९६ मा पाल्पाका तत्कालीन तैनाथवाला कमान्डिङ जनरल खड्गशमशेरले जङ्गलको रूपमा रहेको लुम्बिनीको रूख कटान गरी भारतमा निकासी गरिरहेको बेला रूख काट्ने कामदारहरूले एउटा बडेमाको स्तम्भ ठिङ्ग खडा भएको देखे । त्यसै बेला खड्गशमशेरले तीन-चारओटा हात्तीद्वारा यस स्तम्भलाई उखेल्न खोजेका रहेछन् तर सकेनछन् । यो स्तम्भलाई त्यस बेला उखेलेर नष्ट गरिदिएको भए बुद्ध नेपालमा जन्मेको लिखित प्रमाण माटोमै बिलाएर हराइसकेको हुन्थ्यो । सौभाग्यवश त्यसै बेलातिर बुद्धको जन्मस्थलको खोजीनीति गरिरहेका पुरातत्वविद् डा. अलोइज अन्टन फुहरर भारतबाट नेपालको तराईतिर घुम्दैफिर्दै आउँदा पडेरियास्थित जनरल खड्गशमशेरको क्याम्पमा पुगेछन् र उनले संयोगवश नजिकै रहेको एउटा बडेमाको स्तम्भ देखेछन् । उनकै सल्लाहअनुरूप यस स्तम्भको उत्खनन गर्दा पाँच हरफको ब्राह्मी लिपिको अभिलेख भेटिएछन् । त्यस लिपिको गहन अध्ययनपश्चात् सन् १८९६ मा डा. फुहररले यो स्तम्भ 'अशोकस्तम्भ' हो र यहाँ बुद्ध जन्मनुभएको



Downloaded from http://www.dhamma.digital

हो भनी ठोकुवा गरे। नेपाल र नेपालीका लागि योभन्दा ठूलो सुख, सन्तोष र गौरवको कुरा अरू के हुन सक्थ्यो ! यसैले गर्दा आज हामीले छाती फुलाएर शिर ठाडो पारेर नेपाल बुद्ध जन्मेको देश हो भन्न पाइरहेका छौं। यसको मुख्य कारक डा.फुहररको अन्वेषणात्मक अध्ययन हो र डा.फुहररजस्ता इमानदार अन्वेषकलाई म ससम्मान अभिवादन गर्न हिचकिचाउन्नँ।

सम्राट् अशोकले बुद्धधर्म अवलम्बन गरेपछि तथा आफ्नो राज्याभिषेकको बीस वर्षपछि भगवान् बुद्धजन्मस्थल लुम्बिनीको शालवनमा आउँदा स्मृतिस्वरूप भारतबाट जतनसाथ ल्याइएको बडेमाको स्तम्भमा अभिलेख लेखी खडा गरिदिएका थिए। आफ्नो कीर्ति पनि रहोस् र बुद्धधर्मको प्रचार पनि होस् भन्ने उनको मनसाय यस स्तम्भबाट छर्लङ्गिन्छ। खुसीको कुरा के हो भने त्यतिका वर्ष पुरानो यो स्तम्भको मूल अभिलेखको अक्षर तथा शब्दहरू कुनै पनि बिग्रिएको, कोरिएको वा मेटिएको छैन। यद्यपि यो अभिलेखका केही शब्दहरूबारे विभिन्न विद्वान्हरूले विभिन्न अर्थ लगाएको देखिन्छ। तैपनि मूल रूपमा यो स्तम्भ सम्राट् अशोकले आजभन्दा २२-२३ सय वर्षपहिले खडा गरेको र बुद्धदेव जन्मनुभएको ठाउँ यही हो भन्ने तथ्य अकाट्य रूपमा प्रमाणित भएको छ।

यो स्तम्भको रेलिङबारमा लुम्बिनी विकास कोषबाट भद्दा किसिमले एउटा सूचनापाटी झुन्ड्याइराखिएको छ। अशोकस्तम्भको मूल अभिलेखको नेपालीमा अनूदित भावार्थ त्यो पाटीमा यस प्रकार कोरिएको छ :- 'देवताहरूका प्रिय प्रियदर्शी (अशोक) राजा राज्याभिषेकको बीसौं वर्षमा आफैं सवारी भइबक्स्यो। यहाँ बुद्ध शाक्यमुनिको जन्म भएकोले ढुङ्गाको एउटा प्राचीर बनाउन लगाइबक्स्यो र एउटा शिलास्तम्भ स्थापना गरिबक्स्यो। यहाँ भगवान्को जन्म भएकोले लुम्बिनी गाउँको बलि (कर) घटाई आठौं भाग गरिबक्स्यो।'

माथि भनिसकिएझैं अशोकस्तम्भको अभिलेखबाट भगवान् बुद्धको जन्म लुम्बिनीमा भएको हो भन्ने कुरा निर्विवाद सत्य भैसकेको हो।



Downloaded from http://www.dhamma.digital

यसमा शङ्का-उपशङ्का गर्नुपर्ने ठाउँ छैन। तैपनि बेलाबखतमा भारतका धूर्त पुरातत्त्वविद्हरू बुद्धको जन्म भारतमा भएको हो भनी विभिन्न झुट्टा प्रमाणहरू अघि सारी प्रचारप्रसार गर्नमा तल्लीन देखिएका छन्। यस्तो स्थितिमा नेपालीमात्रले आफ्नो हकको हिफाजत गर्न सर्वप्रथम लुम्बिनीसम्बन्धी अध्ययन-अनुसन्धान गर्नु आजको नितान्त आवश्यकता भएको छ।

वास्तवमा बुद्धको जन्म नेपालमा भएको हो भन्ने सबैभन्दा पुरानो प्रामाणिक दस्तावेज यही अशोकस्तम्भ हो। यस्तो महत्त्वपूर्ण स्तम्भको स्याहारसम्भार र संरक्षण गर्न लुम्बिनी विकास योजनाले कुनै काम सुरु गरेको नदेख्ता कताकता 'हीरालाई कीरा' सम्झने हाम्रो दरिद्र मानसिकता हो कि जस्तो मनमा लाग्यो।

## *लुम्बिनी विकासको दुर्गति*

लुम्बिनीमा गुरुयोजनाकार्य सुरु भएको दुई दशकभन्दा बढी भैसक्यो। यसका लागि विदेशी सहयोग करोडौं लगानी भैसकेको छ। तर यहाँको विकासको गति देख्ता मन मर्ने अनुभव हुन्छ। यहाँ चारैतिर प्राकृतिक सौन्दर्य अभिवृद्धि गर्ने सिलसिलामा भर्खर वृक्षरोपणकार्य सुरु भएको देखें। भव्य केन्द्रीय नहर निर्माण गर्ने नाममा केही अंश नहर खनी त्यसलाई त्यसै छोडी निर्माणकार्य बन्द गरिराखिएको देखें। १९-२० वर्षअघि नै बनाइसक्नुपर्ने निर्माणाधीन चक्रपथमा भर्खर ग्रेभलिङ हुन थालेको देखियो। यसरी लुम्बिनी विकासका लागि विदेशी सहयोगबाट करोडौं लगानी भैसक्ता पनि जुन रूपमा लुम्बिनीको विकास हुनुपर्ने थियो त्यो नभएको मैले प्रत्यक्ष देखें। सोचेर हेर्दा पछौटे कार्यप्रणाली र दरिद्र मानसिकताको प्रतिफलस्वरूप आजसम्म लुम्बिनीले आफ्नो चेहरा हँसिलो पार्न नसकेको यसपालिको लुम्बिनीभ्रमणमा मलाई अनुभव भयो। बेलामौकामा लुम्बिनीको बिकास भएन, विदेशीले दिएको रकम राम्ररी उपयोग भएन, गोष्ठी, चियापान र भत्तामा मात्र खर्च गर्ने गरियो, राजनीतिकरण धेरै भयो, अधिकांश कर्मचारीहरू केवल सुतेर खाइरहेका छन्, सरकार केवल दातृराष्ट्रहरूसँग पैसा हसुर्न व्यस्त छ आदिआदि भनी



Downloaded from http://www.dhamma.digital

बौद्धिक वर्गले विभिन्न पत्रपत्रिकामार्फत सचेत गराउँदागराउँदै पनि सरकार मौन छ, केही कदम चाल्दैन । कस्तो विडम्बना ! कस्तो अचाक्ली ! मजस्तो एक जना राष्ट्रप्रेमी नेपालीका लागि योभन्दा दुःख र आक्रोशको कुरा अरू के हुन सक्छ ?

### *विभिन्न राष्ट्रले बनाएका मन्दिर, विहारहरू*

यस्तैयस्तै कुराले मेरो मन गहुँगो हुँदै थियो । तैपनि लुम्बिनी घुम्ने उत्कण्ठामा केही कमी आएन । हामी लगत्तै मित्रराष्ट्रहरूले बनाइदिएका बुद्धमन्दिर वा अतिथिगृहहरू हेर्न गयौँ । जापान, कोरिया, जर्मनी, म्यानमार (बर्मा), चीन, भियतनाम, श्रीलङ्का आदिले आआफ्ना राष्ट्रिय पहिचान गर्ने खालका मन्दिरहरू राम्ररी बनाइसकेका देख्यौँ । ती सबै आआफ्नै ठाउँमा भव्य छन्, सुन्दर छन्, मनमोहक छन् । तैपनि ती सबैमध्ये चीनले निर्माण गरेको बुद्धमन्दिर भव्य भएको मैले देखेँ । जापानले निर्माण



लुम्बिनीको चीनिया मन्दिर अगाडि लेखक

गरेको मन्दिरपरिसरमा केही जापानी तरुनीहरू ज्यामीको रूपमा श्रमदानकार्य गरिरहेको देख्ता छक्क परेँ । बुद्धप्रति यी कलकलाउँदा युवतीहरूको श्रद्धाभाव देख्ता हाम्रा नानीहरूलाई पनि यहाँ ल्याएर पाठ सिकाउनुपर्ने हो कि जस्तो



Downloaded from http://www.dhamma.digital

लाग्यो । लुम्बिनीको सेराफेरोमा मलाई कस्तो लाग्यो भने मित्रराष्ट्रहरूले बनाएका सुन्दर मन्दिर, विहार, स्तूपहरूले मात्र यहाँ केही भौतिक परिवर्तन भएको देखिन्छ अन्यथा यहाँको विकासकार्यमा कुनै गतिशीलता नभएको मैले अनुभव गरें ।

*शान्तिदीप*


जाँदाजाँदा बाटैमा 'शान्तिदीप' प्रज्वलित भैरहेको देख्यौं । यतातिर 'शान्तिदीप' पनि छ भन्ने कुरा पहिले हामीलाई थाहै थिएन । गाडीलाई त्यहाँ एकछिन रोकेर हामीले त्यतातिर केहीबेर चक्कर लगायौं । हरदम ज्योति निकालिरहने त्यो शान्तिदीप हाल प्रारम्भिक अवस्थामा नै रहे पनि यसको प्रतिष्ठापन ज्यादै उपयुक्त भएको ठानें । यसले पछि भावनात्मक समन्वय कायम गर्न प्रमुख भूमिका खेल्नेछ भन्ने मैले सोचें । वास्तवमा भगवान् बुद्ध नै यस्ता अतुलनीय व्यक्ति हुनुहुन्छ जसले संसारका मानिसहरूको हृदयमा शान्ति, प्रज्ञा, करुणा, मित्रता, सहृदयता आदि प्रस्फुरण गराउन अनुपम योगदान पुऱ्याउनुभएको छ । यस्ता महामानवको जन्मभूमि लुम्बिनीमा हरदम प्रज्वलित भइरहने दीपले बुद्धको शिक्षालाई मूकभावले सङ्केत गरिरहेझैं लाग्यो ।

*गौतमी भिक्षुणी विहार*

त्यहाँबाट हामी काठमाडौंको धर्मकीर्ति महाविहारकी भिक्षुणी धम्मवतीको सक्रियतामा निर्मित 'गौतमी भिक्षुणी विहार' मा पुग्यौं । त्यहाँ एक जना अनागारिकाले हामीप्रति गरेको राम्रो सद्व्यवहार देख्ता हामीलाई मन हलुङ्गो, जीउ सन्चोको अनुभव भयो । केहीबेरसम्म त्यहाँ विहारमा आराम गऱ्यौं । त्यसपछि हामी त्यहाँबाट प्रस्थान गऱ्यौं । त्यो गौतमी विहारसँगै रहेको म्यानमारको बौद्ध स्तूप दर्शन गर्न गयौं । म्यानमारको गोल्डेन पगोडाको रूप देखाउने यो स्तूप चिटिक्क परेको मनमोहक लाग्यो । यो स्तूपकै अगाडितिर 'धम्मजननी' नामक विपश्यना ध्यानकेन्द्र देख्ता म उल्लसित भएँ । गुरु सत्यनारायण गोयन्काज्यूको अग्रसरतामा आज नेपालमा मात्र होइन किन्तु संसारका विभिन्न मुलुकमा यस्ता विपश्यना ध्यानकेन्द्रहरू



Downloaded from http://www.dhamma.digital



लुम्बिनीमा म्यानमारद्वारा निर्मित बौद्धस्तूप

धमाधम स्थापित हुँदै छन् । तदनन्तर हजारौं लाखौं मानिसहरूले विपश्यना ध्यानजस्तो अमूल्य निधिको रसास्वादनबाट मनमा शान्ति र समता तथा अनित्यबोध अनुभूत गर्दै छन् । अरूले झैं मैले पनि विपश्यना शिविरहरूमा सम्मिलित हुने मौका पाई हाल यसको दैनिक अभ्यासले आफूले आफैलाई सुकर्मको खुड्किलोतिर डोऱ्याइरहेको अनुभव गर्दैछु । २५०० वर्षअघि भगवान् बुद्धले खोजी गरी लोककल्याणका लागि सर्वसुलभ गराउनुभएको यो ध्यानको गहनता र महत्ताबारे जति बोले पनि, जति लेखे पनि कमै हुनेछन् । वस्तुतः ध्यानबारे पढेर, लेखेर वा सुनेर भन्दा स्वयं आफैले अनुभव गरेर मात्र थाहा हुने कुरा हो । लुम्बिनीको त्यो ध्यानकेन्द्रमा एक जना परिचित पुरुषसँग भेट हुँदा रमाइलो अनुभव भयो । उनको भनाइअनुसार काठमाडौंको नेपाल विपश्यना केन्द्रबाट सञ्चालित यो 'धम्मजननी' मा भर्खर एक महिनाअघिदेखि नियमित रूपमा ध्यान शिविरहरू सञ्चालन हुँदैछन् । बुद्धले प्रतिपादन गर्नुभएको विपश्यना ध्यान आज बुद्धको जन्मस्थल लुम्बिनीमा सञ्चालन भइरहेको देख्ता म जस्तो विपश्यना साधकलाई खुसी लाग्नु स्वाभाविकै हो ।

लुम्बिनीतिर विदेशी पर्यटकहरू मात्र होइन, नेपाली दर्शकहरू पनि धमाधम आइरहेका हामीले भेट्दै गयौं, देख्तै गयौं । साथै स्कूलका ठिटाठिटीहरू लुम्बिनीयात्रामा आइरहेका धेरै देख्यौं । त्यसबाट विदेशीले



Downloaded from http://www.dhamma.digital

मात्र होइन, नेपालीले पनि लुम्बिनीको महत्त्व ढिलै भए पनि बुझ्दै आएको जस्तो मलाई लाग्यो । यसरी लुम्बिनीमा करिब पाँच-छ घण्टासम्म फन्को मार्दा ठाउँठाउँमा स्वदेशी तथा विदेशी पर्यटकहरूको घुँइचो देखेर म आनन्दले विभोर भएँ ।

*विश्वशान्ति स्तूप*

त्यसपछि हामी सोझै विश्वशान्ति स्तूप दर्शन गर्न गयौं । ४१ मिटर उचाइ तथा ५९ मिटर गोलाकार रूपमा चौडाइ भएको यो निर्माणाधीन स्तूपको विशालता, सौन्दर्य र भव्यता देख्ता मैले जिब्रो काढें । दक्षिण एसियामा भएका स्तूपहरूमध्ये सबभन्दा अग्लो यो स्तूपले लुम्बिनीको



विश्वशान्ति स्तूप, लुम्बिनी

चेहरालाई हँसिलो पारिरहने कुरामा दुईमत नहुने मैले ठानें । बुद्धको गरिमा यसरी दिनप्रतिदिन बढ्दै गइरहेको देख्ता मजस्तो बुद्धप्रेमी नेपालीको हृदयमा खुसी र सन्तुष्टिका झन्कारहरू प्रस्फुटित हुनुमा के आश्चर्य छ र ?

लुम्बिनीको विकासमा विभिन्न राष्ट्र र त्यहाँका सङ्घ-संस्थाको सहभागिता ज्यादै प्रशंसनीय ठान्दछु । यही क्रममा विश्वशान्ति स्तूपका निर्माणकर्ता जापानी बौद्ध संस्था 'निप्पोनजान' हाल अग्रपङ्क्तिमा प्रस्तुत



Downloaded from http://www.dhamma.digital

भइरहेको प्रशंसनीय भन्नुपर्छ। मैले सुनेको थिएँ 'निप्पोनजान' संस्थाका संस्थापक जापानी भिक्षु निचिदात्सु फुजिले भगवान् बुद्धप्रति श्रद्धासुमनको रूपमा जापानका विभिन्न ठाउँ तथा संसारका विभिन्न मुलुकमा गरी एक सयओटा विश्वशान्ति स्तूपहरू बनाउने इच्छा राखेका रहेछन्। उनी सय वर्ष बाँची सन् १९८५ मा परलोक भए। उनको जीवितावस्थामा जापानका विभिन्न ठाउँ तथा विभिन्न मुलुक जस्तैः भारत, श्रीलङ्का, संयुक्त अधिराज्य, अस्ट्रिया, इटली र संयुक्त राज्य अमेरिकामा गरी जम्मा त्रिहत्तर ओटा विश्वशान्ति स्तूपहरू निर्माण भैसकेका रहेछन्। तर उनको सदिच्छा यत्तिकैमा सीमित भएन। उनीद्वारा स्थापित 'निप्पोनजान' संस्थाले विश्वशान्ति स्तूप निर्माण अभियानलाई निरन्तरता दिइरहेको छ। यही क्रममा भगवान् बुद्धको जन्मस्थल लुम्बिनीमा विशेष महत्त्वका साथ उनका शिष्य युताका नावातामेको अग्रसरतामा विश्वशान्ति स्तूपको निर्माणकार्य सन् १९९३ देखि सुरु भएको थियो। तर सन् १९९७ मा धर्मप्रति समर्पित युताका नावातामेको छ जना नरपिशाचहरूले हत्या गरिदिए। तैपनि यो विश्वशान्ति स्तूपको निर्माणकार्यमा कुनै शिथिलता आएन। हाल निर्माणकार्य सम्पन्न हुन लागेको यो स्तूपको चार दिशामा प्रतिष्ठापित चार आकृतिका बुद्धहरू अर्थात् बुद्धको जन्म, बोधिज्ञान लाभ, धर्म-चक्र-प्रवर्तन र निर्वाण मुद्राका मूर्तिहरू अति सुन्दर, अति मनमोहक छन् जसका लागि रु. एक करोड पचास लाख खर्च भएको रहेछ। यो विश्वशान्ति स्तूपको सम्पूर्ण लागत खर्च १० करोड रुपियाँ हुने बताइएको छ।

त्यतातिर घुमिरहँदा मलाई यो विश्वशान्ति स्तूप केवल बौद्ध स्मारकको रूपमा मात्र नभई यसले विश्वमा शान्ति, मित्रता, प्रेम, करुणा, समानताजस्ता बुद्धका कल्याणकारी सन्देशलाई फैलाउँदै पूर्वी र पश्चिमी राष्ट्रलाई एकसूत्रमा बाँध्न सघाउनेछ भन्ने लाग्यो। यस्तैयस्तै विचारका लहरहरू मेरो दिमागमा उर्लिरहेकोले म त्यस बेला त्यहाँ आनन्दले विभोर हुँदै गएँ।

### *भिक्षु नावातामेको निर्मम हत्या*

त्यसपछि हामी बौद्ध धर्मावलम्बी सबैका प्रिय दिवङ्गत जापानी भिक्षु युताका नावातामेको आवासगृह सोध्दै हेर्न गयौं। माथि भनेझैं सन्



Downloaded from http://www.dhamma.digital

१९९३ मा जापानको एउटा धार्मिक संस्था 'निप्पोनजान' र लुम्बिनी विकास कोषको सम्झौता भएअनुसार साढी वर्ष उपर्युक्त स्तूप बनाउने कार्यभार लिएर जापानी युवा भिक्षु युताका नावातामे नेपाल आई लुम्बिनीमै बस्न थाले । उनलाई देख्ने-जान्नेहरूका अनुसार उनी साह्रै असल, भलाद्मी, कम बोल्ने, लगनशील, परिश्रमी भिक्षु थिए । उनको कुशल सुपरिवेक्षणमा लुम्बिनीमा 'विश्वशान्ति स्तूप' जोडतोडले निर्माण हुँदै थियो । तर विडम्बना भनेको कुरा विचित्र हुँदो रहेछ । 'म ताक्छु मुढो बन्चरो ताक्छ घुँडो' भनेजस्तै कस्तो उत्साह र उमङ्गले बुद्धको शान्तिसन्देश विश्वमा प्रसारण गराउने हेतुले 'विश्वशान्ति स्तूप' बनाउनमा तल्लीन यी महात्माको जीवनमा एउटा यस्तो दुर्घटना हुन गयो जसबाट हामी समस्त नेपालीले विश्वसामु शिर निहुराउनुपर्‍यो ।



जापानीज भिक्षु युताका नावातामे

सन् १९९७ अर्थात् २०५४ साल आषाढ १९ गते राति ११:०० बजेतिर छ जना मानवरूपी दानव केटाहरूले पवित्र आत्माका प्रतीक ती बौद्ध भिक्षु युताका नावातामेलाई आक्रमण गरे, छुरा हाने, अन्त्यमा गोली हानी मारे । ती हत्याराहरूले पैसाका लागि हत्या गरेको देखिएन र यो हत्याकाण्डको पछाडि ठूलो गिरोह र बाह्य तत्त्वको हात रहेको आशङ्का गरिँदै छ । जे होस्, नहुनुपर्ने ठूलो गल्ती हुन गयो । बुद्धको पवित्र भूमिमा बुद्धकै अनुयायी भिक्षुको हत्या भयो । यो कुसमाचार विश्वभरि फैलियो । यसबाट बौद्ध धर्मावलम्बीहरू सबै स्तब्ध भए, उनीहरूको आत्मा रोयो । उफ ! मानिसको बुद्धिविवेक गुम भएपछि ऊ कति नीच हुँदो रहेछ तथा कसरी पशु बन्दो रहेछ भन्ने कुरा पूज्य युताका नावातामेको हत्याकाण्डबाट प्रस्ट भयो । भिक्षु युताकाको पवित्र आत्माको चिरशान्तिको कामना गर्न त्यस बेला काठमाडौँमा आयोजित मौन जुलुस र शोकसभामा मैले पनि



Downloaded from http://www.dhamma.digital

भाग लिएर उनीप्रति श्रद्धाञ्जली अर्पण गरेको थिएँ ।

लुम्बिनीभ्रमणको क्रममा जब हामी भिक्षु यताका नावाताम बस्ने गरेको एउटा सानो टहराजस्तो आश्रममा पुग्यौं, हामी सबैले मूकभावले उनीप्रति श्रद्धाभाव व्यक्त गर्‍यौं । मलाई लाग्यो, क्रुद्ध दानवको हातबाट उनको असामयिक निधन भएपछि देश-विदेशका हजारौंहजार मानिसको हृदयमा न्यानो स्थान पाएका भिक्षु यताका नावाताम लुम्बिनीमा अजर बने, अमर भए । यस्तै कुरा सोच्दै थिएँ, सम्झँदै थिएँ ।

घडीले हामीलाई ४:०० बज्न लागेको सङ्केत गर्‍यो । ५:०० बजे भैरहवा विमानस्थल पुग्नुपर्ने हुँदा लुम्बिनीभ्रमणलाई यत्तिकैमा टुङ्ग्याउनुपर्ने बाध्यता हामीलाई हुँदै थियो । त्यसैले मन नलागीनलागी लुम्बिनीबाट १८ किलोमिटर पूर्वतिर अवस्थित भैरहवा विमानस्थलतिर मोटर कुदायौं । लुम्बिनीमा फेरि आउने धोको लिँदै हामी हिंड्यौं । हाम्रो बौद्ध तीर्थयात्रा यसरी एकातिर अन्तिम चरणतिर पुग्दै थियो भने अर्कोतिर यो यात्राले हामीलाई बुद्ध र बौद्ध धर्मबारे थप जागरूक हुन प्रेरणा दिँदै थियो । अझ भनौं हाम्रो मनमा एक किसिमको नूतन ज्योति प्रस्फुरण हुँदै थियो ।

### *भैरहवा विमानस्थल*

भैरहवा विमानस्थलमा पुग्दा त्यहाँको चहलपहल देखेर म दङ्ग भएँ । अरू वेला त्यहाँ कस्तो हुन्छ त्यो त थाहा छैन तर हामी काठमाडौं फर्कने क्रममा केहीबेर त्यहाँ पर्खनुपर्दा त्यहाँको त्यो सानो विमानस्थलमा पनि विदेशी पर्यटकहरूको घुइँचो देख्ता मेरो मनमा अनेक किसिमका सकारात्मक कुराहरू खेल्न थाले । आज विश्वमा बुद्धको महिमा र आवश्यकता झन्झन् बढ्दै छ । त्यसैले बुद्धको जन्मभूमि लुम्बिनीमा पर्यटकहरूको आगमन पनि बढ्दै छ । अझ विशेष गरी दक्षिण-पूर्वी एसियाका करोडौं बौद्ध धर्मावलम्बीहरू जीवनमा एक पटक भए पनि बुद्धको जन्मभूमि लुम्बिनीको दर्शन गर्न लालायित छन् । तर हामीले लुम्बिनीमा आधुनिक सुविधाका पूर्वाधारहरू उपलब्ध गराउन सकेका छैनौं । लुम्बिनी विकासको क्रममा भैरहवा विमानस्थललाई अन्तर्राष्ट्रिय



Downloaded from http://www.dhamma.digital

विमानस्थलमा परिणत गराई लुम्बिनीमा आधुनिक मध्यमस्तरीय र उच्चस्तरीय होटलहरू राम्ररी चालू गराउन सकेमा हामीले सजिलैसँग लाखौंलाख पर्यटकहरूलाई लुम्बिनीदर्शनका लागि आकर्षित गराउन सक्छौं। यसबाट लुम्बिनीको महत्त्व मात्र बढ्ने होइन, हामीकहाँ विदेशी मुद्राको वर्षा भई यसले देशको आर्थिक स्थितिलाई दरिलो पार्न पनि यथेष्ट सघाउ पुऱ्याउनेछ। यसरी लुम्बिनी विकासले हाम्रो सामाजिक, आर्थिक तथा धार्मिक क्षेत्रमा यथेष्ट सघाउ पुऱ्याई अन्तर्राष्ट्रिय क्षेत्रमा समेत नेपाल र नेपालीको छवि उच्च रहिरहने कुरामा कुनै शङ्का छैन।

*तीर्थयात्राको समापन*

यस्तैयस्तै कुरा मनमा खेलाउँदै थिएँ, हाम्रो हवाईजहाज 'बुद्ध एअर' काठमाडौं जान तयार भएको सूचना पायौं। उत्सुकतासाथ चिटिक्क परेको सानो जहाजभित्र रमाउँदै घुस्यौं। साँझ ६:०० बजे उडेको जहाजले काठमाडौंमा हामीलाई ३५ मिनेटपछि सकुशल उतारिदियो। त्रिभुवन विमानस्थलबाट बाहिर निस्कँदा मुसलधारे वर्षाले हामीलाई स्वागत गरिरह्यो। तीर्थयात्रा गरी फर्कंदा परिरहेको पानीलाई पनि हामीले साइत जुरेको भन्दै रमाउँदै आआफ्नो घरतिर लाग्यौं र सात दिनको तीर्थयात्रापछि घरमा पस्ता आफ्नो पुरानो घर पनि नयाँ र नौलोजस्तो अनि आफै पनि बदलिएजस्तो अनुभव भयो।



Downloaded from http://www.dhamma.digital

# परिशिष्ट

यो भारत र नेपालका बौद्ध तीर्थस्थलहरूको यात्रा वर्णन मात्र नभई बौद्ध इतिहास, संस्कृति र उपदेशहरूको खजाना भने पनि हुन्छ ।

*- उद्धव उपाध्याय,* ***गोरखापत्र***

अत्यन्तै आत्मस्थ शैलीमा रचना गरिएको यो कृति बौद्धसंसारको सुसूचना र सांस्कृतिक परिचय पस्कन सक्षम छ, सफल छ र सबल छ ।

*- युवराज नयाँघरे,* ***जनभावना*** *(साप्ताहिक)*

खासगरी बुद्धसँग सम्बन्धित स्थानबारे गहन सामग्री भएकाले यसबारे अध्ययन गर्न चाहनेहरूका लागि यो निकै उपयोगी पुस्तक बनेको छ ।

*- मनोज,* ***कान्तिपुर***

बुद्धको जीवनीसँग सम्बन्धित आख्यान र संवादहरूले **बौद्ध तीर्थयात्रा**को सार्थकतासमेत यसले दिएको छ । उपर्युक्त तात्पर्यले यस ग्रन्थको महत्त्व सामान्य यात्रा संस्मरणहरूभन्दा विशिष्ट प्रकारको छ ।

*- देवीप्रसाद सुवेदी,* ***युगसंवाद*** *(साप्ताहिक)*

यात्रा निवन्धमा नेपाली साहित्यमा आफ्नै परिचय बनाइसक्नु भएका राजकर्णिकारको ऐतिहासिक ज्ञान, धर्मप्रतिको आस्था र वर्तमानको मूल्याङ्कन गर्न सक्ने खुबी पुस्तक पढेर थाहा पाउन सकिन्छ ।

*- सुमन,* ***नेपाल समाचार पत्र***

**विदेशको यात्रा : स्वदेशको सम्झना** मार्फत् दुई दशकअघि नै यात्रा-साहित्यकारका रूपमा ख्याति कमाइसकेका घनश्याम राजकर्णिकारको पछिल्लो यात्रा संस्मरण **बौद्ध तीर्थयात्रा : नालन्दादेखि लुम्बिनीसम्म** पढ्न-बुझ्न मीठो र सरल छ ।

*- राजेन्द्र दाहाल,* ***हिमाल***

Downloaded from http://www.dhamma.digital

यो पुस्तकले पाठकहरूलाई वुद्धलाई नजिकबाट चिन्ने-बुझ्ने अवसर त प्रदान गरेको छ नै, थपमा पाठकलाई नैतिक बल प्रदान गर्ने मनोवैज्ञानिक प्रेरणा पनि दिएको छ । आफूसँगसँगै पाठकहरूलाई पनि आफ्नो तीर्थयात्रामा हिँडाउन लेखक यस कृतिमार्फत् सक्षम भएका छन् ।

*- सनत सापकोटा, **जनधारणा** (साप्ताहिक)*

वुद्धसम्वन्धी सांस्कृतिक वा पुरातात्त्विक ज्ञान दिन सफल तथा अत्यन्त आकर्षक साजसज्जा एवं सान्दर्भिक तस्विरहरूसमेत समावेश गरी प्रकाशित यो कृति नेपाली यात्रासाहित्यको एक उपलब्धि हुनेमा सन्देह रहन्न ।

*- जयप्रकाश त्रिपाठी, **घटना र विचार** (साप्ताहिक)*

वुद्धका साथै बौद्ध तीर्थस्थलहरूका बारेमा जान्न चाहनेहरूका लागि प्रस्तुत पुस्तक नयाँ खुराक वन्ने कुरामा कुनै शङ्का छैन ।

*- भट्टराई, **देशान्तर** (साप्ताहिक)*

वुद्धसम्बन्धी सांस्कृतिक वा पुरातात्त्विक ज्ञान दिन सफल यो कृति नेपाली यात्रासाहित्यको एक उपलब्धि हो ।

*- मैनाली, **तरुण** (साप्ताहिक)*

यात्राका क्रममा आफू जहाँ जहाँ पुग्छन्, पाठकलाई पनि सँगै पुऱ्याउन लेखक घनश्याम राजकर्णिकार सफल छन् ।

*- वसन्त महर्जन, **स्पेसटाइम***

समुच्च अर्थमा भन्नुपर्दा घनश्याम राजकर्णिकार आफ्नो राष्ट्र, राष्ट्रियता, भाषा, संस्कृति र धर्मप्रति वफादार पहरेदार सिपाही हुन् । राजकर्णिकारको **बौद्ध तीर्थयात्रा : नालन्दादेखि लुम्बिनीसम्म**लाई नेपाली यात्रा साहित्यको महत्त्वपूर्ण उपलब्धिको रूपमा लिन सकिन्छ ।

*- राजकुमार पौडेल, **अभिव्यक्ति** (मासिक)*

Downloaded from http://www.dhamma.digital

# घनश्याम राजकर्णिकारको अक्षरछवि (Bio-Data)

| | | |
|---|---|---|
| नाम | : | घनश्याम राजकर्णिकार |
| माता-पिता | : | प्राणमाया राजकर्णिकार, कृष्णवहादुर राजकर्णिकार |
| **जन्ममिति** | : | वि.सं. १९९८ माघ, ३ |
| **शिक्षा** | : | (१) एम.ए. (अर्थशास्त्र) (वि.सं. २०२४ त्रि.वि.)<br>(२) प्रोफेशनल एजुकेशन एण्ड एडभान्स ट्रेनिङ (जर्मनी, सन् १९७२) |
| **व्यवसाय** | : | (क) २०१६ सालदेखि उद्योग (कृष्ण पाउरोटी)मा संलग्न<br>(ख) हालको पद : २०५३ सालदेखि हालसम्म अध्यक्ष तथा संचालक : कृष्ण पाउरोटी प्रा.लि. |
| **विदेश भ्रमण** | : | भारत, जर्मनी, वेलायत, हल्याण्ड, फ्रान्स, वेल्जियम, स्विट्जरल्याण्ड, जापान, थाइल्याण्ड, दक्षिण कोरिया, हङकङ, अमेरिका आदि । |
| **सदस्य प्रतिनिधि** | : | सन् १९७७ मा जापानमा नेपालवाट गएको औद्योगिक अध्ययन टोलीका सदस्य प्रतिनिधि |
| **सहभागिता** | : | विविध क्षेत्रीय तथा राष्ट्रिय गोष्ठीहरूमा कृष्ण पाउरोटी प्रा.लि.का तर्फवाट प्रतिनिधि तथा कार्यपत्रहरू प्रस्तुत । |
| **प्रथम प्रकाशित रचना** | : | मिलनको क्षण (एकाङ्की) (२०२४-३-२० को गोरखापत्र) |
| **रचना** | : | विभिन्न पत्रपत्रिकाहरूमा औद्योगिक, साहित्यिक, आर्थिक तथा सांस्कृतिक विषयका रचनाहरू प्रकाशित |
| **प्रकाशित कृति** | : | (१) केही चिन्तन : केही मन्थन (वि.सं. २०३५)<br>(२) विदेशको यात्रा : स्वदेशको सम्भना (नियात्रा, वि.सं. २०३७)<br>(३) देश प्रदेशको भ्रमण : केही संस्मरण (नियात्रा, २०४३)<br>(४) सम्भनाको लहरमा लहरिँदै जाँदा (संस्मरण, २०५५)<br>(५) पवित्र सम्भना आमाको (संस्मरण, २०५५)<br>(६) वौद्ध तीर्थयात्रा : नालन्दादेखि लुम्बिनीसम्म |

Downloaded from http://www.dhamma.digital

(नियात्रा, २०६०)

(७) अनुभूति र अभिव्यक्तिमा घनश्याम राजकर्णिकार (अन्तर्वार्ता सङ्ग्रह, २०६२)

(८) गजराज राजकर्णिकारको वंशावली (अनुसन्धान, २०६२)

(९) वुद्धज्योतिका केही रश्मि (लेख सङ्ग्रह, २०६४)

(१०) यात्रा अमेरिकाको : माया नेपालको (नियात्रा, २०६९)

**पुस्तक सम्पादन** : (१) वुद्धको सम्झना : कल्याणको कामना (लेख सङ्ग्रह, वि.सं. २०३९)

**सम्मान तथा पदक** : (१) रत्नश्री सुवर्ण पदक (२०४२)

(२) सयपत्री राष्ट्रिय सम्मान (२०५८)

(३) एकीकृत पौरख सम्मान (२०५९)

(४) राष्ट्रिय नागरिक सम्मान (२०६१)

(५) नन्दी विद्यार्थी कल्याण कोष सम्मान (२०६१)

(६) उपत्यकाव्यापी वाल कविता प्रतियोगिता सम्मान पत्र (२०६२)

(७) नागरिक समाज सम्मान (२०६१)

(८) राजकर्णिकार समाज सम्मान (२०६१)

(९) वुकफिल्ड इन्टरनेशनल कलेज कदरपत्र (२०६२)

(१०) दीपा-जनमत सम्मान (२०६३)

(११) अन्तर्राष्ट्रिय शान अवार्ड लिट्रेचर - १ (२०६५)

(१२) महाकवि देवकोटा शताब्दी सम्मान (२०६६)

(१३) दायित्व वाङ्मय सम्मान (२०६७)

(१४) धर्मविजय पदनम सम्मान (२०६७)

**विधागत योगदान** : नियात्रा र संस्मरण

**संघ/संस्थामा संलग्नता:** (क) संस्थापक : राजकर्णिकार समाज (२०५७)

(ख) संस्थापक अध्यक्ष : वौद्ध प्रवचन समाज (२०६८)

(ग) संस्थापक सदस्य : नेपाल पाउरोटी उद्योग संघ (२०४९)

(घ) संरक्षक : आखे (नेपाल भाषा साहित्यिक प्रकाशन)

(ङ) संरक्षक : जनमत साहित्यिक पत्रिका (२०४८)


Downloaded from http://www.dhamma.digital


(च) संरक्षक : जनमत प्रकाशन (२०५९)
(छ) सह-संरक्षक : सितु (नेपाल भाषा पत्रिका, (२०४३)
(ज) सह-संरक्षक : नेपाल साहित्यिक मन्दिर (साहित्यिक संस्था, २०५२)
(झ) सल्लाहकार : कमलपोखरी टोल सुधार समिति (२०४७)

**आजीवन सदस्य** : (१) सोसाइटी अफ इण्डियन बेकर्स, न्यु दिल्ली, भारत (सन् १९७८)
(२) एसोसियसन अफ बेकरी इण्डष्ट्रिज, मुम्बई, भारत (सन् १९९८)
(३) साहित्यिक पत्रकार संघ (२०४१)
(४) नेपाल बाल साहित्य संघ (२०४४)
(५) सिर्जनशील साहित्यिक समाज (२०४४)
(६) सुनकोसी साहित्य प्रतिष्ठान (२०५०)
(७) नेपाल रेडक्रस सोसाइटी (२०५१ देखि)
(८) धर्मकीर्ति (बौद्ध प्रकाशन) (२०५१)
(९) गीता समुदाय प्रकाशन संस्था (२०५२)
(१०) सुनसरी साहित्य प्रतिष्ठान (२०५३)
(११) धर्मोदय सभा (२०५३)
(१२) सिस्नुपानी नेपाल (२०५९)

**सदस्य** : (१) व्यवस्थापन सदस्य : नन्दी माध्यमिक विद्यालय, नक्साल तथा नन्दी रात्री माध्यमिक विद्यालय, नक्सालमा वि.सं. २०५० देखि २०५२ सम्म
(२) ट्रष्टि सदस्य, नेपाल विपश्यना केन्द्र, धर्मशृङ्ग बूढानीलकण्ठमा, वि.सं. २०५९-२०६०
(३) कार्यकारिणी सदस्य, पेन नेपाल, वि.सं. २०७०

Downloaded from http://www.dhamma.digital





सर्वोच्च शिखर सगरमाथा, आदर्शनारी सीता र भगवान् बुद्धलाई पाएर नेपाल धन्य भएको छ । बुद्धलाई हामीले मात्रै होइन विश्वले नै श्रद्धा र आस्थाका रूपमा मान्ने गरेको छ । मुख्यतः नेपालमा जन्मेर विश्वमा फैलिएका भगवान् बुद्ध सम्बन्धी तथ्य नजिकबाट जानौँ र बुझौँ भन्ने चाहना मेरो हिजो पनि थियो, आज पनि छ र भोलि पनि रहिरहने छ । यही चाहनाको प्रस्थान बिन्दुको उपज बनेर यो नियात्रा सङ्ग्रह 'बौद्ध तीर्थयात्रा : नालन्दादेखि लुम्बिनीसम्म' पुस्तकाकार रूप ग्रहण गरेर आएको छ । यहाँ मैले नियात्राका क्रममा प्राप्त भएका बुद्धधर्म र दर्शन सम्बन्धी महत्त्वपूर्ण सामग्री ठाउँठाउँमा प्रस्तुत गरेको छु । भगवान् बुद्धले जन्म नेपालमा लिनुभएको हो र उहाँले बुद्धत्व भारतमा प्राप्त गर्नुभएको हो । उहाँको व्यक्तित्त्व नेपाल र भारतमा बाँडिएको छ । तसर्थ यो नियात्रा सङ्ग्रह नेपाल र भारतलाई जोड्ने उल्लेखनीय सेतु बनेको छ भन्ने मैले ठानेको छु । विगतमा जस्तै पाठकका माझमा यसले सुदामाको कनिकाको माया पाउन सक्यो भने म आफूलाई धन्य सम्झने छु।

**– घनश्याम राजकर्णिकार**

ISBN 99933-657-8-5

9 789993 365785

Downloaded from http://www.dhamma.digital